## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## उत्तरगया गाउँपालिका

### रसुवा




**महालेखापरीक्षकको कार्यालय**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## उत्तरगया गाउँपालिका

### रसुवा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## उत्तरगया गाउँपालिका

रसुवा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।०८
च.नं. १२९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
उत्तरगया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रसुवा ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड ४२ लाख २३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १६ लाख ९५ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४० लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १७ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु ६६ लाख ९८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड ३८ लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड ४८ लाख ८२ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. पालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

उत्तरगया गाउँपालिका, रसुवा

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १०८ | ६९ | ३४२२३ | ० | ४ | १६९५ | १०८ | ६५ | ३२५२९ | ४०६३ | ६६९८ | २१७६८ | ० | ० | ३२५२९ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ९० | आमाबाबुविहिन बालबालिकाको प्रमाण पेश गरेको। | १२० |
| २ | १४७ | सेनिटरी प्याड वितरण र मेशिन सुचारूको प्रमाण पेश गरेको। | ५७५ |
| ३ | १५० | मिनिटिलर वितरणको प्रमाण पेश गरेको। | ७८८ |
| ४ | १५७ | पेश्की फर्छ्यौट भएको। | २१२ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उत्तरगया गाउँपालिका रसुवा | २३८४३ | ० | १४९० | २२३५३ | ० | ३२५२९ | ५४८८२ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : उत्तरगया गाउँपालिका, रसुवा , उत्तरगया गाउँपालिका , रसुवा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Netramani Neupane | २०७८-४-१ | २०७९-३-३२ |
| कार्यालय प्रमुख | Dipak Prasad Adhikari | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Rupchandra Adhikari | २०७८-१२-२८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३२,५२८,६३५.५३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४,१६,३८,५२९.५२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २१,४०,८०,३४० | **चालु खर्च** | १९,२१,७०,०४७.३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३६,७८,६१४.५१ | **पूँजीगत खर्च** | ११,२५,२३,७८४.१ |
| **राजश्व बाँडफाँट** | ४,९६,७४,६९४.७ | **वित्तीय/अन्य व्यवस्था** | १,८८,३०७ |
| **आन्तरिक आय** | १,२३,१४,८२९.२७ | | |
| **अन्य आय** | ८,५८,२०४ | | |
| **कुल आय** | ३०,०६,०६,६८२.४८ | **कुल खर्च** | ३०,४८,८२,१३८.४ |
| **बाँकी मौज्दात** | | ३,७३,६३,०७३.६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षण<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०६।१३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस उत्तरगया गाँउपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १०४.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ८२५५ जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा दोहोरो भ्रमण भत्ता वापत रु ९५००।०० असुल भई दाखिला भएको भौचर पेश भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आय व्यय विवरण<br><br>पालिकाको आर्थिक वर्ष २०७८।७९ को आय व्यय विवरण म.ले.प. फा.नं. २७२ अनुसारको प्राप्ति भुक्तानी हिसाब देहायअनुसारको पेश भएको छ ।<br><br>
<table>
<tr><td colspan="6">उत्तरगया गाउँपालिका</td></tr>
<tr><td colspan="6">आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="3">यस वर्ष रु.</td><td>गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td><td>जम्मा</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ३३,६३,०५,४४३.२८ | ३०,०६,०६,६८२.४६ | ३०,१९,३८,०१८.४६ | ३१,२९,१०,७२३.३० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३३,४९,७४,१०७.२८ | २९,९७,४८,४७८.४६ | २९,९७,४८,४७८.४६ | ३०,८६,२०,०१८.३२ |
| ११००० कर | ११ | ५,५६,४२,१०७.२८ | ४,९६,७४,६९४.७० | ४,९६,७४,६९४.७० | ४,२५,८७,६२०.१५ |
| १३००० अनुदान | | २७,२८,८७,०००.०० | २३,७७,५८,९५४.४९ | २३,७७,५८,९५४.४९ | २६,०९,९६,५४०.०० |
| संघीय सरकार | १२ | २४,७६,५२,०००.०० | २१,४०,८०,३३९.९८ | २१,४०,८०,३३९.९८ | २२,८७,४३,५४०.०० |
| प्रदेश सरकार | १२ | २,५२,३५,०००.०० | २,३६,७८,६१४.५१ | २,३६,७८,६१४.५१ | ३,२२,५३,०००.०० |
| १४००० अन्य राजस्व | | ६४,२०,०००.०० | १,२२,६६,०३९.२७ | १,२२,६६,०३९.२७ | ५०,२३,३०८.१७ |
| १५००० विविध प्राप्ति | | २५,०००.०० | ४८,७९०.०० | ४८,७९०.०० | १२,५५०.०० |
| ख. अन्य प्राप्ति | | १३,३१,३३६.०० | ८,५८,२०४.०० | २१,८९,५४०.०० | ४२,९०,७०४.९८ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १३,३१,३३६.०० | ० | १३,३१,३३६.०० | २७,५३,७१५.०० |
| धरौटी | | ० | ८,५८,२०४.०० | ८,५८,२०४.०० | १५,३६,९८९.९८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ३७,५०,०५,३९४.८० | ३०,४८,८२,१३८.३८ | ३०,४८,८२,१३८.३८ | २५,८२,७२,३७३.४२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३७,३६,७४,०५८.८० | ३०,४६,९३,८३१.३८ | ३०,४६,९३,८३१.३८ | २५,५७,०६,५१३.४४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,७४,४४,१०६.२८ | १०,१९,६२,९२९.२८ | १०,१९,६२,९२९.२८ | ९,७३,००,२०७.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,५८,८५,९५४.५२ | ६,८३,२८,०९५.९८ | ६,८३,२८,०९५.९८ | ६,२२,१९,७०३.४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | २६,००,०००.०० | १९,९०,०००.०० | १९,९०,०००.०० | ६,२०,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,८२,३७,९९९.०० | १,६२,७६,२२७.९४ | १,६२,७६,२२७.९४ | १,७६,२१,७५३.०० |
| २८००० अन्य खर्च | १८ | ३९,९९,९९९.०० | ३६,१२,७९४.०६ | ३६,१२,७९४.०६ | १८,५७,८००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १३,५५,०६,०००.०० | ११,२५,२३,७८४.१२ | ११,२५,२३,७८४.१२ | ७,६०,८७,०५०.०० |
| घ. अन्य भूक्तानी | | १३,३१,३३६.०० | १,८८,३०७.०० | १,८८,३०७.०० | २५,८२,७२,३७३.४२ |
| कोषहरु | | १३,३१,३३६.०० | ० | ० | १५,१८,५५२.०० |
| धरौटी | | ० | १,८८,३०७.०० | १,८८,३०७.०० | १०,४७,३०७.९८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (३,८६,९९,९५१.५२) | (४२,७५,४५५.९२) | (२९,४४,११९.९२) | ५,४६,३८,३४९.८८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,१६,३८,५२९.५२ | ४,१६,३८,५२९.५२ | २,५२,७०,९५७.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३,८६,९९,९५१.५२) | ३,७३,६३,०७३.६० | ३,८६,९४,४०९.६० | ७,९९,०९,३०६.८८ |
| बैंक तथा नगद बाकी | २४ | | ३,७३,६३,०७३.६० | ३,७३,६३,०७३.६० | ४,१४,९५,१००.१८ |

५

**आर्थिक कारोवारको स्थिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष ०७८/७९ को एकीकृत आय-व्यय हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छ:-

| सि.नं | आयतर्फ | रकम | सि.नं | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | ३८,६९९,९५१.५२ | १ | चालु खर्च | १९२,१७०,०४७.२६ |
| | क_ नगद | - | २ | पूँजीगत खर्च | ११२,५२३,७८४.१२ |
| | ख_ बैंक | ३८,६९९,९५१.५२ | ३ | अन्तर सरकारी वित्तिय हस्ताण्तरण बाट खर्च | ५७,५३०,२८४.०० |
| २ | राजस्व -आन्तरिक आय_ | ६१,९८९,५२३.९७ | | क) सामाजिक सुरक्षा | ४३,०१६,७८४.०० |
| | क_ आन्तरिकराजस्व | ४,६१७,००४.४० | | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | २१४,०००.०० |
| | ख_ राजस्व बाँडफाँड | ५७,३७२,५१९.५७ | | ग) भौतिक पूर्वाधार मन्त्रालय (प्रदेश) | ६,०९०,०००.०० |
| | ग_ अन्य आय | - | | घ) प्रदेश पूर्वाधार, स्वास्थ्य तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ८,२०९,५००.०० |
| ३ | संघिय सरकारवाट प्राप्त अनुदान | २४२,६५२,०००.०० | ४ | वित्तिय व्यवस्था भुक्तानी | |
| | क_ वित्तियसमानीकरण अनुदान | ८१,९००,०००.०० | | क_ ऋण भुक्तानी | - |
| | ख_ सशर्त अनुदान | १५०,३५२,०००.०० | | ख_ ब्याज भुक्तानी | - |
| | ग_ समपूरक अनुदान | - | | ग_ अन्य भुक्तानी | - |
| | घ_ विशेष अनुदान | १०,४००,०००.०० | ५ | लगानी | - |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | २५,२३५,०००.०० | | ऋण लगानी | - |
| | क_ वित्तियसमानीकरण अनुदान | ६,५१६,०००.०० | | शेयर लगानी | - |
| | ख_ सशर्त अनुदान | १३,५१९,०००.०० | | अन्य लगानी | - |
| | ग_ समपुरक अनुदान | - | ६ | धरौटी फिर्ता | १८८,३०७.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ_ विशेष अनुदान | ५,२००,०००.०० | ७ | जनश्रमदान फिर्ता | - |
| ५ | अन्तर सरकारी वित्तिय हस्ताण्तरण | ५७,५३०,२८४.०० | ८ | कोष फिर्ता | - |
| | क) सामाजिक सुरक्षा | ४३,०१६,७८४.०० | ९ | शसर्त अनुदान फिर्ता | ३०,१२८,०४५.५१ |
| | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | २१४,०००.०० | | क) संघ | २८,५७१,६६०.०२ |
| | ग) भौतिक पूर्वाधार मन्त्रालय (प्रदेश) | ६,०९०,०००.०० | | ख) प्रदेश | १,५५६,३८५.४९ |
| | घ) प्रदेश पूर्वाधार, स्वास्थ्य तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ८,२०९,५००.०० | १० | मौज्दात | ३,७३,८२,५१३.६० |
| ६ | अन्य | - | | क_ बैंक मौज्दात | ३३,७७४,०३८.६० |
| | क_ क्षेत्रीय शहरी विकास योजना | - | ११ | ख_ नगद मौज्दात | - |
| | ख_ सडक बोर्ड नेपाल | - | १२ | जनश्रमदान मौज्दात | - |
| | ग_ पर्यटन बोर्ड नेपाल | - | १३ | धरौट मौज्दात | २,२७७,१३९.०० |
| | घ_ एन एन एस डब्लु ए | - | १४ | कोष खाताको मौज्दात | १,३३१,३३६.०० |
| ७ | विभिन्न कोष तर्फको आय | १,३३१,३३६.०० | | क) प्रकोप व्यवस्थापन कोष | ८१०,१६३.०० |
| | क) प्रकोप व्यवस्थापन कोष | ८१०,१६३.०० | | ख) लैङ्गिक हिंसा निवारण कोष | १००,०००.०० |
| | ख) लैङ्गिक हिंसा निवारण कोष | १००,०००.०० | | ग) आपतकालिन बाल उद्वार कोष | ३००,०००.०० |
| | ग) आपतकालिन बाल उद्वार कोष | ३००,०००.०० | | घ) विविध कोष | १२१,१७३.०० |
| | घ) विविध कोष | १२१,१७३.०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | जनसहभागिता -नगद_ | - | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | - | | | |
| १० | धरौटी आय | २,४६५,४४६.०० | | | |
| ११ | लगानीको साँवा फिर्ता | - | | | |
| १२ | अन्य विविध आय | - | | | |
| १३ | नसाटियको चेकको रकम | १९,४४०.०० | | | |
| जम्मा | | ४२९,९२२,९८१.४९ | जम्मा | | ४२९,९२२,९८१.४९ |

६

**बैक हिसाब मिलान**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेकोले निम्नानुसार फरक पर्न गएकोमा १५ दिन चेक साट्ने अवधि रहने हुँदा स्रेस्ता र बैंकको अन्तिम मौज्दातको फरक विवरण प्राप्त भएको छ। उक्त मध्ये रु १९४४०।०० नसाटिएको र २०७९।८० मा आम्दानी बाँधिएको छ।सटहि हुन बाँकी चेक यो वर्षको आम्दानीमा जनाउनु पर्दछ।

| खाताको नाम | श्रेस्ता अनुसार ७९।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार ७९।३।३१ को बाँकी | km/s | फरक हुनुको कारण |
|---|---|---|---|---|
| सञ्चित कोष खाता उत्तरगया | ३३,७५४,५९८.६० | ३३,७५४,५९८.५३ | -०.०७ | राउण्ड फिगर |
| चालु खर्च खाता उत्तरगया बिजोर बर्ष | - | २,८७७,१३०.८८ | २,८७७,१३०.८८ | जारी भएका चेकहरु सटहि हुन बाँकि |
| पूँजीगत खर्च खाता उत्तरगया बिजोर बर्ष | - | १४,४४०,०२५.६१ | १४,४४०,०२५.६१ | जारी भएका चेकहरु सटहि हुन बाँकि |
| धरौटि खाता उत्तरगया | २,२७७,१३९.०० | २,४६५,४४६.०० | १८८,३०७.०० | जारी भएको चेक सटहि हुन बाँकि |

| | | | | |
|---|---|---|---|---|
| | | | विविध कोष खाता उत्तरगया \| ४००,०००.०० \| ४००,०००.०० \| - \|<br>प्रकोप व्यवस्थापन कोष खाता उत्तरगया \| ८१०,१६३.०० \| ८१०,१६३.०० \| - \|<br>विविध खर्च खाता उत्तरगया \| १२१,१७३.०० \| १२१,१७३.०० \| - \| | |
| ७ | | | **अनुदान फिर्ता**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा दहाय अनुसार फिर्ता गरेको छ। | |
| ८ | | | **गत वर्षको जिम्मेवारी** | |

| | | | | |
|---|---|---|---|---|
| विविध कोष खाता उत्तरगया | ४००,०००.०० | ४००,०००.०० | - | |
| प्रकोप व्यवस्थापन कोष खाता उत्तरगया | ८१०,१६३.०० | ८१०,१६३.०० | - | |
| विविध खर्च खाता उत्तरगया | १२१,१७३.०० | १२१,१७३.०० | - | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १५०,३५२,०००.०० | १२६,३३१,०१७.७१ | २४,०२०,९८२.२९ | - |
| | विशेष | १०,४००,०००.०० | ५,८४९,३२२.२७ | ४,५५०,६७७.७३ | - |
| | समपुरक | - | - | - | - |
| | अन्य | - | - | - | - |
| प्रदेश सरकार | शसर्त | १३५१९००० | १२५००६३१.३१ | १०१८३६८.६९ | - |
| | विशेष | ५२००००० | ४६६१९८३.२ | ५३८०१६.८ | - |
| | समपुरक | - | - | - | - |
| | अन्य | - | - | - | - |
| | जम्मा | १७९,४७१,०००.०० | १४९,३४२,९५४.४९ | ३०,१२८,०४५.५१ | - |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाको २०७७/७९ को लेखापरीक्षण प्रतिवेदन र सुत्रको प्राप्ति भुक्तानी हिसाबमा रु ७,९८,८४,३०६।८८ बाँकी मौज्दात देखिएकोमा यस वर्षको सुत्रको प्राप्ति भुक्तानी हिसाबमा गत वर्षको जिम्मेवारी रु ४१६३८५२९।५२ मात्र गरेको देखिएकोले रु ३८२४५७७७।३६ फरक जिम्मेवारी सारेको सम्बन्धमा देहायअनुसार हिसाब विवरण पेश भएको छ।<br><br>व्यहोरा \| रकम<br>आ ब २०७७/७८ मा संघीय र प्रदेश अनुदान फिर्ता रकम रु \| ३८,५०३,१०६.७०<br>राजस्व खाता र सन्चित कोष खाताको अन्तर रु \| -१३८,९००.००<br>स्थानीय तह विविध खर्च खातामा दोहोरो देखिन गएको मौज्दात रु \| -१२१,१७३.००<br>आ ब २०७७/७८ मा नसाटिएको चेकको रकम रु \| -२२,२५६.३४<br>फरक परेको जम्मा रकमको पुष्ट्याई रु \| ३८,२२०,७७७.३६<br>फरक परेको रकम \| ३८२४५७७७.३६<br>बाँकी फरक रु \| २५०००<br><br>उपरोक्त हिसाब विवरण अनुसार रु २५०००।०० फरक परेको सम्बन्धमा थप प्रमाण पेश हुनु पर्दछ। लेखापरीक्षण प्रतिवेदनमा भएको सुत्रको प्राप्ती भुक्तानी हिसाबमा रु ७,९८,८४,३०६।८८ रहेकोमा हाल पेश भएको सुत्रको प्राप्ती भुक्तानी हिसाबमा रु ७९८५९३०६।८८ मौज्दात रहेकोले फरक रु २५०००।०० देखिएको छ।यसरी सुत्र प्रणालीले फरक फरक अंक देखाएकोमा प्रणाली उपर विश्वस्त हुने अवस्था छैन। | |
| ९ | | | **अनूसूची २४**<br><br>पालिकाको सुत्रको मलेप फारम २७२ बाट बैंक तथा नगद बाँकी सम्बन्धी देहाय अनुसारको विवरण प्राप्त भएको छ।<br><br>अनुसूची २४ बैंक तथा नगद बाकी<br>यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छः<br>बैंकको नाम \| खाता नं \| खाताको प्रकार \| खाता अनुसार बाँकी रु \| बैंक अनुसार बाँकी रु<br>हिमालयन बैंक लि. \| ४४०७७४१२८००१९ \| ग १.१, आन्तरिक राजस्व खाता \| ० \| ० | |

| | | | | |
|---|---|---|---|---|
| हिमालयन बैंक लि. | ४४०७७४१२८००२३ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००२४ | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००१२ | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ० | १९,४४०.०० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००१३ | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००१७ | ग २.७, विविध खर्च खाता | १,२१,१७३.०० | १,२१,१७३.०० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००१४ | ग ३.१, स्थानीय तह धरौटी खाता | २२,७७,१३९.०० | २२,७७,१३९.०० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००११ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३,३७,५४,५९८.६० | ३,३७,५४,५९८.६० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००१५ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ४,००,०००.०० | ४,००,०००.०० |
| हिमालयन बैंक लि. | ४४०७७४१२८००१६ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८,१०,१६३.०० | ८,१०,१६३.०० |
| जम्मा | | | ३,७३,६३,०७३.६० | ३,७३,८२,५१३.६० |

१०

**वित्तिय विवरण**

वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। • यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। • मन्त्रालयगत वजेट सूचना प्रणालीमा र प्रदेश मन्त्रालयगत वजेट सूचना प्रणालीमा पहुँच

नदिएको कारण वउशिन अनुसारको आर्थिक विवरण तयार भएको छैन । • सुत्रको बउशिनं र मन्त्रालयगत वजेट सूचना प्रणालीमा र प्रदेश मन्त्रालयगत वजेट सूचना प्रणालीको बउशिनं विच एकरुपता नदेखिएको कारण तहगत सरकार अनुसारको वजेट खर्च भिडान गर्न नसकिएको । • त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । स्थानीय सञ्चित कोष प्रणालीको प्राप्ती भुक्तानी हिसाब (२७२) मा संघीय र प्रदेश सरकारबाट अन्य कार्यक्रम हस्तान्तरण भएका देहायको कार्यक्रम खर्च समावेश गरेको पाईएन ।

| सि नं | हस्तान्तरित कार्यक्रम | बजेट रु | खर्च रु |
|---|---|---|---|
| | **संघीय सरकारबाट हस्तान्तरित** | | |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ४३०१६७८४ | ४३०१६७८४ |
| २ | गरिबसंग विश्वेश्वर | ४६४००० | २१४००० |
| | **प्रदेश सरकारबाट हस्तान्तरित** | | |
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७४३७००० | ६०९०००० |
| २ | पर्यटन प्रबर्द्धन तथा पूर्बाधार विकास कार्यक्रम | ८२०९५०० | ८२०९५०० |

**स्थानीय सञ्चित कोषको आय व्यवस्था :**

महालेखा नियन्त्रक कार्यालयको च नं. १।०७६।४।१ को परिपत्र अनुसार म ले प फारमको प्रयोग गर्नुपर्ने व्यवस्था छ । परिपत्रको आंशिक पालना गरेको पाईयो । राजश्वको दैनिक गोश्वारा खाता र करदाता लगत अद्यावधिक गरी राजश्व लेखा पूर्ण पारदर्शी र यथार्थ बनाउन पर्दछ । स्थानीय तहले पालिका आय श्रोतको अभिलेख अद्यावधिक राखी आय ठेक्का व्यवस्थापन गर्नुपर्नेमा सो अवस्था नखुलाएकोले राजश्व एकिन हुने अवस्था रहेन । प्राप्ती र भुक्तानीको अनुसूचि २५ उल्लेख नगरेबाट यो विवरणले यथार्थ चित्रण गरेको छैन । आय ठेक्का सम्बन्धमा विवरण पेश भएको छैन ।

११ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि र पशु, तथा विभिन्न सहकारी संस्थालाई बीउ पूँजी तथा अनुदानमा खर्च लेखको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा गाउँपालिकाले स्थानीय अनुदान नीति तय गरेको देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । केही उदाहरण निम् छन:

| सि नं | अनुदान विवरण | रकम रु |
|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण कार्यक्रम | ७,८७,५०० |
| २ | आलु बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | १२००००० |
| ३ | दुध तथा दुग्ध पदार्थ उत्पादन तथा विविधिकरण गर्न समुह सहकारी तथा डेरी उद्योग खरिदमा ५० प्रतिशत अनुदान १ | १५०००० |

| | | |
|---|---|---|
| ४ | प्रजनन योग्य राँगा वितरण ५० प्रतिशत अनुदान | ३७५००० |
| ५ | दुधालु पशु विमा कार्यक्रम कृषकले तिर्नुपर्ने प्रिमियमको ७५ प्रतिशत अनुदान | ४५०९८४ |
| ६ | प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | १०००००० |
| | | ३९६३४८४ |

१२

**आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- भ्रमण अभिलेख किताव नराखेको जसले गर्दा कर्मचारी तथा पदाधिकारी कुन समयमा भ्रमणमा गएको भनि छनौटको आधारमा परिक्षण गर्दा यकिन हुन सकिएन ।

- सवारी लगवुक नराखेकोले ईन्धन खर्चको उपयोग सम्बन्धमा एकिन गर्न सकिएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्ने मा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

**सूचना प्रविधी पद्धति** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ । • कार्यालयको आफनो पहुच भन्दा बाहिरको निकायको पहुच रहेको ।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन। <br><br> • कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृत आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नुपर्ने अवस्था रहेको। <br><br> • समग्र कारोवार एउटै सफ्टवयरबाट नभएको कारण नगरपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ। <br><br> **भुक्तानी पद्धति** <br><br> • भुक्तानी गर्दा सम्बन्धित पार्टीलाई नै चेक वा खातामा भुक्तानी गर्नुपर्ने मा सो अनुसार नगरेको र वडा अध्यक्षको नाममा समेत भुक्तानी दिएको, पालिकाले करार तथा अस्थायी कर्मचारीहरुको नाममा पेश्की दिने गरेको, एउटै कर्मचारीलाई सम्बन्धित कार्यक्रम भन्दा बाहेकको कार्यमा समेत पटक पटक सोधभर्ना भुक्तानी दिएको पाईयो। यस तर्फ पालिकाले नियन्त्रण गर्न आवश्यक देखिएको छ। पालिकाले भुक्तानी पद्धतिमा सुधार गर्नुपर्ने देखिन्छ। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १३ | | | **बजेट पेश, पारित र अख्तियारी** <br><br> स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८।०३।१० गते रु ३४ करोड ३७ लाख २२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३ ।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| १४ | | | **बार्षिक खरिद योजना/गुरुयोजना** <br><br> सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| १५ | | | **अवण्डा बजेट** <br><br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष अध्यक्ष तथा उपाध्याक्ष कोष भनी तोकादेशका आधारमा खर्च गर्ने गरी रु ५५ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ। पालिकाले निर्मित पूर्वाधारहरु तथा संरचनाहरु मर्मत गर्न मर्मत सम्भार कोष स्थापना गर्न सक्ने व्यवस्था छ। उक्त कोषबाट सम्बन्धित पालिका अन्तर्गतको पूर्वाधारहरु मर्मत गर्न सक्ने र योजना हस्तान्तरण भइसकेको अवस्थामा सम्बन्धित उपभोक्ता समितिलाई नै जिम्मेवार बनाई मर्मत खर्च घटाउनु पर्नेमा बजेटमा एकमुष्ट बजेट बिनियोजन गरी योजना नखुलाई मर्मत सम्भार कोष भनी विभिन्न योजनामा देहाय अनुसार ७ वटा कोष खडा गरी बजेट खर्च गरेको उपयुक्त देखिएन। यस्तो कृयाकलाप नियन्त्रण हुनु पर्दछ। | |

| मर्मतसम्भार कोष | बजेट | खर्च |
|---|---|---|
| मर्मतसम्भार विशेष कोष अध्यक्ष | २०००००० | १९६१६५५ |
| मर्मतसम्भार विशेष कोष उपध्यक्ष | १०००००० | ९२४८८५ |
| मर्मतसम्भार विशेष कोष १ नं. वडा अध्यक्ष | ५००००० | ३७८००० |
| मर्मतसम्भार विशेष कोष २ नं. वडा अध्यक्ष | ५००००० | ४६७२४२ |
| मर्मतसम्भार विशेष कोष ३ नं. वडा अध्यक्ष | ५००००० | ४४७००० |
| मर्मतसम्भार विशेष कोष ४ नं. वडा अध्यक्ष | ५००००० | २८९९१५ |
| मर्मतसम्भार विशेष कोष ५ नं. वडा अध्यक्ष | ५००००० | ३७५००० |
| जम्मा | ५५००००० | ४८४३६९ |

१६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१७ **वडा सचिवको पदपुर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ५ | ५ | ४ | १ |

१८ **चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्च तर्फ | १९२,१७०,०४७.२६ | ४१,८३६,२४५.४८ | ४५,८५६,४९३.९५ | १०४,४७७,३०७.८३ | ५१,६५६,४९६.०४ |
| पूँजिगत खर्च तर्फ | ११२,५२३,७८४.१२ | - | ४५,०४१,३३४.४१ | ६७,४८२,४४९.७१ | ३३,७७९,०४२.४४ |
| जम्मा | ३०४,६९३,८३१.३८ | ४१,८३६,२४५.४८ | ९०,८९७,८२८.३६ | १७१,९५९,७५७.५४ | ८५,४३५,५३८.४८ |
| प्रतिशत | ८१.५४ | १३.७३ | २९.८३ | ५६.४४ | २८.०४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३०४६९३८३१।०० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ४१,८३६,२४५.४८ अर्थात १३.७३ प्रतिशत, दोश्रो चौमासिकमा रु.९०,८९७,८२८.३६ अर्थात.२९.८३ प्रतिशत र तेश्रो चौमासिकमा रु १७१,९५९,७५७.५४ अर्थात ५६.४४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८५,४३५,५३८.४८अर्थात.२८.०४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१९

**कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ३ वटा नियमावली, २८ कार्यविधि लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु २८ वटा राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२०

**नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ३ वटा नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.२५४७५६।०० अनुदान उपलब्ध गराएकोमा उपरोक्त बमोजिम सेबा प्रबाह हुने निश्चित छैन । यसरी सार्वजनिक खर्चबाट निजिक्षेत्रको लाभ पुराउने गरि कृयाकलाप सन्चालन गरेको उपयुक्त दखिएन ।

| भौनं।मिति | सस्थांको नाम | सामाग्री | रकम |
|---|---|---|---|
| २०६।७८।१२।३० | कालिका बहुउद्देश्य सहकारी संस्था लि | प्लास्टिक कुर्सी | ९९७६७ |

| | | | |
|---|---|---|---|
| २०७।७९।१।२ | मध्यवर्ती संरक्षण वचत तथा ऋण सहकारी | wall calendar | ५५००० |
| २४२।७९।१।२१ | भलाय डाँडा युवा समाजलाई भुक्तानी सामाग्री | टेन्ट र भाडाकुडा सामाग्री | ९९९८९ |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

२१

**न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकि २ र यो बर्ष थप भएको १९ गरी कुल २१ विवाद दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२२

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | - | - | - |
| घरजग्गा वहाल कर | २२०,०००.०० | ३९१,००५.५८ | १७७.७३ |
| व्यवसाय कर | ३०,०००.०० | १३०,९००.०० | ४३६.३३ |
| वहाल विरौटी शुल्क | - | - | - |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२३

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले

आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २०३,३२०,३७१.४१ | ४,६१७,००४.४० | २.२७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२४

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.५२६७००।००, बजेटबाट खर्च गरेको छ।

| सवारी साधन | खरिद संख्या | मुल्य | खरिद मिति | प्रयोग गर्नेको नाम पद | कैफियत |
|---|---|---|---|---|---|
| मोटरसाईकल | २ | ५२६७०० | २०७८.०८.१३/२०७८.१०.२६ | नेत्रमणी न्यौपाने÷ रवीन्द्र कुमार ठकुरी | - |

२५

**महोत्सव तथा अन्य खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर गाउँपालिकाले यस वर्ष कुल ३ वटा उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.१५००००।०० खर्च गरेको छ।

| भौ नं।मिति | पर्व तथा महोत्सव | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २७९।७८।११।१० | तामाङ समुदायको ल्होसार पर्व | सन्तोष गुरुङ | ५०००० |
| ३१८।७८।११।३० | गुरुङ तामाङ समुदाय ल्होसार पर्व | सरोज घले | ५०००० |
| ३७०।७८।१२।२५ | गुरुङ समुदाय ल्होसार पर्व | इन्द्रदेवि सामुदायिक संस्था | ५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | १५०००० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२८००००।०० आर्थिक सहायता वितरण गरेका छन् । कार्यविधि र मापदण्डवेगर आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २७ | | | **वित्तरणमुखी कार्य**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा वित्तरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च हुनुपर्ने व्यवस्था छ । त्यसै गरी पालिकाले वार्षिक कार्यक्रम अनुसार तय गरेका कार्यक्रमहरुको लागि आर्थिक वर्षको शुरु मै आवश्यक्ता पहिचान माग तथा प्रस्तावको आधारमा पालिकाबाट व्यक्ति तथा संस्था छनौट तथा निर्णय गरी समय मै वितरण गर्नुपर्ने मा सो नगरी अन्तिम चौमासिकमा बजेट खर्च गर्ने प्रयोजनको लागि समेत वित्तरणमुखी कार्य गरेको देखिन्छ ।पूँजि सृजना नहुने खालका कार्यहरुलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । देहायअनुसारका वितरणमुखी कार्यहरु गरेको केही उदाहरणहरु निम्नानुसार छन । | |

| भौ न | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ५७।०७८।११।९ | ११ सिलाई मेसिन रु १७०० का दरले | १८७००९ | |
| १५३।०७९।३।२० | १६ वटा ५०० लिटर ट्यांकी रु ५७५० का दरले १६ जनालाई वितरण | ९२००० | असारमा वितरण |
| १९४।०७९।। | १० बन्डल जस्ता पाता रु १४००० का दरले १० जनालाई वितरण | १४०००० | असारमा वितरण |
| | १६ वटा ५०० लिटर ट्यांकी रु ५७५० का दरले १६ जनालाई वितरण | ९२००० | असारमा वितरण |
| २२।०७९।३।२२ | ५०० थान गिरिराज कुखुरा ५९ बोरा दान | २६५००० | असारमा वितरण |
| | लक्षित वर्ग सहयोग कार्यक्रम | ३,०५,००० | जिन्सी सहायता |
| | मिरमिरे आमा समुहलाई जिन्सी सहायता | १,००,००० | जिन्सी सहायता |
| | नवज्योति महिला समुहलाई जिन्सी सहायता | १,००,००० | जिन्सी सहायता |

| | | | |
|---|---|---|---|
| | आरान व्यवस्थापन वडा नं १ | २८,९९९ | जिन्सी सहायता |
| | जलदेवी आमा समुहलाई जिन्सी सहायता | २,५०,००० | जिन्सी सहायता |
| | दलित उत्थान कार्यक्रम (आरन सुधार) | २०००० | |
| | तामाङ संस्कृति सामाग्री खरिद | २००००० | |
| | | २०४१००८ | |

२८ **कर्मचारी पारिश्रमिक**

निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस वर्ष पालिका चालु शिर्षकबाट पालिका तर्फ ३१ जना(प्रशासनजना, पशु सेवा , कृषि सेवा , शिक्षा , प्राविधिक ) स्थायी कर्मचारीहरुको रु. १,५३,३१,६४,५२२।०० र संघीय सशर्त तर्फ स्वास्थ्य सेवा (आयुर्वेद २ जना समेत) तर्फ १५ जना स्थायी कर्मचारीको रु. १०७६६२७५।०० तलब भत्ता खर्च लेखेको पाईयो ।

२९ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले देहायअनुसार कर्मचारी करारमा राखी रु.१५९०३२५५।०० खर्च लेखेको विवरण प्राप्त भएको छ । पालिकाले स्थायी कर्मचारी पदपूर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सि नं | विवरण | संख्या | रकम |
|---|---|---|---|
| १ | गा पा चालु करार सूचना प्रविधि अधिकृत १/स ई १/वैद्ध १/ सहायक चौथो ९/ हसचा १/ का स ९ | २२ जना | ७४८८३०० |
| २ | गा.पा. स्वास्थ्य करार – का स ३/अनमी ७/ल्या अ ३ | १३ जना | ३५७७०६० |
| ३ | स्वास्थ्य करार संघीय सशर्त अ.न.मि २ | २ जना | ५९९४२० |
| ४ | स्वास्थ्य करार प्रदेश सशर्त ४ | ४ जना | ६९३००० |

| | | |
|---|---|---|
| ५ | १ विद्यालय नर्स प्रदेश सशर्तबाट ४ | ४ जना | १२९३८२२ |
| ६ | उद्यम विकास सहजकर्ता संघीय सशर्त २ | २ जना | ७४३८६० |
| ७ | प्रधान्मन्त्री रोजगार कार्यक्रम संघीय सशर्तबाट रोजगार संयोजक १, प्राविधिक सहायक १ | २ जना | ७८२७९३ |
| ८ | सामाजिक परिचालक गरिबसंग विश्वेशर | १ जना | २०५००० |
| ९ | पंजिकरण संघीय सशर्त ५० प्रतिशत गा.पाले व्यहोर्ने गरी एम.आई.एस अपरेटर १ फिल्ड सहायक १ | २ जना | ५२०००० |
| | जम्मा | ५२ जना | १५९०३२५५ |

३०

**सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १२ वटा ऐन, ३ वटा नियमावली र २८ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | - | - | |
| नागरिकता सिफारिस | ५०७ | ५०७ | प्रतिलिपि सहित |
| घरवाटो सिफारिस | १०६ | १०६ | |
| नाता प्रमाणित | १०७ | १०७ | |
| पञ्जिकरणतर्फ | ४९५ | ४९५ | |
| जन्मदर्ता | २९३ | २९३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | <table><tr><td>मृत्युदर्ता</td><td>६७</td><td>६७</td><td></td></tr><tr><td>बसाईसराई दर्ता</td><td>१८</td><td>१८</td><td></td></tr><tr><td>विवाह दर्ता</td><td>१११</td><td>१११</td><td></td></tr><tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>६</td><td>६</td><td></td></tr></table> स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा थप प्रभावकारिता ल्याउनु पर्दछ। | |
| ३१ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति:** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। <table><tr><td>क्र स</td><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत</td></tr><tr><td>१</td><td>आर्थिक विकास</td><td>२८,७५०,०००.००</td><td>२१,३१९,०५३.३६</td><td>७४.१५</td></tr><tr><td>२</td><td>पूर्वाधार विकास</td><td>५७,९५०,०००.००</td><td>५१,९५७,२१८.१५</td><td>८९.६६</td></tr><tr><td>३</td><td>सामाजिक विकास</td><td>२१०,३८७,९९९.००</td><td>१७०,१००,३१८.०५</td><td>८०.८५</td></tr><tr><td>४</td><td>बातावरण तथा विकास</td><td>२००,०००.००</td><td>-</td><td>०</td></tr><tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४,१५२,०००.००</td><td>३,५१०,०३३.००</td><td>८४.५४</td></tr><tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७२,२३४,०५९.८०</td><td>५७,८०७,२०८.८२</td><td>८०.०३</td></tr><tr><td colspan="2">जम्मा</td><td>३७३६७४०५८.८</td><td>३०४६९३८३१.४</td><td></td></tr></table> उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ८९.६६ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.०० प्रतिशत रहेको छ। | |

३२

**ठेक्का व्यबस्थापन**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा अवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २९३६२ | ५० | १९४७७ | २ | ३७५१ | ५ | १०५०४ | ५ | १०५०४ |

३३

**बैठक भत्ता**:

पालिकाले यस वर्ष पदाधिकारी सुविधाबाट बैठक भत्ता रु ७४५०००।०० र कर्मचारी बैठक भत्ताबाट रु ३७३०००।०० गरी रु १११८०००।०० खर्च गरेको खर्चको फाँटवारीबाट देखिन्छ। पालिकाको अन्य विभिन्न समिति तथा कार्यक्रमबाट बैठक भत्ता खर्च लेखेकोमा सोको अभिलेख नराखेकोले उक्त खर्च यकिन हुन सकिएन। पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको, बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय सम्बन्धमा नियन्त्रण नगरेको, बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेकोले बैठक भत्ता बढी वा दोहोरो भएको यकिन हुन सक्ने अवस्था नरहेको, एकै दिन दुई भन्दा बढी बैठक तथा कार्यक्रम आयोजना गरी भत्ता भुक्तानी भएको, कार्यक्रम बैठक भत्ता कर्मचारीको खातामा भुक्तानी हुनुपर्नेमा केही भुक्तानी संयोजक कर्मचारीको खातामा गएको जस्ता व्यहोरा देखिन आएको छ।पालिकाले विभिन्न समिति, शाखा, कार्यक्रम, खरिद तथा निर्णयको लागि बैठक बसी भत्ता भुक्तानी गरेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नुपर्ने देखिन्छ र दोहोरो खर्च नहुन तथा आन्तरिक नियन्त्रण कायम गर्ने गरी कार्यक्रम, तालिम , भ्रमण अनुगमन तथा बैठकको अभिलेख तयार गरी राख्नु पर्दछ।पालिकाले बैठक भत्ता सम्बन्धी खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउनु पर्दछ।

३४

**स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार वागमती प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.४८२६०३३।३२ सुविधा वापत भुक्तानी भएको छ।

| सिनं | विवरण | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३,०००.०० | २२,०००.०० | १३५,०००.०० | १७७,०००.०० | ४०८,०००.०० | ७४५,०००.०० |
| २ | यातायात खर्च | - | ११२,६६६.६७ | १४०,८३३.३३ | १७०,८३३.३३ | ३२४,२६६.६७ | ७४८,६००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टेलिफोन,मोबाइल | ३३,८००.०० | ३३,८००.०० | ११२,६६६.६७ | १०२,५००.०० | १६२,१३३.३३ | ४४४,९००.०० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | २२,५३३.३३ | २२,५३३.३३ | ५६,३३३.३३ | ६८,३३३.३३ | १६२,१३३.३३ | ३३१,८६६.६५ |
| ५ | समन्वय तथा सहजीकरण | ११२,६६६.६७ | ११२,६६६.६७ | ३९४,३३३.३३ | १३६,६६६.६७ | - | ७५६,३३३.३४ |
| ६ | अतिथि सत्कार | १०१,४००.०० | ५६,३३३.३३ | २२५,३३३.३३ | १३६,६६६.६७ | २४३,३३३.३३ | ७६३,०६६.६६ |
| ७ | खानेपानी ÷ बिजुली | २८,१६६.६७ | २८,१६६.६७ | ५६,३३३.३३ | ३४,१६६.६७ | ८१,०६६.६७ | २२७,९००.०१ |
| ८ | खाजा खर्च | ५६,३३३.३३ | ५६,३३३.३३ | १६९,०००.०० | १०२,५००.०० | २४३,२००.०० | ६२७,३६६.६६ |
| ९ | सरसफाई | २८,१६६.६७ | २८,१६६.६७ | ५६,३३३.३३ | ६८,३३३.३३ | - | - |
| १० | जम्मा | ३८३,०६६.६७ | ४५०,६६६.६७ | १,२११,१६६.६५ | ८२०,०००.०० | १,२१६,१३३.३३ | ४,८२६,०३३.३२ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **अन्य कार्यालयले प्रयोग गरेको घर भाडा भुक्तानी**<br><br>नेपालको संविधानको अनुसूची ८ मा स्थानिय तहको अधिकार क्षेत्र स्पष्ट उल्लेख गरेको छ । त्यसैगरीं स्थानिय सरकार संचालन ऐन, २०७४ मा स्थानिय तहले योजना र कार्यक्रम सर्चालन गर्दा दोहोरो नपर्ने गरी संचालन गर्नुपर्ने उल्लेख छ । तर यस उत्तरगया गाउँपालिकाले जिल्ला प्रहरी कार्यालयको पत्र संख्या २०७८।७९ च.नं १६७३ मिति २०७९/३/१९ को पत्र अनुसार त्रिशुली जलविद्युत परियोजना ३A ले प्रयोग गर्दै आएको उत्तरगया वडा नं १ को लाल सिंह तामांङको घरभाडा लिई मासिक रु.६०००/- का दरले १२ महिनाको घर भाडा सम्झौता र स्पष्ट प्रयोजन बेगर रु.७२०००/- भुक्तानी भएको छ । यसरी स्थानिय तहले संघिय कार्यालयको भाडा भुक्तानी गरेको तथा त्रिशुली जलविद्युत परियोजना समेतले प्रयोग गरेको घरको भाडा पालिकाले भुक्तानी गरेकोले सो रकम असुल हुनुपर्ने रु..... | ७२,००० |
| ३६ | | | **क्षमता विकास योजना निर्माण**<br><br>क्षमता विकास योजना निर्माण वापत ए टु जेट डन्जिनियरीङ कन्सल्टेन्सी लाई रु.२९९६७६/- भुक्तानी दिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्- | |
| ३६.१ | | | उक्त कन्सल्टेन्सीलाई कार्यशाला गोष्ठी २ पटक ३ दिनका दरले संचालन गर्ने कार्यका लागि रु.६००००/- र प्रतिवेदन तथा संचार वापत रु.३५०००/- खर्च समेत भुक्तानी गरेकोमा मस्यौदा प्रतिवेदन मात्र प्राप्त भएको तर कार्यशाला गोष्ठी भएको कागजात प्रमाण पेश नभएकोले रु.६००००/- असुल गर्नुपर्ने र अन्तिम प्रतिवेदन दिएको र संचार भएको प्रमाण पेश गर्नुपर्ने समेत असुल प्रमाण पेश गर्नुपर्ने रु.... | ९५,००० |
| ३६.२ | ७११ | २०७९-३-२४ | गाउँपालिका संगठन तथा व्यवस्थापन सर्भेक्षण तयारी वापत कृतज्ञ इन्जिनियरिङ प्रा.ली लाई रु.२९८३२०/- दिएको छ । सार्वजनिक खरिद नियमावलीऽ २०६४ को नियम १२१ मा समय भित्र कार्यसम्पादन नगर्नेबाट सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले असुल गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०७८/१२/४ मा गरेको सम्झौता अनुसार २ महिना अर्थात मिति २०७९/२/३ सम्म सम्पन्न गर्नुपर्नेमा २०७९/३/५ को विल विजक पेश गरेको तर प्रतिवेदन २०७९/३/२४ मा जिन्सी दाखिला भएकोले सम्झौता रकम रु.२६४०००/- को ०.०५ प्रतिशतका दरले ३२ दिनको हिसाव गर्दा हुने रकम असुल | ४,२२४ |

| | | | | |
|---|---|---|---|---|
| | | | हुनुपर्ने रु.... | |
| ३७ | | | **डीपीआर खर्च**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ। | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| कोषधारा ढुङ्गे खानेपानी योजना | राइजिङ्ग इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. | ५००,०००.०० | ४९८,४४३.०० | १०,९१५,२६७.२० |
| उत्तरगया खेलकुद मैदान निर्माण | युनिक डिजाइन एण्ड डेभलपमेन्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ५००,०००.०० | ४९८,३३०.०० | २०,४५४,२८३.५२ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **चेनेज नखुलाई मर्मत सम्भार**<br><br>निर्माण कार्य गराउँदा लागत अनुमानमा नम्स अनुसार आवश्यक लम्वाइ चौडाई उल्लेख गरी चेनेज खुलाई लागत अनुमान तयार गर्नुपने र सो अनुसार कार्य भए नभएको एकिन गर्न कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष विभिन्न सडक, खानेपानी लगायतका आयोजना संचालन गर्दा चेनेज रहेको स्थान र चेनेजको शुरु विन्दु, अन्तिम विन्दु उल्लेख नगरि लम्बाई र चौडाई मात्र उल्लेख गरी सोहीअनुसार लागत अनुमान तयार गर्ने, ठेक्का बिल तयार गर्ने र कार्य सम्पन्न देखाउने गरेकोले कुन स्थानमा कुन परिमाणमा के काम भएको भन्ने खुल्न सकेको छैन। क्रस सेक्सन तयार नगर्ने, ड्रविङ, डिजाइन, स्पेशिफिकेशन स्पष्ट नगर्ने एवं चेनेज समेत नखुलाए बाट निर्माण कार्यको विश्वसनियता देखिदैन। यसको उदाहरण देहाय अनुसार प्रस्तुत गरिएको छ। यस्तो कार्य नियन्त्रण हुनुपर्दछ। | |

| गो.भौ.नं. र मिति | आयोजना र विवरण | रकम |
|---|---|---|
| १४-२०७८।९।७ | विपद व्यवस्थापन वडामा मर्मत सम्भार वापत अनुप आपानी निर्माण सेवालाई भुक्तानी दिएको | ३११५८९ |
| १५-२०७८।९।८ | खरकु पाल्ले वडा नं. २, सडक मर्मत | १७७८०० |
| १६-२०७८।९।८ | पहिरे वस्ती संरक्षण | १३४९०० |
| १८-२०७८।९।८ | खनाल वस्ती संरक्षण | ८९८०० |

| | | | | |
|---|---|---|---|---|
| ३९ | ३५ | २०७८-९-२८ | **मुल्यांकन भन्दा वढि भुक्तानी**<br><br>गर्यासङ्गु देखि कदोखर्क हुँदै नागथान सम्म खानेपानी निर्माण कार्य वापत उपभोक्ता समितिलाई रु. ३५९०००।– भुक्तानी दिंदा उपभोक्ताले १६६० मिटर पाइप ल्याएको अवस्थामा पालिकाले नापी किताव, ठेक्का बिल र कार्यसमपन्न प्रतिवेदनमा १७०१ मिटरको मूल्यांकन गरेकोले ४० मिटरको रु. ५६ का दरले रु. २२९६ र पाइपलाईन खन्ने र पुर्ने कार्य वापतको रु. ७२६।७७ का दरले रु. २९७९७।- समेत रु ३२०९३।- असुल गर्नुपर्ने रु. | ३२,०९३ |
| ४० | २८ | २०७८-९-२१ | **तिरु खेलकुद मैदान निर्माण**<br><br>तिरु खेलमैदान निर्माण गर्दा ९० घनमिटर कडा चट्टानको प्रति घमि. रु.१०१७ का दरले भुक्तानी गरेकोमा सोही स्थानमा ढुंगाको गाहो लगाउने कार्यको लागि २१ घमि.को प्रति घ.मि. रु.४७८५.४० का दरले रु.१००४९३.४० मुल्याकन गरेको छ। यसरी एकै स्थानमा निर्माण गरेको कार्यमा प्रति घ.मि. रु.१६४४/- का दरले ढुंगाको मुल्य समावेश गरी रु.४७८५.४० का दरले मुल्याकंन गर्दा रु.३४५२४/- बढि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु........ | ३४,५२४ |
| ४१ | | | **कडा चट्टान**<br><br>Geographical website मा hard work भन्नाले A term applied to hard rocks, or igneous and metamorphic rocks that are distinguished from sedimentary rocks because they are typically more difficult to disaggregate. भनी उल्लेख गरेको छ। कार्यालयले मेटलको मात्रा हुने रकको लागि परीक्षण वेगर लागत अनुमान गर्ने नहुनेमा पालिकाले hard rock दिई लागत अनुमान गरेको छ। जसले गर्दा देहाय अनुसारका योजनामा मात्र रु ७६२५४१। थप व्ययभार पारेको उपयुक्त देखिएन। | |

| गो भौ.नं. र मिति | योजनाको नाम | कडा चट्टानको परिमाण | दर | मध्ययम चट्टानको दर | बढी व्ययभार | कैफियत |
|---|---|---|---|---|---|---|
| ६४-२०७८।१०।२० | काम्लुङ देखि कदोखर्क सम्म कृषि सडक निर्माण | ४६३.४१ | १०१७ | ५०८.५ | २३५६४४ | |
| ८१-२०७८।१०।२६ | तिरु एकीकृत वस्ती घडेरी निर्माण | ४१०.३४ | १०१७ | ५०८.५ | २०८६५८ | पुनर्निमाण कार्यलय र कादुरी नामक गैससले निर्माण गरेको क्षेत्रमा जग्गा नछुट्टयाइ निर्माण कार्य गरेको |
| ७-२०७९।३।१९ | काम्लुङ कोदोखर्क करुभन्याङ सडक निर्माण | ६२५.८४ | १०१७ | ५०८.५ | ३१८२३९ | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | | | **गोठ सुधार कार्यक्रम**<br><br>उत्तरगया गाउँपालिकाको पशुसेवा कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार खोर सुधार कार्यक्रमकोलागि खर्चको ५० प्रतशत अनुदान दिने व्यवस्था अनुसार पालिकाले यो वर्ष बाख्राको खोर सुधार कार्यक्रम र गाईभैसीको गोठ सुधार कार्यक्रमको लागि देहाय अनुसार खर्च लेखेको छ। | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं/मिति</td><td>कार्यक्रमको नाम</td><td>रकम</td><td>लाभान्वित संख्या</td></tr>
<tr><td>६८३-७९/३/२४</td><td>बाख्राको खोर सुधार</td><td>४८००००</td><td>४७</td></tr>
<tr><td>६८२-७९/३/२४</td><td>गाईभैसिको गोठ सुधार</td><td>४६००००</td><td>४६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९४००००</td><td></td></tr>
</table>
बाख्राको खोर सुधार कार्यक्रमकोलागि गत वर्ष रु ५२०,०००। खर्च गरेकोमा सो को तथ्याङ्क उपलव्ध भएन । यसले गर्दा दोहोरो खर्च भए नभएको एकिन हुन सकेन । यस कार्यक्रम अनुसार कतिपय गोठहरु पहिले नै बनेको देखिएका र सिमेन्ट तथा डण्डिको विल समेतको आधारमा रकम गणना गरी खर्च सम्वन्धित व्यक्तिको खातामा दिएको देखियो । तर उक्त कामको अनुगमन गरी उपलव्धिको विश्लेषण भएको देखिएन ।
</td><td></td></tr>
<tr><td>४३</td><td>७०१</td><td>२०७९-७-२४</td><td>
फोटोकपि विल<br><br>
वि एण्ड वि पव्लिसर एण्ड डिस्ट्रिव्युर्स प्रालीलाई रु.२००००/- समुन्नति मासिक पत्रिकामा सुचनामुलक विज्ञापन वापत भुक्तानी गरेकोमा प्रतिलिपि पिल संलग्न गरेकोले रु.२८७६.११ मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण समेत पेश हुनुपर्ने रु..
</td><td>२,८७६</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
नामनामेसी नखुलेको धरौटी<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७१ (१) र (२) बमोजिम धरौटी खातामा जम्मा भएको तर कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभएको धरौटी रकम कार्यविधि पूरा गरी सदरस्याहा गर्नुपर्ने उल्लेख छ। कार्यालयका धरौटी खातामा नामनामेसी, प्रयोजन नखुलेको आन्तरिक राजस्व खातामा रु. १६०००/- र हिमालयन बैकमा रहेको रु. ५२८००१/- समेत गरी यसवर्षको अन्त्यमा रु.५४४००१/- उत्तरगया गाउँपालिकाको नाममा धरौटी मौज्दात रहेकोमा गत विगत वर्षमा समेत लेखापरीक्षणले औंल्याएकोमा स्थिति यथावत रहेको पाईयो । नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यविधि पुरा गरी सदरस्याहा गर्नुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
सोझै खरिद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष रु १९४७६९०।०० प्रतिस्पर्धात्मक विधि नपनाइ देहायअनुसारको कार्यहरु कोटेशन मार्फत सोझै खरिद गरेको देखियो । पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गरी आवश्यक्ता यकिन गरी तथा खरिद योजना बनाई प्याकेजिंग गरी पारदर्शि र प्रतिष्पर्धि तरिकाले खरिद गर्नुपर्ने देखिएको छ ।
<table>
<tr><td>सि. नं.</td><td>सप्लायर्स</td><td>खरिद विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>नेपाल जनरल मार्केटिङ प्रा लि / काठमाडौं</td><td>मोटरसाईकल खरिद</td><td>२९९,०००.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २ | अविना निर्माण सेवा/रसुवा | सडक सरसफाई | १७७,०५५.०० |
| ३ | पि एल एस कन्ट्रक्सन प्रा लि /नुवाकोट | पहिरो पन्छाउने कार्य | २८२,६४८.०० |
| ४ | अनुप आयानी निर्माण सेवा / रसुवा | सडक मर्मत | ३११,५८९.०४ |
| ५ | जय बाबा पशुपति ट्रेड लिंक/काठमाडौँ | इलेक्ट्रिक सामानहरु खरिद | ४५७,२९९.७० |
| ६ | गोङ्बो ब्रदर्श निर्माण सेवा एण्ड सप्लायर्स/नुवाकोट | स्वास्थ्य ईकाइ घेराबार | ४७१,६५४.६७ |
| ७ | राईजिङ इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि /काठमाडौँ | कोषधारा ढुङ्गे खानेपानी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण | ४९८,४४३.०० |
| ८ | युनिक डिजाईन एण्ड डेभलपमेन्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि/काठमाडौँ | उत्तरगया खेल मैदान निर्माणको विस्तृत परियोजना प्रतिवेदन निर्माण | ४९८,३३०.०० |
| ९ | जय भिमसेन बाथ एण्ड सिनेटरी सप्लायर्स /नुवाकोट | पाईप खरिद | ४५०,०००.०० |
| १० | स्पिड अटो इन्टरप्राइजेज /नुवाकोट | मोटरसाईकल खरिद | २२७,७००.०० |
| ११ | युनिक कम्प्युटर हाउस/ नुवाकोट | इनभटर खरिद तथा जडान | ४९२,५००.०० |
| १२ | आशिमाला कन्ट्रक्सन प्रा लि/ रसुवा | निर्माण | ४७१,१४२.०० |
| १३ | भुमेदेवी कन्ट्रक्सन /रसुवा | सिँचाई मर्मत | ४७१,९३२.०० |
| १४ | लामिछाने हार्डवेयर सेन्टर/ नुवाकोट | प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सामाग्री खरिद | २३९,७२५.०० |
| १५ | अनमोल निर्माण सेवा/रसुवा | सिँढि बाटो तथा रेलिङबार निर्माण | २७८,९०३.०० |
| १६ | उत्तरगया ग्रुप प्रा लि/ रसुवा | स्थानिय निर्वाचनका लागि सि सि क्यामेरा खरिद | ४८९,२९०.०० |
| १७ | आर एन ट्रेड कन्सर्न /नुवाकोट | स्वास्थ्य उपकरण खरिद | ४९६,०७०.०० |
| १८ | श्रेष्ठ फर्निचर /नुवाकोट | फर्निचर खरिद | ४९२,११५.०० |

| | | | |
|---|---|---|---|
| १९ | किरन कम्प्युटर सप्लायर्स /नुवाकोट | विद्युतीय सामाग्री खरिद | ७९९,५००.०० |
| २० | एन एस स्टिल फर्निचर सेन्टर /नुवाकोट | फर्निचर खरिद | १४९,६४०.०० |
| २१ | अनमोल एग्रो सेन्टर /भक्तपुर | तरकारी बिउ खरिद | ३५१,०००.०० |
| २२ | सुनकोशी जनरल अर्डर सप्लायर्स/काठमाडौँ | मसलन्द तथा कार्यालय समाग्री खरिद | ४४४,८३५.८३ |
| २३ | अल्पाइन भेट कन्सर्न प्रा लि /काठमाडौँ | पशु औषधि खरिद | ३९०,५४४.०० |
| २४ | विमल एग्रो फर्म एण्ड रिसर्च सेन्टर/ चितवन | मकैको बिए खरिद | १३४,८००.०० |
| २५ | अन्नपूर्ण बिज भण्डार /काठमाडौँ | तरकारी बिउ खरिद | ३४८,७५०.०० |
| २६ | थोक्रा सप्यायर्स /रसुवा | तामाङ सांस्कृतिक सामाग्री खरिद | १९९,०५०.०० |
| २७ | श्रेष्ठ सप्लायर्स /रसुवा | जिन्सी सामाग्री | ३००,०००.०० |
| २८ | आयुस्का भेटेनरी/काठमाडौँ | पशु औषधि खरिद | ३८२,०२२.०० |
| २९ | नेपाल एक्टिभ प्रोडक्सन प्रा लि/काठमाडौँ | वृत्त चित्र निर्माण | ३९७,७६०.०० |
| ३० | शिखर ट्रेडिङ हाउस /काठमाडौँ | पशु औषधि खरिद | २०९,८१८.०० |
| ३१ | सौर्य इनर्जी प्रा लि /काठमाडौँ | इन्भटर ब्याट्रि खरिद | १३२,०००.०० |
| ३२ | दैलोज टेक्नोलोजि प्रा लि /काठमाडौँ | राजस्व सफ्टवेयर | ४९७,२००.०० |
| ३३ | जस्मिन हाइजिन प्रोडक्टस् प्रा लि /विराटनगर | स्यानेटरी प्याड डिस्पोजर मेसिन खरिद | १५०,०००.०० |
| ३४ | बि एम एस नेपाल प्रा लि/ काठमाडौँ | सडक गुरुयोजना निर्माण | ९९४,४००.०० |
| ३५ | आरोहण भेट फर्मा /काठमाडौँ | पशु औषधि खरिद | ७७४,३९७.०० |

| | | | |
|---|---|---|---|
| ३६ | कालिका बुक्स एण्ड स्टेशनरी सप्लायर्स/नुवाकोट | मसलन्द तथा कार्यालय समाग्री खरिद | ५०९,१३९.०० |
| ३७ | शिवम् इन्टरप्राइजेज /नुवाकोट | प्लाष्टिक टनेल खरिद | ३०२,७४७.०० |
| ३८ | भैरव कुण्ड सप्लायसर्स प्रा लि/ काठमाडौँ | सुरक्षा सामाग्री खरिद | ७९६,४९१.०० |
| ३९ | एम एस प्रिन्टिङ सोलुसन /काठमाडौँ | छपाई | २२८,८२५.०० |
| ४० | कान्तिपुर आयुर्वेद सप्लायर्स/काठमाडौँ | आयुर्वेद औषधि खरिद | ४७६,६६०.०० |
| ४१ | जस्मिन हाइजिन प्रोडक्टस् प्रा लि /विराटनगर | स्यानेटरी प्याड खरिद | ४२४,२५०.०० |
| ४२ | गौतम आयुर्वेद फर्मा/काडमाडौँ | आयुर्वेद औषधि खरिद | ३९३,१८७.०० |
| ४३ | कुलराज आयुर्वेद /काठमाडौँ | आयुर्वेद औषधि खरिद | ३४८,३२५.०० |
| ४४ | के के सप्लायर्स/ नुवाकोट | सिलाई मेसिन खरिद | १८७,००९.०० |
| ४५ | श्रेष्ठ फर्निचर ट्रेडर्स /नुवाकोट | फर्निचर खरिद | ४९९,४६०.०० |
| ४६ | प्राकृतिक हर्बास युपिकल्स प्रा लि /काडमाडौँ | आयुर्वेद औषधि खरिद | ४९३,१२५.०० |
| ४७ | शिवम् इन्टरप्राइजेज /नुवाकोट | ट्याङ्कि खरिद | २२१,१४५.०० |
| ४८ | कृतञ इन्जिनियरिङ प्रा लि | संगठन तथा व्यवस्थापन सर्वेक्षण | २९८,३२०.०० |
| ४९ | ए टु जेड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | क्षमता विकास योजना निर्माण | २९९,६७६.०० |
| ५० | गोसाईकुण्ड मेडिसिन सप्लायर्स /काठमाडौँ | सर्जिकल सामाग्री खरिद | २३७,४२८.०० |
| | जम्मा | | १९४७६९०० |

| | | | | |
|---|---|---|---|---|
| ४६ | २० | २०७९-३-२० | **नाफामुलक संस्थाको भवन मर्मत:**<br>लालिगुँरास बहुउद्देश्यीय सहकारी संस्थाको सामुदायिक भवन निर्माण गरेकोमा वचत तथा ऋण परिचालन गर्ने नाफामुलक संस्थाको Capital formation हुने काममा सार्वजनिक स्रोत परिचालन | १,६९७,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको छ । उक्त संस्थाले ईकाइ वचत योजना संचालन गर्ने कार्य वापत २०७७/७८ मा करयोग्य आय रु.१२९६२१/- प्राप्त गरेको छ । यस्तो अवस्थामा उक्त संस्थाको उद्देश्य नाफामुलक नै रहेको देखिन्छ । यसरी नाफामुलक संस्थाको लागि सार्वजनिक लगानी गरेको नियमित नदेखिएको रु.. | |
| ४७ | १५ | २०७९-२-३१ | **ढुंगे खेल मैदान निर्माण**<br><br>पालिकाले ढुंगे खेल मैदान निर्माण कार्य वापत उपभोक्ता समितिलाई माटो ६०२६.२८ घनमिटरको प्रति घनमिटर रु.९३.७९ को दरले, मिडियम ढुंगा ८३१.४४ घनमिटर रु.५०८.५० ले कडा चट्टान २२५.२९ घनमिटरको रु.१०१७ ले मुल्यांकन गरेको छ । कार्यालयले कडा चट्टानको लागत अनुमान र मुल्यांकन गरेकोमा कडा चट्टानमा हुने धातुको मात्राको यकिन नगरी परीक्षण बेगर कडा चट्टानको मुल्यांकन गरेको छ । उक्त खनेको ४१७०.९३ घ.मि. माटो १ किलोमिटर पर लगी डिस्पोज गरेको भनि प्रति घ.मि. रु. ८३.३३ का दरले रु.३४७५६३.६० खर्च लेखेको छ । तर श्रेस्ता साथ पेश भएको भर्पाईमा ११० ट्रीप माटो ढुवानी गरेको भनी रु.११००००/- को भर्पाइ संलग्न गरेकोले प्रतिट्रिप ७.५ घनमिटरका दरले ८२५ घ.मि. मात्र माटो ढुवानी गरेको देखिएकोले ३४२० घ.मी.को मुल्यांकन दर रु.८३.३३ ले हिसाव गर्दा हुने रु.२८४९८८/- बढी मुल्यांकन भएको रकम हिसाव गर्दा हुने रु.२८४९८८/- बढि मुल्यांकन भएको रकम असुल हुनुपर्ने रु.........<br><br>सोही कार्यका लागि प्रदेश सरकारबाट समेत पूर्वाधार कार्यालय मार्फत खर्च भएको बुझिन आएकोले नापी किताव अनुसारको परिमाण एकिन गर्नुपर्दछ। | २८४,९८८ |
| ४८ | | | **धार्मिक/सांस्कृतिक कार्यमा खर्च**<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा उत्पादकत्व बढ्ने, रोजगरीको सृजना हुने र अधिकतम प्रतिफल सुनिश्चित हुने क्षेत्रमा बजेट बांडफांड गरी खर्च गर्नुपर्नेमा देहायको कार्यमा रु. ३११९०००।०० खर्च गरेको देखिन्छ । लाभ लागतको बिशलेषण गरी बिनियोजन दक्षता बढाई खर्च गर्नु पर्दछ । | |

| विवरण | रकम |
|---|---|
| सिरुचेत गणेश मन्दिर निर्माण वडा नं.१ | २,८४,००० |
| क्रिश्चियन धर्मावलम्बी समाधी स्थल व्यवस्थापन वडा नं. ३ | ५,६७,००० |
| कृष्ण मन्दिर बोगटिटार वडा नं ५ | १,८९,००० |
| चर्च भवन निर्माण मनिगाउँ वडा नं ४ | ८८,००० |
| माझगाउँ श्रीकृष्ण मन्दिर निर्माण योजना वडा नं ५ | ३,७८,००० |
| क्रिश्चियन धर्मावलम्बी प्राथना घर निर्माण योजना वडा नं. १ | ६,६५,००० |
| चिप्लेटी ढुङ्गा श्रीदेवी मन्दिर निर्माण | ४,७४,००० |
| सिम्ले प्रतिक्षालय तथा मन्दिर निर्माण | ४,७४,००० |

<table>
<tr><td>४९</td><td></td><td></td><td>तोर्मे खोला झोलुङे पुल<br><br>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) : पालिकाले e bidding मार्फत जुनकिरी ईन्डस्ट्रीजसंग बोलपत्र प्रक्रियाको माध्यमबाट रु १६१३२२३।११ मा सम्झौता गरी खरिद कार्यको भुक्तानी दिएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>लागत अनुमानः सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद कार्यको लागत अनुमान तथा दर विश्लेषण खुल्ने गरी लागत अनुमान तयार गर्नु पर्दछ । तोर्मे खोला झोलुङे पुल ट्रसको सामाग्री बोलपत्र मार्फत खरिद गरेकोमा पालिकाले रु१६५१००८।५५ लागत अनुमान पेश गरेकोमा उक्त लागत अनुमानको आधार तथा स्वीकृत दररेट पेश नगरेकोले लागत अनुमान यथार्थपरक भएको भन्न सकिने अवस्था छैन । उक्त लागत अनुमान पालिकाको प्राविधिकले तयार गरेकोमा झौलुङे पुल संग सम्बन्धित निकायले स्वीकृत गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>४९.२</td><td>२२</td><td>२०७९-३-२४</td><td>झोलुङ्गे पुल उपभोक्ता समिति : तोर्मे ट्रस्ट पुल निर्माण उपभोक्ता समितिसंग २०७९।३।३ मा रु १३२१६३५।९६ मा सम्झौता भएकोमा २०७९ असार मसान्तमा रु ३४६०५५।०० नापी मूल्यांकन गरी उपभोक्ता समितिलाई रु३१४०००।०० भुक्तानी गरेको पाईयो । उक्त कार्यको सम्पन्न गर्नुपर्ने मिति २०७९।८।२० सम्म राखेको पाईयो । २९।०७९।३।२४ , पालिकाले e bidding मार्फत जुनकिरी ईन्डस्ट्रीजसंग बोलपत्र प्रक्रियाको माध्यमबाट रु १६१३२२३।११ मा सम्झौता गरी खरिद कार्यको भुक्तानी दिएको पाईयो । उक्त सामाग्रीहरु तोर्मे खोला झोलुङे पुल ट्रस निर्माण उपभोक्ता समितिलाई बुझाएकोमा उक्त कार्य सम्पन्न भएको पाईएन । उक्त झौलुङे पुल निर्माणका लागि बोलपत्र मार्फत खरिद गरेका सामाग्री बुझाएकोले उपभोक्ताले तोकिए बमोजिमको मापदण्ड अनुसार खरिद भएका सामाग्रीहरु प्रयोग गरी कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१,६१३,२२३.११</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>न्यून प्रतिस्पर्धा<br><br>पालिकाले आर्थिक वर्ष २०७८।७९ मा २ सिलबन्दी दरभाउपत्र मार्फत रु ३,७५५,९०७.०० को लागत अनुमान तयार गरी ०.००१२ प्रतिशत घटीमा अर्थात रु ३,७५१,३२४.८० मा खरिद कार्य गरेको पाईयो । उक्त खरिद मध्ये मिनिटिलर खरिद कार्य २०७९ असारमा सम्पन्न भएको देखिन्छ । देहायअनुसारको खरिद भएकोमा प्रतिस्पर्धा एकदमै न्यून देखिएकोले खरिद कार्यलाई प्याकेजिंग गरी e bidding मार्फत खरिद गरि थप प्रतिस्पर्धि बनाउनु पर्दछ ।<br><br>
<table>
<tr><td>निर्माणव्यवसायी वा सप्लायर्सको नाम</td><td>ठेक्का । कार्यको नाम</td><td>लागत अनुमान</td><td>सम्झौता रकम</td><td>जम्मा भुक्तानी रकम</td><td>घटी प्रतिशत</td></tr>
<tr><td>युनिक कम्प्युटर हाउस</td><td>विद्युतिय सामाग्री खरिद</td><td>१,९८०,९०७.००</td><td>१,९७६,३२४.८०</td><td>१,९७६,३२६.००</td><td>०.००२३१३</td></tr>
<tr><td>सौर्य इनर्जी प्रा लि</td><td>मिनिटिलर खरिद</td><td>१,७७५,०००.००</td><td>१,७७५,०००.००</td><td>१,७७५,०००.००</td><td>०</td></tr>
<tr><td></td><td></td><td>३,७५५,९०७.००</td><td>३,७५१,३२४.८०</td><td>३,७५१,३२६.००</td><td>०.००१२२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विद्युतीय सामाग्री तथा कम्प्यूटर खरिद</td><td>परिमाण</td><td>रकम रु</td></tr>
<tr><td>कन्फरेन्स माईक ३</td><td>३</td><td>१६४४२</td></tr>
<tr><td>डेस्कटप कम्प्यूटर i५ ४GB २५६ SSD</td><td>६</td><td>३३६२८८</td></tr>
<tr><td>ल्यापटप i५ ११ gen ८GB २५६ SSD</td><td>१०</td><td>९०३१०८</td></tr>
<tr><td>फोटोकपी डुप्लेक्स ३ ईन १</td><td>६</td><td>२४८८२६</td></tr>
<tr><td>युपिएस</td><td>१०</td><td>४४६३५</td></tr>
<tr><td>डिजिटल क्यामेरा N५०</td><td>१</td><td>१०१७००</td></tr>
<tr><td>हाजिर मेशिन Face detection</td><td>१</td><td>२८०२४</td></tr>
<tr><td>प्रिन्टर कलर Epson</td><td>३</td><td>१३२२१०</td></tr>
<tr><td>प्रोजेक्टर BenQ</td><td>३</td><td>१६५०९३</td></tr>
<tr><td></td><td></td><td>१९७६३२६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td>२९६</td><td>२०७९-३-२३</td><td>

**साना सिँचाई**

मिति २०७८।१२।१ को प्रकाशित सूचनामा स्थायी बसोबास गरेका उपभोक्ता, कृषक समूह, समिति, सहकारी, निजी फर्म व्यवसायीले कार्ययोजना सहितको प्रस्ताव, व्यवसाय दर्तार प्यान दर्ता प्रमाण पत्र,करचुक्ता प्रमाण पत्र,सहकारीको हकमा गत आ वको लेखापरीक्षण प्रतिवेदन र जग्गा धनि लालपुर्जा तथा भाडामा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्ने र साना सिँचाईको कार्यविधि बमोजिम मूल्यांकन तथा छनौट गरेर मात्र अनुदान दिनु पर्नेमा सो वेगर देहायअनुसारका फर्म तथा उपभोक्ता समितिलाई ८५ प्रतिशत अनुदानमा अध्यक्षको संयोजक्तवमा बसेको कृषि विकास शाखा कार्यक्रमको अनुगमन तथा सिफारिस समितिबाट सिफारिस भएको भनि २०७९ जेष्ठ १८ को बैठकको निर्णयबाट स्वीकृत तथा छनौट गरी वर्षान्तमा भुक्तानी गरेको ७२९५९५।०० नियमित नदेखिएको रु

<table>
<tr><td colspan="5">८५ प्रतिशत अनुदानमा साना सिँचाई कार्यक्रम</td></tr>
<tr><td>आवेदक</td><td>उ स</td><td>भुक्तानी</td><td>सम्झौता</td><td>कार्यसम्पन्न</td></tr>
<tr><td>कुमार न्यौपाने</td><td>फलाखु खोला बोगटीटार लिफट सिचाई उस</td><td>१२२७१३.७५</td><td>१५००००</td><td>१४९७१३</td></tr>
<tr><td>कमला लामिछाने</td><td>पौडेल टोल साना सिँचाई उ स</td><td>१२२२५३.७८</td><td>१५००००</td><td>१४९१२२</td></tr>
</table>
</td><td>७२९,५९५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गंगा बहादुर वि.क.</td><td>तल्लो कर्मिडाँडा खानेपानी तथा सिचाई निर्माण उस</td><td>८९९१५.७२</td><td>१५०००००</td><td>१०५४७५</td></tr>
<tr><td>राजेन्द्र बहादुर नगरकोटी</td><td>माथिल्लो कर्मिडाँडा खानेपानी तथा सिचाई निर्माण उस</td><td>८६४९०.०९</td><td>१५००००</td><td>७९३५८</td></tr>
<tr><td>अस्मिता प्याकुरेल</td><td>अस्मिता कृषि तथा पशुपालन फर्म</td><td>६३४५५.८२</td><td>१५००००</td><td>११९९१५</td></tr>
<tr><td>कृष्ण कुमारी नेपाली</td><td>पदाली देखि गैराटोल साना सिँचाई योजना उस</td><td>१२२५११.९९</td><td>१५००००</td><td>१४९२५३</td></tr>
<tr><td>तुल बहादुर गुरुङ</td><td>नुवार खोरे साना सिँचाई</td><td>१२२२५४.१२</td><td>१५००००</td><td>१४९५११</td></tr>
<tr><td></td><td>जम्मा भुक्तानी</td><td>७२९५९५.२७</td><td></td><td>७२९५९५</td></tr>
</table>
<br>२०७९ असार मसान्तमा सम्झौता गरेकोले उपरोक्त मध्ये ३ कार्य सम्झौता अनुसार सम्पन्न भएको पाईएन।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>सोलार बत्ती जडान<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले आ.व.२०७८।७९ को लागि विभिन्न नविकरणिय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशन गरेको देखिन्छ। उक्त सन्दर्भ मूल्य सूचिमा सौर्य सडक वत्ति प्रकार ४ (४० वाट) ख वर्गको रु.९०१४७।०० कायम रहेको र सूचनाको द्रष्टव्यमा माथि उल्लेखित मूल्य सूचि अधिकतम मूल्य सन्दर्भको रुपमा लिइने, घटी भएमा कम मूल्यलाई आधार लिने र वोलपत्र वा अन्य खरिद प्रकृया अन्तर्गत गरिने खरिद तथा जडानको हकमा सोही बमोजिम कायम गरी मूल्यको आधार लिनुपर्ने उल्लेख भएको देखिन्छ। गाँउपालिकाले यस वर्ष गाउँपालिका तर्फबाट २५ लाख र संघीय सशर्त तर्फ रु ८ लाख बजेट विनियोजन गरेकोमा ३३ वटा बत्ती जडानका लागि नुवाकोट जिल्लाको दररेट लिई प्रति सोलार बत्ती प्रकार ४(४० वाट) रु ९५४५४।०० का दरले मूल्य निर्धारण गर्दा रु ३१४९९८२।०० निर्धारण गरेको पाईयो। उक्त दर वैक्लपिक उर्जाले तोकेको भन्दा प्रति सोलार बत्ती जडानमा रु ५३०७।०० का दरले ३३ बत्ती जडानको रु १७५१३१।०० बढी लागत अनुमान बनाएको नियमित नदेखिएको रु<br><br>पालिकाले उक्त लागत अनुमानमा e-bidding मार्फत २ जना बोलपत्रदाता मध्यै सौर्य ईनर्जी प्रा लिसंग रु ३१०५३००।००(१.४१ प्रतिशत घटी) मा सम्झौता गरी ३३ वटा सौर्य बत्ती जडानको भुक्तानी दिएको पाईयो।</td><td>१७५,१३१</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>योजना अनुगमन<br><br>पालिका अन्तर्गत सञ्चालन भएका योजनाहरुको अनुगमन गरेकोमा सोको अभिलेख राखेको पाईएन। गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमामा हुने उक्त अनुगमनमा उपाध्यक्ष समेत अन्य पदाधिकारी तथा कर्मचारीसमेतलाई अभिलेख नराखि भ्रमण भत्ताको दरले अनुगमन भत्ता भनि विभिन्न समयमा योजनाको नाम नखुल्ने गरी भुक्तानी गरेकोमा उचित देखिएन। पालिकाले गरेको अनुगमनको प्रतिवेदनमा अनुगमन मिति नखुलेको, पदाधिकारी तथा कर्मचारीहरुको दस्तखत नभएको र अनुगमनको फोटो नभएकोले उक्त खर्च सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन। पालिकाले अनुगमनको फोटो र मिति खुल्ने गरी सोको अभिलेख राखी मात्र अनुगमन खर्च भुक्तानी गर्नु पर्दछ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **धार्ना खोला झोलुङ्गे पुल निर्माण उ स**<br><br>४।०७८।८।९ धार्ना खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति संग २८८५३६८।०० को लागत अनुमानमा सम्झौता भई २०७७।७८ मा प्रथम विल वापत रु १८६८५०६।०० र ७८।७९ को रु १००७२२४।०० गरी रु १८७५७३०।०० मा कार्य सम्पन्न भएको देखाएतापनि उक्त निर्माण कार्यको लागत अनुमान पेश भएन। उक्त कार्यको स्वीकृत लागत अनुमान पेश हुनु पर्दछ। यस सम्बन्धमा देखिएका अन्य व्हयोरा देहाय अनुसार रहेका छन्। | |
| ५४.<br>१ | | | **भुक्तानी बाँकीको विवरण :** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) : आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ। पालिकाले धार्ना खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई २०७७।७८ को प्रथम विलको रु १८६८५०६।०० मध्ये भुक्तानी बाँकीको विवरण वेगर गत वर्षको बाँकी भनि रु १३४९६४६।०० भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु | १,३४९,६४<br>६ |
| ५४.<br>२ | | | **विमा :** २०७७।७८ मा कामदारको विमा वापत रु २९३६८।०० भुक्तानी भएकोमा विमाको पोलिसी पेश नभएकोले विमा पोलिसी पेश हुनुपर्ने रु | २९,३८६ |
| ५५ | | | **नमुना विद्यालय**<br><br>संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती तथा प्राविधिक घारको ल्याब व्यवस्थापनको लागि रु १५००००००।०० विनियोजन भएकोमा रु ९२११४११।५० खर्च भएकोमा स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् | |
| ५५.<br>१ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले भाद्र मसान्तभित्र विद्यालयसंग सम्झौता गर्ने, प्राविधिक प्रतिवेदनका आधारमा पहिलो किस्ता ३० प्रतिशत, दोश्रो किस्ता ५० प्रतिशत र कार्यसम्पन्न भएपछि २० प्रतिशत रकम अनुदान दिने व्यवस्था राखो पाईयो। उक्त सम्पूर्ण कार्य २०७९ जेष्ठ मसान्तसम्म सम्पन्न गरी सोको जानकारी २०७९ आषाढ १५ सम्म सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेमा कार्यालयले निर्माण कार्यको ठेक्का व्यवस्थापन आफैं गरी निर्माण कार्य गराएको छ। | |
| ५५.<br>२ | | | विद्यालयले नमुना विद्यालयको लागि गुरुयोजना तयार गरेकोमा सो योजना प्राप्त हुन सकेन। तसर्थ गुरुयोजना र वास्तविक कार्य यकिन हुन सकेन। | |
| ५५.<br>३ | | | कार्यालयले ९ कोठे भवन निर्माण गर्न मूअकर समेत रु १३९३९९१७।३४ को लागत अनुमान तयार गरेकोमा रु ८७११४११।०० को ठेक्का सम्झौता भएको छ। सम्झौता गर्दा कबोल अंकको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार कार्यसम्पादन जमानत लिनु पर्नेमा कार्यालयले SBD मा भएको सुत्र अनुसार रु २००४३३१।०० को कार्य सम्पादन जमानत लिई सम्झौता गर्नुपर्ने मा रु ११५१०००।०० मात्र लिई सम्झौता गरेकोले नियमित देखिएन। | |
| ५५.<br>४ | | | सम्झौतामा मिति खुलेको छैन। तर २०७९।२।१९ को सम्झौता अनुसार कार्यक्रम कार्यान्वयन निर्देशिकाको समय भित्र अर्थात २०७९।३।१५ भित्र सम्पन्न गर्ने गरी काम गर्न सम्झौता भएकोमा लेखापरीक्षण अवधि २०७९।६।१३ सम्म ६६ प्रतिशत काम सम्पन्न गरेको र म्याद थप समेत नभएकोले मूल्य अभिवृद्धि कर बाहेकको रु ७६२५१४३।०० को सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम प्रति दिन ०.०५ प्रतिशतले लेखापरीक्षण अवधि २०७९।६।१३ सम्मको ९२ दिनको रु ३५०७५७।०० असुल गरी म्याद थप गरी निर्माण सम्पन्न गर्नुपर्ने देखिएको रु | ३५०,७५७ |

| | | | | |
|---|---|---|---|---|
| ५५.५ | | | कार्यालयले वास्तविक रुपमा काम नभई रकम फ्रिज नगराउने उद्धेश्यले वर्षको अन्त्यमा भौ नं १९।०७९।३।२४ बाट रु ९२,११,४११।५० निलकण्ठ माध्यमिक विद्यालयको खातामा निकासा गरेको छ। यस प्रकार काम नै नभई रकम फ्रिज नगराउने उद्धेश्यले विद्यालयको खातामा रकम निकासा गर्ने कामको ठेक्का प्रक्रियामा पालिकाबाट गर्ने तर भुक्तानी दिन समय अभाव हुने कारणले विद्यालयमा निकासा गरी रकम फ्रिज नगराउने कार्यले काममा दोहोरोपना हुने र वित्तीय अनुशासन पालना हुन सकेको छैन। तसर्थ निकासा रकम रु ९२,११,४११।५० मा हर्जानाको उपर्युक्त रकम घटाई हुन आउने रु ८८६०६५४।५० को प्रमाण कागजात पेश गरी खर्चको पुष्ट्याई पेश हुनुपर्ने रु | ८,८६०,६५४.५ |
| ५६ | | | **फुटवल स्टेडियम निर्माण** | |
| ५६.१ | | | फुटवल मैदान निर्माण गर्न व्यवसायिक टिमको लागि लम्वाई १०५ मिटर र चौडाई ६८ मिटर भएको खेल मैदान आवस्यक पर्दछ। यसको लागि कम्तिमा ७१४० वर्ग मिटर अर्थात १.७६ एकड जग्गा समेत आवस्यक पर्दछ। त्यसै गरी राष्ट्रिय खेलकुद परिषदले समेत राष्ट्रिय खेलकूल मैदानको लागि समेत १०२ मिटर लम्बाई र ६५ मिटर चौडाई भएको भित्रि मैदान र सोमा कम्तिमा पनि ५ वटा १.२ मिटर चौडाईका भित्रि ट्याक आवश्यक पर्ने उल्लेख गरेको छ। प्याराफिट निर्माण गर्को खण्डमा LINE OF SIZE समेत मिलाउनु पर्ने भएकोले थप जग्गा आवश्यक पर्दछ। यसरी प्याराफिट निर्माण गरेको खण्डमा पार्किङ्ग क्षेत्र समेत हिसाव गर्दा झण्डै ६० रोपनि क्षेत्रफल आवश्यक पर्नेमा कार्यालयले स्विकृत मापदण्ड अनुसार जग्गा नभएको करिव ८-१० रोपनि, क्षेत्रफलमा त्रिशुलि नदिको बहाव क्षेत्रको २० मिटर भन्दा निजक रहेको स्थानमा फुटवल स्टेडियमको लागि लागत अनुमान र डिजाइन गर्ने रु ४९८३३०।०० खर्च गरी रु २०४५२८३।५२ को लागत अनुमान तयार गरेको छ। | |
| ५६.२ | | | कार्यालयले कूल लागत अनुमानलाई छुट्याई स्ट्रक्चरको मात्र कामको लागि मुल्य अभिवृद्धि कर समेत रु १०१४१५१३.७५ को लागत अनुमान तयार गरी आर आर कन्स्ट्रक्सनको रु ५९ ५९८८९.१४ को बोलपत्र स्विकृत गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० र स्ट्यान्डर्ड विड डुकुमेन्टको आधारमा रु १६२८१९४.०० को कार्यसम्पादन जमानत लिनु पर्नेमा रु १०४०६३०.०० मात्रको कार्यसम्पादन जमानत लाई सम्झौता गरेकोले सम्त्रन्धित अधिकारींलाई जिम्मेवार बनाउनु पर्ने देखिएको छ। | |
| ५६.३ | | | कार्यालयले मिति २०७८।१२।१८ मा गरेको सम्झौता अनुसार निर्माण व्यवसायी आरआर कन्स्ट्रक्सनले २०७९।३।१५ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा २०७९।३।२४ मा मात्र कार्य सकिएकोले भुक्तानी पाउ भनि निवेदन दिएको र सो निवेदन सोही दिन दर्ता भएको देखिन्छ। यसरी सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १२१ अनुसार समयमा काम सम्पन्न नगर्ने निर्माण व्यसायीवाट हर्जना लिनुपर्नेमा नलिई रकम भुक्तानी दिएकोले ७ सात दिनको मुल्य अभिवृद्धि कर बाहेक सम्झौता रकम रु. ५२७४७९०.९३ को ०.०५ प्रतिशत प्रतिदिनका दरले हुने रु.१८४६२.०० असुल गर्नुपर्ने देखिएको रु...... | १८,४६२ |
| ५६.४ | | | निर्माण व्यवसायीले रु.२९९७२.०० को बीमा प्रिमियम भूक्तानि गरेकोमा कार्यालयले रु.४००००.०० भुक्तानी दिएको छ साथै पि एस आईटमको यस्तो घटि खर्च भएकोलेले रु.१००२८.०० बढि भुक्तानि गरेको असुल हुनुपर्ने रु.... | १०,०२८ |
| ५६.५ | | | बिस्तृत परियोंजना प्रतिवेदनमा १६.८४ मेट्रिक टन उल्लेख भएकोमा कार्यालयले ड्रइङ डिजाइन तथा स्पेशिफिकेशन परिवर्तन नभएको अवस्थामा समेत २०.४९ मेट्रिक टन डण्डी प्रयोग गरेको भनि प्रति मेट्रिक टन रु.१०५०००.०० का दरले मुल्य अभिवृद्धि कर समेत रु.४३३०७२.५० भुक्तानी दिएको छ। तर फलामे वार लगाउने कार्य गराएको छैन। यसरी मापदण्ड नपुग हुने क्षेत्रमा स्टेडियम भनि निर्माण कार्य अगाडि बढाउँदा अपव्यय हुने स्थति रहेको उपयुक्त देखिएन। | |
| ५७ | | | **योग दिवसमा सहभागीलाई भत्ता वितरण**<br><br>उत्तरगया गाउँपालिकाले अन्तराष्ट्रिय योगदिवसको अवसरमा कार्यक्रम संचालन गर्न बजेट छुट्याई रु.४९९९०/- खर्च लेखेकोमा उपस्थित ३१ जना लाई १४ थान म्याट खरिद गरेको र २०७९।२।२५ मा विहान ७ बजे अन्तराष्ट्रिय योग दिवस मनाउने कार्यक्रमा बैठक वसेको भनि पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष २ जना समेत १५ जनालाई जनहि रु १०००/- का दरले रु १५०००। भत्ता खर्च लेखेको | |

<table>
<tr><td></td><td></td><td></td><td>उपयुक्त देखिएन। व्यक्तिगत लाभहुने कृयाकलापमा उपस्थितहुंदा समेत भत्ता लिने कार्यले मितव्यिता देखिएन ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>कोषधारा ढुङ्गे खानेपानी आयोजना<br><br>यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्<br><br>क. कालोसूचीमा नराखेको: कोषधारा ढुङ्गे खानेपानी आयोजना निर्माण गर्न सिद्दिजनक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. को मुल्य अभिवृद्धि कर बाहेक रु.३१५४९८३.६८ अर्थतात ३०.११ प्रतिशत घटि कबोल गरेकोमा निर्माण व्यवसायीलाई मिति २०७९/२/३ का दिन सम्झौता गर्न आउने १५ दिने सुचना गरेकोमा म्याद भित्र सम्झौता गर्न नआएको भनि निजको फर्म कालो सुचिमा राख्ने र रु १३००००/- विड वण्ड जफत गर्ने निर्णय २०७९/२/२४ मा भएको देखिन्छ । सो अनुसार पालिकाले कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेकोमा हाल सम्म पनि कालो सुचिमा राखेको प्रमाण पेश भएको छैन ।<br><br>ख. यसरी लागत अनुमान भन्दा ३०.११ प्रतिशत घटि ठेक्कामा सहभागि भई ठेक्का सकार नगरेको अवस्थामा कार्यालयले दोस्रो घटिवाला निर्माण व्यवसायी बेत्र गंगा इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालीको रु.४३६९४३८.३४ अर्थात ३.२१ प्रतिशत मात्र घटिको बोलपत्र स्विकृत भएको छ। यस प्रकार प्रथम घटिवाला को भन्दा रु.१२१४४५४.६६ को थप व्यवभार परेको छ ।<br><br>ग. कार्यालयले वोलपत्रको पृणताको परीक्षण, प्राविधिक, व्यापारिक पक्षको मूल्याङ्कन गरेको कागजात पेश गरेको छैन।<br><br>घ. खानेपानी तथा सरसफाइ डिभिजन धादिङबाट उक्त स्थानमा कूनै योजना निर्माण भए नभएको एकिन नगरी खानेपानी योजना संचालन गरेको र उपभोक्ताको योगदान र मर्मत संभारमा हुने सहभागिता एकिन नभई बजेट र योजना संचालन गरेको उपयुक्त देखिएन।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td>२०७९-७-१</td><td>फरक दर विश्लेषण<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत गराएको नर्म्स बमोजिम खास कामको लागि खास प्रकारको नर्म्स प्रयोग गरी दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा तयार गर्नुपर्दछ। तर कार्यालयले देहायको निर्माण कार्यमा भवन विभागबाट तयार भएको नर्म्स भन्दा फरक नर्म्स प्रयोग गरी देहाय अनुसार फरक दर विश्लेषण गरी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>भौनं र मिति</th><th>आयोजनाको नाम</th><th>क्रियाकलाप</th><th>कार्यसम्पन्न परिमाण</th><th>भुक्तानी दिएको दर</th><th>दर विश्लेषण अनुसार हुने दर</th><th>बढी दर</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>१।०७९।२।१८</td><td>शान्ति बजार ठुलागाउँ डाँडागाउँ सडक योजना</td><td>Stone Feeling work in foundation trench</td><td>४२</td><td>४०२९।५९</td><td>३१३०।८०</td><td>८९८।७९</td><td>३७७४९।१८</td></tr>
<tr><td></td><td></td><td>PCC १:१.५:३ in super structure</td><td>४२</td><td>२००६३।१५</td><td>१९७४६।५२</td><td>३१६।६३</td><td>१३२९८।४६</td></tr>
</table></td><td>५१,८४०</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | Stone masonry work in cement mortar १:४ | ८ | १३७०९।७६ | १२५८०।४५ | ११२९।३१ | ९२८२।९३ |
| | | | | | | | ५१८४० |

| ६० | | | **सि.बि.आर सहयोग कार्यक्रम** | ३००,००० |
|---|---|---|---|---|

स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन अनुसार अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सिबिआर)सहयोग कार्यक्रमबाट उत्तरगया अपाङ्ग संघलाई रु ३००००००।०० भुक्तानी दिएको पाईयो ।उक्त कार्यक्रम सञ्चालन गर्न करचुक्ता प्रमाणपत्र भएका, लेखापरीक्षण गराएका तथा यस क्षेत्रमा कार्य तथा योग्दान गरेका संघ संस्थामध्ये पेश गरेको प्रस्तावको निर्धारित मापदण्डको आधारमा मूल्यांकन गरी मूल्यांकनमा उत्कृष्ट भएको संस्थालाई कार्यक्रम संचालन गर्ने साझेदार संस्थाको रुपमा छनौट गर्नुपर्ने उल्लेख रहेकोमा पालिकाले सो विपरित २०७८ साल पुस २६ गते आन्तरिक राजश्व विभागमा स्थायी लेखा नम्बर सहित दर्ता र सोही मितिमा समाज कल्याण परिषद् संग आबद्ध भएको संस्थालाई दिएको नियमित देखिएन। २०७९।३।१७ मा ५०० गिरिराज कुखुला चल्ला रु १५००००।००, रु १२५० प्रति केजीका दरले ११५०००।०० दाना, भिटामीन २५ वटा रु ७५००।००, ढुवानी रु ३००००।०० र अन्य खर्च समेत गरी रु ३ लाख खर्च गरेको विवरण पेश गरेको छ। उक्त वित्तरण कार्य असारमा गरेको पाईयो। असारमा वित्तरण गरेको उक्त कार्यक्रमको अनुगमन भएको नदेखिएको र कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार पहिलो चौमासिक भित्र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख भएकोले अनुगमन तथा लेखापरीक्षण प्रतिवेदन समेत पेश भई नियमित हुनुपर्ने रु

| ६१ | ६६४ | २०७९-३-२२ | **नाफामुलक संस्थालाई अनुदान** | १५०,००० |
|---|---|---|---|---|

दुध तथा दुग्ध पदार्थ उत्पादन तथा विविधिकरण गर्न समुह सहकारी तथा डेरी उद्योग सञ्चालन गर्न आवस्यक सामान खरिद गरे वापत ५० प्रतिशत अनुदानमा क्रिम सेपेरेटर मेसिन १ थान, मिल्क एनलाइजर मेसिन १ थान, अल्मुनियम मिल्क क्यान १ थान, फ्रिज १ थान सहकारीले खरिद गरेको विलको आधारमा कालीका वहुउद्धेश्यीय सहकारी संस्था लि लाई रु १५००००।०० निकासा दिएको छ। स्रेस्ता साथ पेश गरेको उक्त सहकारीको स्थाई लेखा नं दर्ता प्रमाणपत्रमा इकाई वचत योजना संचालन गर्ने उद्देश्य उल्लेख छ। तसर्थ वचत तथा ऋण परिचालन गर्ने उद्देश्य राखेको नाफा कमाउने संस्थालाई अनुदान दिएको नियमित नदेखिएको रु

| ६२ | | | **परामर्श सेवा** | |
|---|---|---|---|---|

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन।

| कार्यक्रमको नाम | कुल खर्च रु | कुल खर्च मध्ये परामर्श खर्च रु |
|---|---|---|
| गाउँपालिका सडक गुरुयोजना निर्माण | ९९४,४००.०० | ९९४,४००.०० |
| गाउँपालिका संगठन तथा व्यवस्थापन सर्वेक्षण तयारी | २९८,३२०.०० | २९८,३२०.०० |

| | | |
|---|---|---|
| क्षमता विकास योजना निर्माण | २९९,६७६.०० | २९९,६७६.०० |

६३ | ७१३ | २०७९-३-२४

**परामर्श सेवा भूक्तानी**

पालिकाले गाउँपालिका सडक गुरुयोजना निर्माण वापत बि एम एस नेपाल प्रा लि लाई रु ९९४४०० कृयाकलाप उल्लेख नगरि एकमुष्ट रुपमा भूक्तानि गरेको छ । सो को Inception प्रतिवेदन, ड्राफ्ट प्रतिवेदन र सो उपरको कार्यालयको सुझाव एवं सुझावको सम्बोधन बाट तयार गरेको अन्तिम प्रतिवेदन प्राप्त गर्नुपर्नेमा एकैपटक अन्तिम प्रतिवेदन लिई भूक्तानि गरेको र सो गुरुयोजना अनुसार निर्माण कार्य गरेको समेत देखिएन ।

६४

**परामर्श सेवा खर्च**

यो वर्ष पालिकाले परामर्श खर्च वापत देहाय अनुसार रु.२५८९१६९।- खर्च गरेको छ। अत्यावश्यक अवस्थामा मात्र कार्यालयमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने अवस्थामा मात्र परामर्श सेवा लिनुपर्नेमा देहाय अनुसारका विभिन्न क्रियाकलापमा परामर्श सेवा लिई प्रतिष्पर्धा बेगर खरिद गरी भुक्तानी दिएको उपयुक्त देखिएन।

| क्रियाकलाप | खर्च |
|---|---|
| कोषधारा ढुंगे खानेपानी आयोजना | ४९८४४३ |
| उत्तरगया खेल मैदान निर्माण | ४९८३३० |
| सडक गुरुयोजना निर्माण | ९९४४०० |
| संगठन तथा व्यवस्थापन सर्वेक्षण | २९८३२० |
| क्षमता विकास योजना निर्माण | २९९६७६ |
| जम्मा | २५८९१६९ |

६५

**महोत्सव तथा अन्य खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष देहाय अनुसारको उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३०००००।०० खर्च गरेको विवरणबाट देखिएको छ ।

| सि नं | पर्व महोत्सवा सहायता विवरण | रकम रु |
|---|---|---|
| १ | गुरुङ तथा तामाङ समुदायको ल्होसार पर्व सञ्चालन सहयोग वडा नं ४ भलायडाँडा | २५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | गुरुङ तथा तामाङ समुदायको ल्होसार पर्व सञ्चालन सहयोग वडा नं १ सिरुचेत | | २५,००० |
| ३ | गुरुङ तथा तामाङ समुदायको ल्होसार पर्व सञ्चालन सहयोग वडा नं २ डाँडागाउँ | | ५०,००० |
| ४ | गुरुङ तथा तामाङ समुदायको ल्होसार पर्व सञ्चालन सहयोग वडा नं ४ मनिगाउँ | | ५०,००० |
| ५ | गुरुङ तथा तामाङ समुदायको ल्होसार पर्व सञ्चालन सहयोग वडा नं २ खड्कु | | २५,००० |
| २७९।७८।११।१० | तामाङ समुदायको ल्होसार पर्व वडा नं ३ ठुलोगाउँ | सन्तोष गुरुङ | ५०००० |
| ३१८।७८।११।३० | गुरुङ तामाङ समुदाय ल्होसार पर्व वडा नं १ | सरोज घले | ५०००० |
| ३७०।७८।१२।२५ | गुरुङ समुदाय ल्होसार पर्व वडा नं ३ पैरेगाउँ | इन्द्रदेवि सामुदायिक संस्था | ५०००० |
| | जम्मा | | ३००००० |

६६

**वडा संचालन तथा जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ र ९५ अनुसार कार्यालयको जिन्सी सामाग्रीको लगत जनाई राख्नु पर्नेमा पालिकाले खप्ने जिन्सी मालसामान समेत वडालाई निकासा गरी खर्च घटाउने गरेको छ । खरिद भएका खर्च नहुने सामानहरु वडा कार्यालय तथा विषयगत शाखाहरुलाई हस्तान्तरण गरेको गरेको देखियो । वडा कार्यालय तथा विषयगत शाखाहरु छुट्टै अस्तित्वका कार्यालय नभएकोले गाउँपालिका कार्यालयमा नै एकिकृत जिन्सी खाता राख्नुपर्दछ । ति सामानहरुको विवरण सम्बन्धित वडा कार्यालय र विषयगत शाखाहरुबाट प्राप्त गरी जिन्सी आम्दानी जनाउनुपर्दछ । वडा कार्यालय, विषयगत शाखाहरु र कर्मचारीले प्राप्त गरेका खर्च नहुने प्रकृतिका सामानहरुको सहायक जिन्सी खाता राखी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ । त्यसैगरी बजेट विनियोजन गर्दा नै वडाको लागि चालु तथा पूजिगत बजेट व्यवस्थापन गरेको देखिन्छ । वडाबाट खरिद भएका सामान अनिवार्य रुपमा PAMS मा दाखिला गर्नु पर्दछ । वडाका कर्मचारीका लागि बडा संचालनका लागि देहाय अनुसार बजेट व्यवस्थापन भएकोमा पालिकाबाट समेत सामाग्री लिने गरेकोले यसमा नियन्त्रण हुनु पर्दछ ।

| वडा | कर्मचारी | वडा संचालन | चौमासिक | खर्च रु |
|---|---|---|---|---|
| १ | किरण खतिवडा | १६०००० | ३ | ४८०००० |
| २ | आसकाजी गुरुङ | १६०००० | ३ | ४८०००० |
| ३ | आसकाजी गुरुङ र सिता लामा | १६०००० | ३ | ४८०००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | विकास आचार्य र ईन्द्र आचार्य | १६०००० | ३ | ४८०००० |
| ५ | रामहरि आचार्य | १६०००० | ३ | ४८०००० |

| | | | | |
|---|---|---|---|---|
| ६७ | | | **रसुवा महिला संजाललाई ल्यापटप हस्तान्तरण**<br><br>पालिकाले कार्यालयको नियमित प्रयोजनको लागि ल्यापटप खरिद गरेकोमा अध्यक्षको तोकादेशमा रसुवा महिला संजाललाई रु ६०१७६।९१ मा Dell i३ १०th gen १ थान ल्यापटप हस्तान्तरण गरेकोले सोको कारण, प्रयोजन एकिन नगरि वितरण गरेकोले नियमित हुनुपर्ने रु | ६०,१६७ |
| ६८ | | | **सोधभर्ना भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। EFT लागू भएको अवस्थामा पालिकाबाट हुने गरेको खर्चको भुक्तानी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्नेमा कर्मचारीहरुलाई सोधभर्ना भुक्तानी गरेकोले यस्तो भुक्तानी नियन्त्रण गर्नु पर्दछ। केही उदाहरणहरु देहाय अनुसार रहेका छन्। | |

| भौ नं।मिति | कर्मचारीको नाम | रकम | खर्चको शिर्षक | भुक्तानी पाउनुपर्ने पार्टिको नाम |
|---|---|---|---|---|
| ४८।०७८।१०।२४ | रविन्द्र कु ठकुरी | ३०००० | पोषण कार्यक्रम | अन्य स्वास्थ्यका कर्मचारीको समेत भ्रमण भत्ता बुझेको भरपाईको आधारमा |
| ४९।७८।१०।२५ | रविन्द्र कु ठकुरी | २८९२० | पिएन सी होम भिजिट औषधि खरिद | त्रिशुली साईन्टिफिक कन्सर्न प्रा लिलाई पार्टि पेमेन्ट नभएको |
| १७१।०७९।३।२३ | विकास आचार्य | १९४८५ | स्टेशनरी पेपर कार्टेज खरिद | रेहान स्टेशनरीलाई पार्टि पेमेन्ट नभएको |
| २६६।७८।१०।२३ | विकास आचार्य | १६७४५ | | सभा संचालन कार्यक्रम |
| २२८।७८।१०।२३ | विकास आचार्य | १२२०० | | मसलन्द |

| | | | | |
|---|---|---|---|---|
| ६९ | | | **घर भाडा**<br><br>५ वर्षको अन्तरालमा पालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी वा अन्य केन्द्रहरुको भवन बनाएको पाईएन। पालिकाले २०७८।७९ मा मात्रै १७ वटा भवन भाडामा लिई रु १५ लाख ५८ हजार ८०० खर्च गरेको पाईयो। पालिकाले हालसम्म पनि स्थानिय संरचना बनाउने तर्फ कदम चालेको पाईएन। पालिकाले २०७९।८० मा घर भाडाको सिलबन्दी खरिद प्रक्रियाबाट लिनको लागि सूचना प्रकाशन गरेको जनाएको छ। पालिकाले स्थायी संरचना बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। घरभाडाको घरधनी अनुसारको अभिलेख नराखी पटके रुपमा भुक्तानी दिएकोले दोहोरोपना हुने जोखिम रहेकोले यकिन हुन | |

<table>
<tr><td></td><td></td><td></td><td>सकिने अवस्था छैन ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>भ्रमण तथा अनुगमन<br><br>भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकामा कर्मचारीको संख्या न्यून तथा पदहरु रिक्त रहेको अवस्थामा समेत कार्यालयले यो वर्ष चालु शिर्षकबाट अनुगमन तथा मूल्यांकन र भ्रमण खर्च वापत रु २६ लाख ५२ हजार र कन्टिन्जेजी खर्चबाट रु १० लाख २० हजारी गरी ३६ लाख ७२ हजार लेखेकोमा पालिकाले भ्रमण अभिलेख नराखेको, भ्रमण आदेशमा नम्बर नराखी भुक्तानी भएको र केही खर्चमा भ्रमण तथा अनुगमनमा प्रतिवेदन समेत संलग्न नगरी भुक्तानी दिएको छ । सोको अतिरिक्त विभिन्न विषयगत कार्यक्रमबाट समेत भ्रमण तथा अनुगमन खर्च लिने गरेको र सो सम्बन्धी एकिकृत अभिलेख नराखेकोले खर्च यकिन हुन सकिने अवस्था छैन ।पालिकाले भ्रमण तथा अनुगमन सम्बन्धी अभिलेख व्यवस्थित तथा अद्यावधिक नराखेकोले भ्रमण तथा अनुगमन खर्च उद्येश्य अनुरुप तथा मितव्ययी तरिकाले भएको भन्न सकिने अवस्था नरहेको र यस सम्बन्धी खर्चमा विश्वस्त हुन सक्ने समेत देखिदैन ।पालिकाबाट कर्मचारी तथा पदाधिकारीहरुको विभिन्न शीर्षक तथा कार्यक्रमबाट भुक्तानी हुने गरेकोमा अनुगमन मूल्यांकन, भ्रमण, कार्यक्रम तथा बैठकको एकिकृत अभिलेख नराखेकोले भत्ता भुक्तानीमा दोहोरोपना समेत हुन सक्ने जोखिम भएकोले एकिकृत अभिलेख तयार गर्नुका साथै भ्रमण अभिलेख अद्यावधिक गरी भ्रमणमा खटाउने पदाधिकारीले विश्वासनीय आधार र औचित्य स्थापित हुने गरी आवश्यकता अनुसार मात्र भ्रमण खटाउने गरी आन्तरीक नियन्त्रण व्यवस्था गर्नुपर्दछ । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन ।नियमानुसार भ्रमण अभिलेख खाता अद्यावधिक नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गरेको पाईयो ।स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td>६३<br>९</td><td></td><td>रेडियो कार्यक्रम<br><br>रेडियो लाङ्गटाङ्ग, रसुवालाई मेरो रेडियो मेरो विद्यालय कार्यक्रम उत्पादन तथा प्रशारण र बैक्लिपक शिक्षा सहजिकरणका लागि सम्झौता वेगर कार्यक्रमको विषयवस्तु समेत उल्लेख भएको अभिलेख नराखी १ महिना प्रसारण गरेवापत रु २००००।०० विलको आधारमा भुक्तानी गरेकोले सोको पुष्ट्याई पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>२०,०००</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>अध्यक्ष उपाध्यक्षको ठाडोदेशमा वितरण<br><br>पालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधिमा अन्य संस्थालाई जिन्सी हस्तान्तरण गर्ने सम्बन्धमा उल्लेख भएको देखिदैन । तर पालिकाका पदाधिकारीहरु अध्यक्ष र उपाध्क्षको तोकादेशमा देहाय अनुसारका संस्थाहरुलाई ल्यापटप, स्पीकर र अन्य सामाग्री जिन्सी सहायता तथा लक्षित वर्ग सहायता भनि वितरण गरेको उचित देखिएन । पदाधिकारीहरुले उत्पादनमूलक कार्यको लागि प्रथमिकता नदिएको कारण ठाडो कादेशबाट संस्थाहरुलाई वितरण गरेको उपयुक्त देखिएन ।<br><br>
<table>
<tr><td>भौ नं मिति</td><td>वितरण गरेको संस्था</td><td>विवरण</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2">रसुवा महिला संजाल</td><td rowspan="2">ल्यापटप Dell i3 १०th gen १ थान</td><td rowspan="2">६०१७६।९१</td><td>कार्यालयको नियमित प्रयोजनको लागि खरिद भएकोबाट</td></tr>
<tr><td>अध्यक्षको तोकादेशमा रसुवा महिला</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | संजाललाई १ थान ल्याप्टप हस्तान्तरण |
| | माथिल्लो सिम्ले समूह | डेक्ची २, वफ सेट ५ थान, भट्टी चुलो २ थान, स्टिल थाल १०० थान,स्टिल ग्लास र चम्चा १०० थान, | १००००० | |
| ३९६।०७८।१२।२९ | मिरमिरे आमा समूह जिन्सी सहायत | डेक्ची २ थान, स्टिल थाल २०० थान, स्टिल गिलास २०० थान, बाल्टी ५ थान | १००००० | |
| | नवज्योति महिला समुह | जिन्सी सहायता स्टिल दराज १, टेवल १, कुर्सी २५ थान, स्टिल थाल १०० थान, स्टिल गिलास १०० थान, मिक्सचर | १००००० | |
| | जलदेवी आमा समूहलाई थप सहायता | मिक्सचर डेक १ थान, स्पिकर २ थान, तार पल्ग र माईक्रोफोन २ | १००००० | वार्षिक कार्यक्रमबाट रु २५००००।०० तोकिएकोमा उपाध्यक्षको तोकादेशबाट सोही समूहलाई थपसहयोग |
| ५९१।०७९।२।२६ | जलदेवी आमा समुहलाई जिन्सी सहायता | स्टिल ग्लास १०० केजी थाल १०० केजी प्लेट १०० केजी | १७०००० | |
| ५९१।०७९।२।२६ | | एम्प्लीफायर १ थान २००००, मिक्स्चर ८ च्यानेल १ थान २००००, माईक्रोफोन ३ थान ६०००, स्ट्यान्ड २ थान रु ४००० | | |
| ३९७।०७८।१२।२९ | दलित सेवा संघ | जातिय भेदभाव तथा छुवाछुत कसुर र सजाय ईन २०६९ अनुशिक्षण कार्यक्रम को विल भरपाई | ३०००० | लक्षित वर्ग सहयोग कार्यक्रम |
| १८६।०७८।१०।९ | रसुवा अपाङ्ग पुन:स्थापना केन्द्र धुन्चे नेपाल रसुवा | ३० औं अपाङ्गता दिवस मनाएको | २५००० | लक्षित वर्ग सहयोग कार्यक्रम |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६२१।०७९।३।२०</td><td>तल्लो ईटपारे कटाई सिलाई समूह</td><td>मेसिन टेबल कुर्सी र सिलाईसंग सम्बन्धित सामाग्रो वित्तरण सहयोग</td><td>१५००००</td><td></td></tr>
<tr><td>५८८।०७९।३।१४</td><td>धार्मिक तथा सांस्कृतिक संस्था सहायता</td><td>वार्षिक रुपमा स्थानीय पूजाको लागि बोका ४ रु ३५०००।०० पाठी ५ रु ४१००० र कुखुरा भाले २ ४ हवार विष्णुदेवी कृषि तथा पशुपन्क्षी फर्मलाई भुक्तानी</td><td>८००००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९१५१६७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>जलदेवी आमा समूहलाई थप सहायता<br><br>पालिकाको वार्षिक कार्यक्रममा जलदेवी आमा समुहलाई जिन्सी सहायताको लागि रु २५००००।०० विनियोजन गरी खर्च गरेकोमा सोही समूहलाई पुन: अध्यक्षको तोकादेश गरी ३९६।०७८।१२।२९ बाट सो अतिरिक्त रु १०००००।०० को मिक्सचर डेक १ थान, स्पिकर २ थान, तार पल्ग र माईक्रोफोन २ समेत खरिद गरेको भनि भुक्तानी दिन मिल्ने नदेखिएकोले नियमित हुनुपर्ने रु .......</td><td>१००,०००</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>विविध खर्च<br><br>महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ। पालिकाबाट यस वर्ष विविध खर्च नामक शिर्षकबाट रु १८६५५९४।०० भएकोमा अधिकांश खर्च खाजा खाना चिया होटल खर्चमा भएको देखिन्छ। विविध खर्च तर्फ भएको खर्चमा अधिकांश खर्चमा कार्यक्रम र प्रयोजन खुलाएको देखिदैन। खर्च संकेतको व्याख्यामा उल्लेख भए अनुसार अतिथि स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत लगायत कार्यमा खर्च भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी विभिन्न संख्यामा प्यान बिलहरु मात्र पेश हुने गरेको छ। पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने आधार देखिँदैन।उक्त खर्च लेखेकोमा के कार्यक्रममा खर्च भएको हो खुलाएको पाईएन र केही खर्चहरुमा सम्बन्धित फर्म तथा पार्टीलाई भुक्तानी नगरी कर्मचारीलाई सोधभर्ना दिएको छ।पालिकाले विविध खर्च तर्फ आन्तरिक नियन्त्रण कायम गर्न आवश्यक देखिन्छ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>मर्मत खर्च<br><br>पालिकाले पेश गरेको गा पा चालु खर्चको फाँटवारीबाट सवारी साधन मर्मत तर्फ रु ११ लाख ३३ हजार, र मेशिनरी औजार मर्मत खर्च तर्फ रु ३ लाख ५३ हजार गरी रु १४ लाख ८६ हजार खर्च भएको देखिन्छ। कार्यक्रम तथा कन्टिन्जेन्सीबाट समेत खर्च गरेको र व्यक्तिगत विल अनुसार समेत भुक्तानी गर्ने गरेकोले यकिन हुन सकिने अवस्था छैन। उक्तसवारी साधनको गुणस्तरयुक्त प्रभावकारी मर्मत संभार तथा संरक्षण कार्य व्यवस्थित गर्न संचालन तथा संरक्षण गरी सो को मर्मत तथा सम्भार खर्च सम्बन्धी अभिलेख राख्न म ले प फाराम नं ४१५ प्रयोग गर्नुपर्ने मा हलुका सवारी साधनको मर्मत आदेश तथा अभिलेख नराखेकोले कुन सवारी साधन मर्मतमा कति खर्च भएको विवरण प्राप्त हुन सकेन। सो अभिलेख तयार नगर्दा सवारी साधनको संचालन तथा संरक्षणमा समस्या देखिन सकिने तथा यथार्थ खर्च समेत यकिन नभई अनियन्त्रित रुपले हुन सक्ने भएकोले प्रत्येक सवारी साधनको मर्मत खर्च देखिने गरी अभिलेख राख्नु पर्ने र सोही आधारमा मर्मतको सोधभर्ना दिनु पर्दछ। पालिकाले मर्मत खर्च तर्फ तोकिएको ढाँचा तथा फारम प्रयोग गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुका साथै खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><td>७६</td><td></td><td></td><td>ईन्धन खर्च<br><br>पालिकाले पेश गरेको खर्चको फाँटवारीबाट चालु शिर्षकबाट मात्र यस वर्ष ईन्धन खर्च तर्फ रु १० लाख ७० हजार खर्च भएको देखिए तापनि अन्य विभिन्न कार्यक्रम तथा कन्टिन्जेन्सीबाट समेत खर्च गरेको र व्यक्तिगत विल अनुसार समेत भुक्तानी गर्ने गरेकोले यकिन हुन सकिने अवस्था छैन। सवारी साधन तथा कर्मचारी र पदाधिकारीलाई ईन्धनको कोटा नतोकेकोमा कुपन अनुसारको अभिलेख र नियन्त्रण प्रणाली स्थापित नगरी ईन्धन खर्च गरेको पाईयो। चारपाङ्गे सवारी साधनका ईन्धन खपत तथा लाभ लागत खुल्ने गरी सोको एकिकृत अभिलेख पेश भएन। मोटरसाईकल प्रयोग गर्ने कर्मचारी। पदाधिकारीका लागि ईन्धन खर्च लेख्दा लग सिट संलग्न गरेर मात्र भुक्तानी दिनु पर्नेमा सो अनुसार गरेको पाईएन। पालिकाको कार्यक्षेत्रमा मात्र उक्त इन्धन खपत हुने स्थिति नदेखिएकोले ईन्धन खर्च तर्फ भएको खर्चमा विश्वशत हुने अवस्था छैन। ईन्धन खर्चमा मितव्ययियता कायम गर्न ईन्धन सम्बन्धी अभिलेख र लग सिट अद्यावधिक राखी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>७७</td><td>६६३</td><td>२०७९-३-२२</td><td>आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण<br><br>आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण कार्यक्रम वाट ४० प्रकारका औषधि पशु सेवाको लागि आरोह भेट फर्मा (६०२९२५६००)वाट रु ७७४३९७।०० मा सोझै खरिद गरेको छ। कार्यालयले विगत वर्षमा रोगको तथ्यांक, घरपालुवा जनावरको तथ्यांक एवं व्यवसियक पशुपालकको तथ्याङ्क लिई आवस्यकताको आधारमा खरिद गर्नुपर्नेमा विगतमा खरिद गरेको मध्ये बाँकी रहेको औषधिको अभिलेख वेगर समेत तथ्यांकवाट पुष्टी नगरी औषधि खरिद गरेको छ। स्पेशिफिकेशन र लागत अनुमान वेगर भण्डारको अवस्थाको मुल्यांकन, विरामी पशुको तथ्यांक उपचार विधि एवं रोगको पहिचान तथा उपचारको स्पष्ट मापदण्ड बेगर वर्षको अन्तमा खर्च गर्ने उद्देश्यले मात्र औषधि खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।उक्त खरिद भएको औषधि विभिन्न वडाहरुमा हस्तान्तरण गरेकोमा वडामा रहेको जिन्सी खातामा आम्दानी वाधेको देखिएन। तसर्थ हस्तान्तरण पश्चात समेत सम्वन्धित वडाको जिन्सी खातामा आम्दानी जनाउने र खर्च भएको पुष्टी हुने गरी नियन्त्रण व्यवस्था गर्नुपर्ने समेत प्रमाणका कागजात पेश गर्नुपर्ने रु.</td><td>७७४,३९७</td></tr>
<tr><td>७८</td><td>६६०</td><td>२०७९-२-२२</td><td>गाउँपालिका संग किसान कार्यक्रम<br><br>व्यवसायिक किसानलाई ५० प्रतिशत अनुदानमा विभिन्न २९ निजि फर्महरुलाई प्रतिव्यक्ति रु २९७१३ देखि ३२९८६ सम्म खोर सुधार भनि अनुदान दिएको छ। सो अनुसार ९६६६५७। खर्च गरेकोमा किसानले गोठ सुधार गरेको भनि मिति र समय नखुलेको फोटो संलग्न गरि व्यवसायिक फर्मको लेखापरीक्षण संलग्न नगरि अनुदान दिएको र नयाँ व्यवसाय दर्ता गरेका फर्मलाई अनुदान दिएबाट अनुदान प्रप्त गर्ने उद्देश्यले यो वर्ष दर्ता भएको समेत देखिएको र व्यवसायिक फर्मले ल्याएको विल भरपाईलाई आधार वनाई भूक्तानि गरेको उपयुक्त देखिएन।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>रकमान्तर<br><br>उत्तरगया गाउँपालिकाको मिति २०७८।१०।६ को बैठकले यो वर्ष ४७ वटा योजना तथा कार्यक्रममा रु. १४४७४४९९।- रकमान्तर गर्न घटाई १२४ वटा योजना तथा कार्यक्रममा रु. ३०१७४४५०।५२ विनियोजन गर्ने गरी निर्णय गरेको छ। उक्त निर्णयलाई २०७८।१०।७ को गाउँसभाको बैठकले अनुमोदन गरेको पाइयो। समयमा बजेट विनियोजन नगरी योजना टुक्रा पार्ने र थप गर्ने कार्यले विनियोजन दक्षता देखाउदैन। बजेट थप गर्दा गत वर्ष वचत रहेको रकमबाट थप गरेको जनाएकोले बजेट निर्माण गर्दाका बखत यथार्थ वचत यकिन गरेको समेत पाइएन।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>वितरणमुखी<br><br>पालिकाले स्थानीय सरकार संचालन ऐन अनुसार प्राथमिकता निर्धारण गरी रोजगारी सिर्जना हुने, गरिवी निवारण हुने र स्थानीय स्रोतसाधन प्रयोग हुने क्रियाकलापमा खर्च गर्नुपर्नेमा किसानको तथ्याङ्क, किसानले पालेका घरपालुवा जनावर र आवश्यकता एवं सम्भावना समेतको आधारमा किसानको छनौटको आधार एकिन गरी आवश्यकता अनुसार मात्र वितरण मुखी कार्यक्रम संचालन गर्नुपर्नेमा प्रत्येक वडामा ३।३ वटाका दरले ५ वटा वडामा १५ वटा प्रजननयोग्य बोका भनी बोकाको उमेर, जात, तौल खुलेको प्रमाण बेगर वितरण गरी देहायअनुसार खर्च गरेको उपयुक्त देखिएन।<br><br><table><tr><td>भौ.नं. र मिति</td><td>क्रियाकलाप</td><td>लाभान्वित संख्या</td><td>प्रति व्यक्ति भुक्तानी नगद</td><td>खर्च रु.</td><td>कैफियत</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६५७-०७९।३।२२</td><td>प्रजननयोग्य बोका वितरण ५० प्रतिशत अनुदान</td><td>१५</td><td>१५०००</td><td>२२५०००</td><td>प्रत्येक वडामा ३।३ वटाका दरले ५ वटा वडामा १५ वटा कार्यक्रमको अनुगमन नभएको।</td></tr>
</table></td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>आन्तरिक आय रोयल्टी<br><br>पालिकाले यो वर्ष विभिन्न शिर्षकमा रु १९२७७०८।११ आन्तरिक आय प्राप्त गरेको छ। पालिका अन्तर्गत देहाएका विद्युत आयोजनाहरु संचालनमा रहेका छन्। प्रदेश नं ३ ले यो वर्ष गिट्टि वालुवा रोडा तथा दहत्तर बहत्तर प्रति बर्ग फिट रु ९ शुल्क निर्धारण गरेको छ।तर पालिकाले विद्युत आयोजना निर्माणाधिन रहेको अवस्थामा समेत त्यस्ता आयोजनाहरुले प्रयोग गर्ने गिट्टी वालुवा ढुंगा आदि प्रयोग गरेकोमा समेत रोयल्टि नलिएको कारण न्युन रुपमा राजश्व असुली भएको छ। साथै संचालनमा आइसकेको त्रिशुली ३ए जलविद्युत आयोजना र मैलुङ जलविद्युत आयोजनाको वाँध र सो नजिकको वालुवा थिग्राउने पोखरीबाट समय समयमा सफा गर्दा निस्कने वालुवा गिट्टी लगाएतका प्राकृतिक स्रोतको विक्रीवाट प्राप्त हुने रोयल्टी असुल गर्ने तर्फ ध्यान दिएको छैन।<br><br><table>
<tr><td>विद्यूत आयोजनाहरु</td><td>संचालनको अवस्था</td></tr>
<tr><td>त्रिशुली ३ए ६० मेघावाट</td><td>संचालन भएको</td></tr>
<tr><td>त्रिशुली ३बि ३० मेघावाट</td><td>Under construction</td></tr>
<tr><td>माथिल्लो त्रिशुली २१६ मेघावाट</td><td>Under construction</td></tr>
<tr><td>मैलुङ ५मेघावाट</td><td>हाल वन्द</td></tr>
<tr><td>सानिमा हाइड्रोपावर १७ मेघावाट</td><td>Under construction</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>वढुवा<br><br>यस गाँउपालिकामा गण्डकी प्रदेशवाट समायोजन भई आएको श्री पवित्रा शर्मालाई वागमती प्रदेशको विनियम अन्तर्गत छैठौ तहलाई स्वतह सातौ वनाउने प्रयोजनमा उक्त व्यक्तिलाई समेत ७ औ तहमा बढुवा गरेको देखिएकोले उक्त कार्य नियमसम्मत देखिएन।</td><td></td></tr>
<tr><td>८३</td><td>७१७</td><td>२०७९-३-२४</td><td>वढि भुक्तानी<br><br>गाउँ शिक्षा योजना निर्माण वापत शिक्षा अधिकृत पवित्रा शर्मा लाई रु.१४१३६५/- भुक्तानी गरेकोमा ९८ पृष्ठको शिक्षा क्षेत्र योजना २०७८-८३ भनि १० वटा किताव प्रकाशन गरेकोमा टाइप गरेको खर्च प्रति पाना २८ का दरले १००० परिमाण राखेकोले कभर पेज समेत १०० पानाको रु.२८००/- हुनुपर्नेमा रु.२८०००/- लेखी उत्तरगया स्टेशनरी एण्ड जनरल सप्लायर्सको बिजक नं२९ मिति २०७९/३/२१ को विजक पेश गरेकोले सो सम्वन्धमा वास्तविक खर्च एकिन हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>८४</td><td>७१५</td><td>२०७९-३-२४</td><td>प्रमाण<br><br>रेडियो लामाटाङ लाई जनप्रतिनधि संग रेडियो कार्यक्रम वापत रु.१०००००/- भुक्तानी गरेको छ। रेडियो कार्यक्रम २०७८ फागुन देखि २०७९ बैशाख मसान्त सम्म संचालन गर्ने भनिएकोमा के कामका लागि कुन सन्देश प्रसारण भएको हो सोको जिंगल प्राप्त हुन सकेन। प्रसारण गरेको सामाग्रि, प्रशारण भएको समय, प्रशारणको तरिका र अवधि खुलेको प्रमाण पेश गर्नुपर्ने रु....</td><td>१००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८५ | ७१३ | २०७९-३-२४ | **प्रयोजन खुल्ने प्रमाण पेश हुनुपर्ने**<br><br>ईन्धन खर्च भनि लगबुक र PAMS मा ईन्धनको प्रविष्टि वेगर रु १७७५७३।९२ भूक्तानि गरेको छ। अन्य भूक्तानिमा PAMS को अभिलेख रहेको यसमा नरहेको प्रयोजन खुल्ने प्रमाण नभएकोले खर्च गर्दा आवश्यक प्रमाण पेश हुनु पर्ने रु | १७७,५७३.९२ |
| ८६ | | | **थप ईन्टरनेट खर्च**<br><br>पालिकाको सबै शाखा तथा आवासमा ईन्टरनेट तथा संचार सुविधा भएको र १७ वटा ईन्टरनेट जडान रहेकोमा थप ५ युजरको भुक्तानी गरेको लिडर अल सोलुसन संचाल महशुलबाट ५ वटा ईन्टरनेट युजरको लागि रु ११५२६०।०० भुक्तानी गरेकोले थप व्ययभार परेको देखिन्छ। यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ। | |
| ८७ | | | **जिन्सी व्यवस्थापन**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ अनुसार जिन्सी सामाग्री लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन कार्यालय प्रमुखले एक बर्षमा कम्तिमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरेका सामाग्रीहरुको पहिचान नम्बर तथा सिरियल नम्बर नराखि दाखिला गर्ने गरेकोले सामानको पहिचान खुल्ने गरी जिन्सी दाखिला गर्नु पर्दछ। उदाहरणका लागि ल्यापटप, डेस्कटप, मोवाईल, प्रिन्टर जस्ता सामाग्रीहरुको पहिचान नम्बर खुलाएको छैन। जिन्सीहरु वडा कार्यालय र स्वास्थ्य चौकीमा हस्तान्तरण गरी खर्च घटाएकोले एकीकृत अभिलेख राख्नु पर्दछ। गरीब घर पहिचानको ३ थान ट्याबलेट प्रशासन प्रमुख बलदेव न्यौपानेसंग भएकोमा पेश नभएकोले पेश हुनु पर्दछ। | |
| ८८ | | | **फरक शिर्षक**<br><br>गाँउपालिकाले बजेट खर्च गर्दा सम्बन्धीत खर्च शिर्षकबाट मात्र गर्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ वमोजिम खर्च शिर्षक बाट फरक किसिमका कुनै पनि खर्च गर्न मिल्दैन। तथापी गाँउपालिकाले यो वर्षको नमुना छनौटको आधारमा परिक्षण गर्दा असारमा देहाय वमोजिमको खर्च समेत भुक्तानी गरेको देखिएकोले यसरी बजेट शून्य बनाउने प्रयोजनले बाँकी रहेका बजेट शिर्षको बजेटबाट खर्च गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ। | |

| भौ नं मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ६४८।७९।३।२२ | पत्रपत्रिका सूचना छपाई २२३१५ बाट चार्जर सिसि क्यामेरा खरिद | २३८०० | रेहान स्टेशनरी एण्ड जनरल जनरल स्टोर्स |
| ६४९।०७९।३।२२ | मर्मत संचालनबाट प्रिन्टर कार्टिज खरिद ८ वटा | ३१६४० | उत्तरगया ग्रुप प्रा लि |

| | | | | |
|---|---|---|---|---|
| ८९ | | | **असारमा खरिद**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। | |

पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०७९ असार मसान्तमा देहायअनुसारका सामाग्रीहरु खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन्

| भौ नं मिति | आपूर्तिकर्ता | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १९१।०७९।३।२४ | दृष्टि सप्लायर्स | प्रम रोजगार केन्द्रको स्टेशनरी खरिद | ७९०७७ | बजेट खर्च गर्ने प्रयोजनले असारको खरिद |
| | | फोटोकपी पेपर २० रिम हार्डिक्स १, पेन , फाईल आदी | | |
| २५।०७९।३।२३ | कालिका बुक्स एण्ड स्टेशनरी | एक विद्यालय एक नर्स कार्यक्रम | २५४८७ | |
| २६।०७९।३।२३ | दृष्टि सप्लायर्स | एक विद्यालय एक नर्स कार्यक्रम | ६६८९६ | |
| | | तन्ना, पर्दा, व्याग, छाता, चप्पल, कार्पेट | | |
| ६४७।०७९।३।२२ | उत्तरगया स्टेशनरी एण्ड जनरल सप्लायर्स | ३० वटा प्रिन्टर कार्टिज | ९९१०१ | |
| ६४९।०७९।३।२२ | उत्तरगया ग्रुप प्रा लि | प्रिन्टर कार्टिज खरिद ८ वटा | ३१६४० | मर्मत संचालनबाट |
| ६४८।७९।३।२२ | रेहान स्टेशनरी एण्ड जनरल जनरल स्टोर्स | चार्जर सिसि क्यामेरा खरिद | २३८०० | पत्रपत्रिका सूचना छपाईबाट |
| १७१।०७९।३।२३ | विकास आचार्य | २०००० | | स्टेशनरी पेपर कार्टेज खरिद |

| | | | | |
|---|---|---|---|---|
| ९० | | | आमाबाबु विहिन बालबालिकाः .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९। १२।२३ को निर्णयबाट रु.१२०००० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ९१ | | | **ढुङ्गा नपुग परिमाण**<br><br>उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा ढुङ्गा खरिद ल्याएको वा बिल भर्पाई पेश नगरेको अवस्थामा समेत बढी ढुङ्गा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले ढुङ्गाको भर्पाई नल्याएको अवस्थामा संकलन खर्च मात्र मूल्याङ्कन गर्नुपर्नेमा संकलन तथा ढुवानी खर्च वापत लिडको मूल्याङ्कन नगरी | १,७२७,६४९ |

जिल्लादरको आधारमा प्रति घनमिटर रु. १६४४।- का दरले मूल्याङ्कन गरी भुक्तानी दिएकोले ढुङ्गा खरिद भएको प्रमाण पेश नभएको अवस्थामा संकलन लागत प्रति घन मिटर रु. १०८१ मात्र भुक्तानी दिनुपर्नेमा प्रति घनमिटर ५६३ बढी मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ नं।मिति | योजना | कार्यसम्पन्न अनुसार मुल्यांकन परिमाण | उस ले पेश गरेको विल | घटि परिमाण | दर | रकम | व.उ.शि.नं. |
|---|---|---|---|---|---|---|---|
| ९।७८।१२।२८ | तल्लो विमिरे सडक दलान निर्माण | १३३ | ० | १३३ | ५६३ | ७४८७९ | प्रदेश शर्शत |
| ३१।७८।९।२१ | बोक्सीडाँडा सिद्दि वाटो निर्माण | ३८.२१ | ० | ३८.२१ | ५६३ | २१५१२।२३ | पालिका पूँजिगत |
| ३२।७९।९।२१ | देउराली डाँडा हिमाल भ्यु स्थल निर्माण | ४९.७८ | ० | ४९.७८ | ५६३ | २८०२६।१४ | पालिका पूँजिगत |
| ५१।७८।१०।९ | गहिरीटोल देखि पहिरो खोला सम्म सिदि वाटो निर्माण | ५४.७ | ० | ५४.७ | ५६३ | ३०७९६।१ | पालिका पूँजिगत |
| ५४।७८।१०।९ | झोलुङ्गे पुल देखि बाटो सम्म गोरेटो वाटो निर्माण | ३६.४२ | ० | ३६.४२ | ५६३ | २०५०४।४६ | पालिका पूँजिगत |
| ५५।७८।१०।१ | जमरीखोला खेत सिंचाई योजना वडा नं ४ | ३०.७६ | ० | ३०.७६ | ५६३ | १७३१७।८८ | पालिका पूँजिगत |
| ५६।७८।१०।९ | ढकाल सुहारा देखि स्कुल सिदि वाटो निर्माण | ५१.१२ | ० | ५१.१२ | ५६३ | २८७८०।५६ | पालिका पूँजिगत |
| ५८।७८।१०।१० | बुलुन टोल संरक्षण | ७५. २३ | ० | ७५.२३ | ५६३ | ४२३५४।४९ | पालिका पूँजिगत |
| ६६।७८।१०।२३ | नव विजयी मावि देखि कर्मीडाँडा सम्म सिंदी वाटो निर्माण | १२३.९२ | ० | १२३.९२ | ५६३ | ६९७६६।९६ | पालिका पूँजिगत |
| ७६।७८।१०।२५ | भुमेदेवि मावि मेसिनरी वाल निर्माण | ३७.२६ | ० | ३७.२६ | ५६३ | २०९७७।३८ | पालिका पूँजिगत |
| ७७।७८।१०।२५ | बाविपो डाँडा नयाँवस्ती र सिंडि बाटो | १०७.३७ | ० | १०७.३७ | ५६३ | ६०४४९।३१ | पालिका पूँजिगत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ९४।७८।११।४ | मुजुवा थम्लु पदमार्ग | १०२.१४ | ० | १०२.१४ | ५६३ | ५७५०४।८२ | पालिका पूँजिगत |
| | | | ९८।७८।११।६ | अग्नीज्वाला हुदै ठुलो आँगन सम्म सिंदीबाटो निर्माण | ५९.२६ | ० | ५९.२६ | ५६३ | ३३३६३।३८ | पालिका पूँजिगत |
| | | | १०१।७८।११।६ | क्रिस्टिय धर्मावलम्वी समाधी स्थल निर्माण | ३६.२ | ० | ३६.२ | ५६३ | २०३८०।६ | पालिका पूँजिगत |
| | | | १०४।७८।११।६ | क्रिस्टियन धर्मावलम्वी प्राथना घर निर्माण | ३१ | ० | ३१ | ५६३ | १७४५३ | पालिका पूँजिगत |
| | | | १०९।७८।११।१ | पञ्चलिङ्गे विद्यालय खेल मैदान निर्माण | ११२ | ० | ११२ | ५६३ | ६३०५६ | पालिका पूँजिगत |
| | | | ११४।७८।११।११ | चुच्चे ढुंगाबाट फुन्जो खोला सिंढि निर्माण | ७३.२ | ० | ७३.२ | ५६३ | ४१२११।६ | पालिका पूँजिगत |
| | | | ११५।७८।११।११ | डाँडा गाउँ भदौरे टोल कालीमाटी सडक सुधार | ११३.९४ | ० | ११३.९४ | ५६३ | ६४१४८।२२ | पालिका पूँजिगत |
| | | | ११७।७८।११।११ | महिला सहकारी भदौरे सडक सिढिबाटो निर्माण | ४९.४६ | ० | ४९.४६ | ५६३ | २७८४५।९८ | पालिका पूँजिगत |
| | | | १२०।७८।११।१२ | डाँडा गाउँ मावि वस्ती संरक्षण | ६९ | ० | ६९ | ५६३ | ३८८४७ | पालिका पूँजिगत |
| | | | १२१।७८।११।१२ | होमस्टे डाँडाबारी सिंढी बाटो निर्माण | ५२.४३ | ० | ५२.४३ | ५६३ | २९५१८।०९ | पालिका पूँजिगत |
| | | | १०२।७८।११।६ | बनुवा लामिछाने आचार्य न्यौपाने टोल वस्ती संरक्षण | ५८.१८ | ० | ५८.१८ | ५६३ | ३२७५५।३४ | पालिका पूँजिगत |
| | | | ११२।७८।११।१० | राधाकृष्ण मन्दिर बनुवा घुम्ती | ५७.९ | ० | ५७.९ | ५६३ | ३२५९७।७ | पालिका पूँजिगत |
| | | | १२२।७८।११।१२ | भाँगे झरना आलढुंगा अवलोकन निर्माण | २१.८५ | ० | २१.८५ | ५६३ | १२३०१।५५ | पालिका पूँजिगत |
| | | | १२९।७८।११।२६ | दियाले चुच्चे दुर्गा देवि सिंढि निर्माण | ६८.१४ | ० | ६८.१४ | ५६३ | ३८३६२।८२ | पालिका पूँजिगत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३७।७८।११।३० | गैराघर वनुवा भलेसो नियन्त्रण | ६.८८ | ० | ६.८८ | ५६३ | ३८७३।४४ | पालिका पूँजिगत |
| १३८।७८।११।३० | ठुलागाउँ विसोनावारी गो वा नि उस | ३२ | ० | ३२ | ५६३ | १८०१६ | पालिका पूँजिगत |
| १४८।७८।११।३० | संखदेविस्थान संरक्षण तथा घेरावार उस | १३.१ | ० | १३.१ | ५६३ | ७३७५।३ | पालिका पूँजिगत |
| १४९॥७८।१२।२ | डाँडागाउँ खेल मैदान निर्माण उस | ६७.७४ | ० | ६७.७४ | ५६३ | ३८१३७।६२ | पालिका पूँजिगत |
| १५२।७८।१२।२ | लहरे आचार्य टोल संरक्षण उस | १९.४४ | ११ | ८.४४ | ५६३ | ४७५१।७२ | पालिका पूँजिगत |
| १५६।७८।२ | भट्टखोला वोगटिटार उस | ११.८३ | ० | ११.८३ | ५६३ | ६६६०।२९ | पालिका पूँजिगत |
| १५९।७८।१२।४ | तल्लो पैरो खोला बस्ती ढलान उस | ४४ | ० | ४४ | ५६३ | २४७७२ | पालिका पूँजिगत |
| १६८।७८।१२।२४ | पोवाधारो घरवस्ती संरक्षण उस | ११ | ० | ११ | ५६३ | ६१९३ | पालिका पूँजिगत |
| १७२।७८।१२।२४ | सिरुचेत खानेपानी तथा धारा उस | ८.२ | ० | ८.२ | ५६३ | ४६१६।६ | पालिका पूँजिगत |
| १७३।७८।१२।२४ | दलित वस्ती संरक्षण माझ गाउँ उस | २८ | ० | २८ | ५६३ | १५७६४ | पालिका पूँजिगत |
| १७४।७८।१२।२४ | छापागाउँ खनाल टोल उस | ११.१२ | ० | ११.१२ | ५६३ | ६२६०।५६ | पालिका पूँजिगत |
| १७७।७८।१२।२४ | कदमगैरे सडक निर्माण उस | ३७ | ० | ३७ | ५६३ | २०८३१ | पालिका पूँजिगत |
| १७८।७८।१२।२४ | बनुवा वस्ती संरक्षण उस | २२ | ११ | ११ | ५६३ | ६१९३ | पालिका पूँजिगत |
| १८४।७८।१२।२५ | ढाडवारी बनुवा सिँढेबाटो वडा नं ६ | ३३ | ० | ३३ | ५६३ | १८५७९ | पालिका पूँजिगत |
| १९८।७८।१२।२९ | घ्याङ देखि विक टोल सम्म सिँडे बाटो निर्माण | १९ | ० | १९ | ५६३ | १०६९७ | पालिका पूँजिगत |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९०।७८।१२।२८ | फाँट सिँचाई मनिगाउँ उ स | ७ | ० | ७ | ५६३ | ३९४१ | पालिका पूँजिगत | |
| | | | १९२।७८।१२।२८ | चिप्लेटी ढुंगा श्रिदेवि मन्दिर उस | ५९ | ० | ५९ | ५६३ | ३३२१७ | पालिका पूँजिगत | |
| | | | १९६।७८।१२।२९ | डाँडावारी सिँडी बाटो निर्माण उस | ३४ | ० | ३४ | ५६३ | १९१४२ | पालिका पूँजिगत | |
| | | | १८९।७८।१२।२८ | तिरु प्रावि संरक्षण उस | १९ | ० | १९ | ५६३ | १०६९७ | पालिका पूँजिगत | |
| | | | २०१।७८।१२।२९ | बोगटीटार ढुंगेधारा पुननिर्माण तथा व्यवस्थापन उस | २७ | ० | २७ | ५६३ | १५२०१ | पालिका पूँजिगत | |
| | | | २११।७९।१।५ | सडक देखि गैराघर हुदै तल्लो इटपारे ढलान बाटो उस | ४० | ० | ४० | ५६३ | २२५२० | पालिका पूँजिगत | |
| | | | २१७।७९।१।५ | माझगाउँ सिरान टोल घर वस्ती उ स | २४ | ० | २४ | ५६३ | १३५१२ | पालिका पूँजिगत | |
| | | | २२५।७९।१।६ | उपल्लो पौवा वस्ती ढलान वाटो निर्माण | २५ | ० | २५ | ५६३ | १४०७५ | पालिका पूँजिगत | |
| | | | २२७।७९।१।६ | सिम्ले साँढी निर्माण उस | ७८ | ० | ७८ | ५६३ | ४३९१४ | पालिका पूँजिगत | |
| | | | २२८।७९।१।६ | काप्रो बाटो देखि कोदारी सम्म जाने ढलान बाटो उस | ६० | ० | ६० | ५६३ | ३३७८० | पालिका पूँजिगत | |
| | | | २२९।७९।१।६ | तल्लो बनुवा प्रतिक्षालय निर्माण उ स | १० | ० | १० | ५६३ | ५६३० | पालिका पूँजिगत | |
| | | | २३२।७९।१।८ | देउराली हिमालय भ्यु स्थल रेलिङ बार निर्माण उ स | ८ | ० | ८ | ५६३ | ४५०४ | पालिका पूँजिगत | |
| | | | २३९।७९।१।९ | घिमिरेटोल उपल्लो टोल पौवा घर वस्ती उस | ३५ | ० | ३५ | ५६३ | १९७०५ | पालिका पूँजिगत | |
| | | | २४१।७९।१।२१ | सिम्ले घर बस्ती संरक्षण उस | ७० | ० | ७० | ५६३ | ३९४१० | पालिका पूँजिगत | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५६।७९।२।२४ | लहरे पौवा चौतारा टोल सिंचाई व्यवस्थापन | २७ | ० | २७ | ५६३ | १५२०१ | पालिका पूँजिगत |
| २५७।७९।२।२४ | बोगटिटार विस्थापित टोल संरक्षण उस | १२ | ० | १२ | ५६३ | ६७५६ | पालिका पूँजिगत |
| २५९।७९।२।२४ | लहरे देखि बाबुलाल घर सम्म ढलान सीढी उस | ३० | ० | ३० | ५६३ | १६८९० | पालिका पूँजिगत |
| २।२०७८।११।६ | पैरेगाउँ खानेपानी निर्माण | ११६.८७ | ० | ११६।८७ | ५६३ | ६५७९७.८१ | प्रदेश पूँजिगत |
| ६।२०७८।१२।२ | देउराली डाँडा खेल मैदान निर्माण | ४०२. | ० | ४०२ | ५६३ | २२६३२६ | प्रदेश पूँजिगत |
| | जम्मा | | | | | १७२७६४९.९१ | |

९२

**सिमेन्ट नपुग परिमाण**

२४६,५१३

उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको वा बिल भर्पाई पेश नगरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएको छ । मूल्याङ्कन दर अनुसार प्रति बोरा सिमेन्टमा मु.अ.कर समेत रु. १०२० का दरले मूल्याङ्कन गरी भुक्तानी दिएकोले यथार्थमा प्रयोग नभएको सिमेन्टको मूल्याँकन गरी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. मिति | योजनाको नाम | कार्य सम्पन्न प्रतिवेदन अनुसार सिमेन्टको प्रयोग बोरामा | उपभोक्ताले पेश गरेको विल अनुसारको सिमेन्ट परिमाण बोरामा | घटी परिमाण | मूल्याङ्कन दर प्रति बोरा | बढी भुक्तानी मु.अ.क. समेत |
|---|---|---|---|---|---|---|
| १२२।७८।११।१२ | भान्जेखोला झरना अवलोकन र पहुच निर्माण | ५९ | ४८ | ११ | १०२० | ११२२० |
| १५३।७८।१२।२ | ठुलो गाउँ पुरानो सिडि वाटो | ४३.६८ | २० | २४ | १०२० | २४१५३।६ |
| १३०।७८।११।२६ | उपल्लो विमिरे खा पा योजना | १०४ | ८० | २४ | १०२० | २४४८० |
| २४६।७९।२।१९ | आलडाँडा बोगटिटार सामुदायिक कार्य स्थल निर्माण | ६१ | ५० | ११ | १०२० | ११२२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १।७९।२।१८ | शान्ति वजार ठुलोगाउँ डाँडागाउँ सडक योजना | ३६२ | २८० | ८२ | १०२० | ८३६४० |
| १३।७९।३।२३ | गणेश प्रावि सिरुचेत भवन निर्माण | ४०० | ३१० | ९० | १०२० | ९१८०० |
| | | | | | | २४६५१३।६ |

९३

**नापि अनुसारको घटी विल**

७२,०२२

उपभोक्ता समिति वाट भएको काममा निम्न उपभोक्ता समितिले गरेको कामको विल पेश गर्नुपर्ने आइटमको नापि किताव, कार्यसम्पन्न प्रतिवेदन अनुसारको परिमाणमा उपभोक्ताको विल विजक पेश गर्नुपर्नेमा घटि विल विजक रहेको अवस्थामा पनि वढि परिमाण मुल्यांकन गरी भुक्तानी दिएकोले देहायअनुसार बढि भुक्तानी रकम असुल हुनुपर्ने रु

| भौ नं।मिति | योजनाको नाम | नापी अनुसार | विल अनुसार | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १४१।७८।११।३० | पैरे घले भलेसो निर्माण | २१२ | १४१ | १११ | ७८८१ | रडको विल अपुग |
| १५३।७८।१२।२ | ठुलो गाउँ पुरानो सिडि वाटो | २९७ | १८० | ११२ | १३१०४ | रडको विल कम भएको |
| १७०।७८।१२।२४ | रेडक्रस भवन निर्माण | ११५३ | १०३० | ११२ | १३७७६ | रडको विल कम भएको |
| १७२।७८।१२।२४ | सिरुचेत खानेपानी तथा धारा | २०७० | १९०० | ४१।८१ | ७१०७ | पाइपको विल कम भएको |
| २३७।७९।१।९ | पदाली टोल विक टोल जोड्ने ढलान वाटो निर्माण | ५५०।५६ | ३६३ | १६०।।७७ | ३०१५४ | गोलो पाइपको घटि विल |
| | जम्मा | | | | ७२०२२ | |

९४ ४३ २०७८-१०-५

**वडा नं ५ को वस्ति संरक्षण कार्य**

१४२,०००

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

क. पालिकाले तयार गरेको उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिको गठन गर्नु भन्दा पहिला ७ दिने सूचना जारी गरी लाभग्राहीको भेला आयोजना गर्ने र वास्तविक लाभग्राहीको संख्या यकिन गरी लाभग्राहीको लागत समेत समावेश गरी लागत अनुमान तयार गरी निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । तर कार्यालयले

पालिकाको वडा नं. ५ मा ५ जना व्यक्तिको जग्गामा ढुंगाको जाली बनाउने कार्यका लागि ९ जना उपभोक्ता समितिमा पदाधिकारी राखेको मध्ये २ जना मात्र लाभग्राही समावेश गरेकोले उपभोक्ता समिति गठन र कृयाकलाप संचालन पारदर्शि र प्रभावकारी देखिएन ।

ख. उक्त संरक्षण कार्यको लागि पालिकाले ६५ थान जाली दिएकोमा सो को हिसाव गर्दा १२५ घ.मि. ढुंगाको लागि रु.१२००/- का दरले रु.१४२०००/- भुक्तानी दिएको छ । यसरी ५ जना व्यक्तिको लागि जाली दिएकोमा जालिमा ढुंगा भर्ने कार्यका लागि समेत रकम भुक्तानी भएको नियमित नदेखिएको रु.

९५

**प्राविधिकको फिल्डभत्ता**

१,०४४,०००

आयकर निर्देशिका, २०६६ वुदा नं.१७.४.११ मा समान सर्तमा सबै कर्मचारीहरुलाई उपलव्ध हुने गरी रोजगारदाताबाट कार्यस्थलमा उपलव्ध गराईएको खाना तथा खाजा बाहेक कर्मचारीहरुलाई खाना तथा खाजा वापत नगदै उपलव्ध गराएको अवस्थामा कर्मचारीको आयमा समावेश गरी कर गणना गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले यसवर्ष ७ जना प्राविधिकको फिल्डमा काम गर्ने कर्मचारीलाई २०७८ कार्तिकदेखि २०७९ आषाढ सम्मको प्राविधिक फिल्ड भत्ता वापतको देहाय बमोजिमको रकम नगदै भुक्तानी गरेकोमा आयमा समावेश गरेको देखिएन। उक्त भत्तालाई आयमा जोडी कर गणना गरी कर कट्टी गर्नुपर्ने अन्यथा अग्रिम आयकर वापत १५ प्रतिशतका दरले कर कट्टा गरी कर दाखिला गर्नुपर्ने देखिएको छ । कार्य सम्पादनमा आधारित नगरि सुविधा सम्बन्धि कानून वेगर एकमुष्ट रुपमा मासिक सुविधा स्वरुप कर्मचारीको पारिश्रमिक बृद्धि गरि थप दायित्व बढाएको र आधारभूत रुपमा फिल्डमा काम नहुने महिनाममा समेत फिल्ड भत्ता दिएकोले वास्तविक रुपमा फिल्डमा नखटिने महिनाको लागि सुविधामा नियन्त्रण गरि नियमित गर्नुपर्ने देखिएको समेत रु

| सि नं. | कर्मचारी नामथर | तह | भत्ता रकम | महिना | जम्मा भत्ता | छुट कर रकम १५% |
|---|---|---|---|---|---|---|
| १ | श्री सरोज केसी | ५ | १३५०० | १२ | १६२००० | २४३०० |
| २ | श्री रामकृष्ण रेग्मी | ५ | १३५०० | १२ | १६२००० | २४३०० |
| ३ | श्री चक्र ब कार्की | ५ | १३५०० | १२ | १६२००० | २४३०० |
| ४ | श्री कृष्ण प्रसाद पौडेल | ५ | १३५०० | १२ | १६२००० | २४३०० |
| ५ | श्री सुरज प्याकुरेल | ४ | १२००० | १२ | १४४००० | २१६०० |
| ६ | श्री राज कुमार श्रेष्ठ | ४ | १२००० | १२ | १४४००० | २१६०० |
| ७ | श्री आरती सुवेदी | ४ | १२००० | ९ | १०८००० | १६२०० |
| जम्मा | | | | | १०४४००० | १५६६०० |

<table>
<tr><td>९६</td><td>४४</td><td>२०७८-१०-५</td><td>जमरी छाप सिचाई योजना<br><br>यो वर्ष प्रदेश पुर्वाधार विकास मन्त्रालयवाट जमरी छाप सिंचाई आयोजनाको लागि भौनं ९-७९/३/१९ वाट रु.९१७०००/- भक्तानी भएकोमा पालिका वाट ऐनं ३९-७८/१०/४ वाट रु.४४९०००/- भुक्तानी भएकोमा एउटै स्थानमा दुईवटा उपभोक्ता समिति गठन गरी निर्माण प्रक्रिया अघाडि वढाएको देखिन्छ । साथै उक्त निर्माण कार्यको Land slide clearance, drain निर्माण र ग्याविन निर्माण जस्ता काम दोहोरिएको र निर्माण स्थल एउटै रहेकोमा चेनेज समेत नखुलाएकोले दोहोरो परे नपरेको पुनः जाँच गरी एकिन गरी दोहोरो नपरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>४४९,०००</td></tr>
<tr><td>९७</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रमको बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु १४९४०८७।०० गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको विवरण निम्नानुसार छ ।<br><br>
<table>
<tr><td>कन्टिन्जेन्सीको विवरण</td><td>खर्च रकम</td></tr>
<tr><td>दैनिक भ्रमण तथा प्राविधिक फिल्ड भत्ता</td><td>१,०२०,०००</td></tr>
<tr><td>मर्मत</td><td>२८,५१०</td></tr>
<tr><td>मसलन्द</td><td>५०,७७८</td></tr>
<tr><td>खप्ने मालसामान खरिद</td><td>५६८,६७५</td></tr>
<tr><td>निर्माण खर्च</td><td>१,७१४,०२९</td></tr>
<tr><td>अन्य</td><td>२००,५८५</td></tr>
<tr><td>जम्मा</td><td>३,५८२,५७७</td></tr>
<tr><td>मु.अ.कर. र अग्रिम आयकर बाहेक निर्माण खर्च</td><td>१,४९४,०८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>९८</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना</td><td></td></tr>
</table>

नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन।

९९

**वार्षिक प्रतिवेदन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

१००

**छुट सुविधा कम लिएको**

गाउँपालिकाले आफ्नो सुचनाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्दा २५ प्रतिशतले छुट लिनु पर्नेमा १५ प्रतिशत मात्र छुट लिएको देखिएकोले रु ७३५६३ थप व्ययभारपरेकोले वढि छुट लिई मितव्यिता कायम गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ।

| भौ नं।मित | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | लिएको छूट १५ प्रतिशत | लिनुपर्ने छुट २५प्रतिशत | फरक |
|---|---|---|---|---|---|
| २६९।७८।११।५ | एड फोकस मल्टिपल विजनेश प्राली | १२७९४७ | २०२५० | ३३७५० | १३५०० |
| २७०।७८।११।५ | रेन्वो मिडिया प्राली | ८००८५ | १२६७५ | २११२५ | ८४५० |
| २७१।७८।११।५ | रेन्बो मिडिया प्राली | ५१७४७ | ८१९० | १३६५० | ५४६० |
| २७२।७८।११।५ | रेन्बो मिडिया प्राली | ११६७६३ | १८४८० | ३०८०० | १२३२० |
| ३२४।७८।१२।१ | रिलेशन ग्रुप प्राली | ४०९४२ | ६४५० | १०८०० | ४३२० |
| २३५।७८।१२।१ | रिलेशन ग्रुप प्राली | ५४२११ | ८५५० | १४३०० | ५७२० |
| ३८८।७८।१२।२८ | रिलेशन ग्रुप प्राली | ३८३८३ | ६०७५ | १०१२५ | ४०५० |
| ३८९।७८।१२।२८ | रिलेशन ग्रुप प्राली | ४२२२२ | ६६८२ | १११३८ | ४४५५ |
| ३९०।७८।१२।२८ | रिलेशन ग्रुप प्राली | ६४०६७ | १०१४० | १६९०० | ६७६० |
| ४०७।७८।१२।३० | एड फोकस मल्टिपल बिजनस प्राली | १३३०६४ | २१०६० | ३५१०० | १४०४ |
| ४६३।७९।१।२६ | एड फोकस मल्टिपल बिजनस प्राली | १३४८५४ | २१०६० | ३५१०० | १४०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५६७।७९।३।१२ | एड फोकस मल्टिपल बिजनस प्राली | ५४२११ | ८५८० | १४३०० | ५७२० |
| | | | | जम्मा | ७३५६३ |

१०१

**विल भरपाई**

१०,०००

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।पालिकाले गरेको देहाय अनुसारको भुक्तानी नमिल्ने देखिएको रकम असुल हुनुपर्ने रु

| भौ नं मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ५५७।७९।३।३ | संचार महशुल रिचार्ज गरेको प्याकुरेल ईलेक्ट्रोनिक्सलाई भुक्तानी | १००००।०० | पदाधिकारी तथा कर्मचारीले व्यक्तिगत भुक्तानी तथा सुविधा लिएकोमा थप विल संल्गन गरी भुक्तानी लिएकोले असुल हुनुपर्ने |
| | ९८५७०३१४४४ रु ८००० | | |
| | ९८६०५५९८६० रु १००० | | |
| | ९८५१२५४७९० रु २००० | | |

१०२

**एउटै वैकं खाता वाट दुईजनालाई सामाजिक सुरक्षा भत्ता वितरण:**

१,२५८,२७८

पालिकामा सामाजिक सुरक्षा प्राप्त गर्ने प्रत्येक लाभग्राहीको फरक बैंक खातामा भुक्तानी हुनुपर्नेमा यस पालिकाबाट पेश भएको विवरण अनुसार देहाय अनुसारको त्रैमासिकको भत्ता वितरणको फर्वार्ड रिभर्स फीड हेर्दा निम्न व्यक्तिहरुले एउटै बैंक खातावाट भत्ता वुझेको भनि देखाएकोले दोहोरो नभएको प्रमाण पेश हुनुपर्ने अन्यथा यकिन गरी असुल हुनुपर्ने रु

**प्रथम त्रैमासिक**

| परिचयपत्रनं. | नाम | लिङ्ग | फरवाड | शिर्षक | बैंङदाखिला | बैंकखाता |
|---|---|---|---|---|---|---|
| २००६०२०३०४११४ | फुल माया तामाङ | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२०५५००१९ |
| २००६०२०५०७२६२ | राम वहादुर तामाङ | पुरूष | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२०५५००१९ |
| १९९३०४०१२३४४५ | कामी घले | पुरूष | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२१४६००१३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९९०१००७००९८९ | डण्डुन तमाङ | पुरूष | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२१४६००१३ | |
| | | | २००२०१०५०९३९३ | ज्यामिन्दो तमाङ | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२२८६००१५ | |
| | | | १९९८०१०७०१४८४ | पुदुल तमाङनी | महिला | ७९८० | जेष्ठ नागरिक एकलमहिला | ७९८० | ४४०८०२२८६००१५ | |
| | | | २०१८०५१००५३१२ | जेठी माया तामाङ | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२३३४००१५ | |
| | | | २०१६०६१००२१८८ | सेल्जा तामाङनी | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२३३४००१५ | |
| | | | २००९०११७०११९९ | कमिला तमाङ | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२३३७००११ | |
| | | | २००९०२१००२६१२ | न्हिमा छोई तमाङनी | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२३३७००११ | |
| | | | २००८१२१००१५६५ | मर्साङ तामाङनी | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२३३७००११ | |
| | | | २०२११२०७००२९३ | प्लेक्ता तमाङ | पुरूष | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२४४३००१८ | |
| | | | २०२५१०२९००३३४ | सोतीमाया तमाङ | महिला | ७९८० | जेष्ठ नागरिक एकलमहिला | ७९८० | ४४०८०२४४३००१८ | |
| | | | २०२०१००४००३२२ | मंगले तमाङ | पुरूष | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२४७३००११ | |
| | | | २०२७०४०५०१६९५ | वाङ तामाङ | पुरूष | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२४७३००११ | |
| | | | २०७४१०१९०८८४९ | प्रिया घले | महिला | १२००० | अन्य जेष्ठ नागरिकभत्ता | १२००० | ४४०८०२७४६००१५ | |
१२३.३ उद्यम विकास कार्यक्रम अन्तर्गत देहायका प्रविधि हस्तान्तरण कार्यक्रममा वित्तरण भएको सम्बन्धमा हस्तान्तरण भरपाई र फोटो नभएकोले सम्बन्धित सहभागीले बुझेको प्रमाण पेश हुनुपर्ने रु २०४,००९

| भौ नं | सप्लायर्स | उद्यम प्रविधि हस्तान्तरण | रकम | कैफीयत |
|---|---|---|---|---|
| ५७।०७८।११।९ | के के सप्लायर्स | ११ सिलाई मेसिन रु १७०० का दरले | १८७००९ | फोटो, हस्तान्तरण नभएको<br>सुदिप न्यौपानेले बुझेको |
| १८०।०७९।३।४ | सिलाई मेशिन १ थान | Usha ९५१० standable | १७००० | कसलाई हस्तान्तरण गरेको देखिएन |
| | | | २०४००९ | |

१२३ लघु उद्यम कार्यक्रमको कार्यक्रम अनुसार समूहमा प्रविधि हस्तान्तरण गर्नुपर्ने उल्लेख रहेको र सो प्रविधि अनुसार उत्पादन वृद्धि गर्नुपर्ने मा उद्यम विकास शाखाले सो नगरी प्रत्येक सहभागीलाई पानी ट्यांकी र २३२,०००

<table>
<tr><td>.४</td><td></td><td></td><td>जस्ता पाता वितरण गरेको छ । साथै पुरानो उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा पशुपालनको पुरानो उद्यमी (खोर व्यवस्थापन)को पहिचान गर्नुपर्ने, अभिलेख राख्नु पर्ने र सम्बन्धित कार्यमा प्रयोग गरेको हुनुपर्नेमा सो गरेको प्रमाण पेश भएको छैन । शाखाले खरिद गरी सामाग्री हस्तान्तरण गरेको मात्र देखाएको छ । यस सम्बन्धमा खर्च भएको खुल्ने प्रमाण तथा पुष्ट्याई पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ नं</td><td></td><td>कार्यक्रम</td><td>विवरण</td><td>रकम रु</td></tr>
<tr><td>१५३।०७९।३।२०</td><td>शिवम ईन्टरप्राईजेज</td><td>उद्यम प्रविधि हस्तान्तरण</td><td>१६ वटा ५०० लिटर ट्यांकी रु ५७५० का दरले १६ जनालाई वितरण</td><td>९२०००</td></tr>
<tr><td rowspan="2">१९४।०७९।।</td><td rowspan="2">शिवम ईन्टरप्राईजेज</td><td rowspan="2">सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण</td><td>१० बन्डल जस्ता पाता रु १४००० का दरले १० जनालाई वितरण फोटो नभएको भरपाई मात्र</td><td rowspan="2">१४००००</td></tr>
<tr><td>२०७९।३।२ मा प्रविधि हस्तान्तरणको भरपाई मात्र राखेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२४</td><td></td><td></td><td>कक्षा ८ को परीक्षा व्यवस्थापन खर्च</td><td></td></tr>
<tr><td>१२४ .१</td><td></td><td></td><td>कक्षा ८ को परीक्षा व्यवस्थापनको लागि शिक्षा अधिकृत पवित्रा शर्माले परीक्षा संचालन खर्च वापत देहाय अनुसार खर्च र शोधभर्ना लिएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।
<table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>रकम</td></tr>
<tr><td>४९८-०७९।२।२३</td><td>२०००००</td></tr>
<tr><td>१११-०७९।२।२२</td><td>२४५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२४ .२</td><td></td><td></td><td>भौचर नं.४९८ मा प्रश्नपत्र छपाइ खर्च उल्लेख गरेको र फोटोकपी र अन्य मसलन्द सामाग्री खरिद गरेको देखिन्छ। तर निजले भौचर नं. १११ बाट प्रश्नपत्र, उत्तरपुस्तिका र ग्रेड सिट छपाइ वापत रु. १६००० समेत लिएको देखिन्छ । यसरी दोहोरो खर्च भएको उपयुक्त देखिएन। र, केन्द्राध्यक्ष अभिमुखीकरण गरेको भनि गरेको भनी रु. ६००० शोधभर्ना लिएकोमा अभिमुखीकरण गरेको खुल्ने प्रमाण पेश नभएकोले सो प्रमाण पेश नभएमा असुल गर्नुपर्ने रु.</td><td>६,०००</td></tr>
<tr><td>१२४ .३</td><td></td><td></td><td>प्रश्नपत्र छपाईः पालिका अन्तर्गतका सवै विद्यालयहरुमा कम्प्युटर तथा प्रिन्टर रहेको तथा सवै विद्यालयहरुमा व्यवस्थापन तथा संचालन अनुदान भुक्तानी हुने गरेको अवस्थामा प्रश्नपत्र छपाइ गरिरहनुपर्ने अवस्था देखिदैन। कक्षा ८ को प्रश्नपत्र १२० छपाई गरेकोमा ग्रेडसिट र प्रमाणपत्र १५० प्रति छपाएको उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>१२५</td><td></td><td></td><td>प्रशिक्षक भत्ता<br><br>पालिकाले गरिवि निवारणका लागि उद्यम विकास कार्यक्रम अन्तर्गत देहाय अनुसार प्रशिक्षकहरुलाई भत्ता दिएकोमा भरपाई मात्र पेश गरेको छ । उक्त भुक्तानी EFT मार्फत वा सम्बन्धितको खातामा भुक्तानी गर्नुपर्ने मा सो नगरेकोले सम्बन्धित प्रशिक्षकहरुलाई सोही रकम भुक्तानी भएको सम्बन्धमा विश्वस्त हुन सकिने देखिदैन ।</td><td>३५,०००</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>तालिम</td><td>प्रशिक्षक</td><td>भत्ता रकम</td></tr>
<tr><td>ढाका बुनाई तालिम</td><td rowspan="2">अम्बिका वि क</td><td rowspan="2">५२५००</td></tr>
<tr><td>४५ दिने २०७९ जेष्ठ ३ देखि असार १६ सम्म</td></tr>
<tr><td>सिलाई कटाई सम्बन्धि तालिम</td><td rowspan="2">चमेली वि क</td><td rowspan="2">१४५०००</td></tr>
<tr><td>३ महिने २०७८।११।४ देखि ७८।२।४</td></tr>
<tr><td>सेनिटरी प्याड बनाउने तालिम ७ दिने ०७९।१।१ देखि ७</td><td>चमेली वि क सुनुवार</td><td>२१०००</td></tr>
<tr><td>सेनिटरी प्याड बनाउने तालिम ७ दिने ०७९।३।१३ देखि १९</td><td>चमेली वि क सुनुवार</td><td>२१०००</td></tr>
<tr><td>पशु पालन सम्बन्धि तालिम ५ दिने ०७८।१२।१६ देखि २०</td><td>शंकर घिमिरे</td><td>२००००</td></tr>
<tr><td>स्यामापाङ्गाप बुन्ने ३० दिने तालिम ०७९।२।१९ देखि ३।१८</td><td>पासाङ तामाङ</td><td>३५०००</td></tr>
<tr><td>स्यामापाङ्गाप बुन्ने ३० दिने तालिम वडा १ ०७९।२।१८ देखि ३।१७</td><td></td><td>३५०००</td></tr>
<tr><td>सिलाई कटाई सम्बन्धि तालिम ३० दिने २०७९।२।१९ देखि ०७९।३।१८</td><td>कल्पना थापा मगर</td><td>३५०००</td></tr>
<tr><td>जम्मा</td><td>TOTAL</td><td>३६४५००</td></tr>
</table>
प्रशिक्षक भत्ताः १८२।०७९।३।४ बाट २०७९।२।१९ देखि ३।१८ स्यामापाङ्गाप बुन्ने ३० दिने तालिममा प्रशिक्षण गरेवापत प्रशिक्षक पासाङ तामाङलाई रु ३५०००।०० हजार भुक्तानी दिएकोमा प्रशिक्षकको तालिम प्रमाण पत्रमा टिपेक्स लगाई नाम लेखेको र फोटो समेत नराखेको देखिएकोले उक्त तालिममा प्रशिक्षकको भुक्तानी विश्वस्नीय देखिएन। साथै स्यामापाङ्गाप बुन्ने ३० दिने तालिम २ वटा वडामा एकै पटक भएको देखिएको र दुवै वडामा सोही समयमा तालिम भएको प्रमाण पेश भएकोले दोहोरो खर्च हुन सक्ने जोखिम देखिन्छ। यस सम्बन्धमा दुवै तालिममा फरक प्रशिक्षकले तालिम दिएको फोटो, प्रशिक्षकको पहिचान खुल्ने कागजात र तालिम प्रमाणपत्र पेश हुनुपर्ने अन्यथा कार्यक्रम संचालकबाट असुल हुनुपर्ने रु
</td>
<td></td>
</tr>
<tr>
<td>१२६</td>
<td></td>
<td></td>
<td> प्रदेश पुर्वाधार विकास मन्त्रालय
प्रदेश पुर्वाधार अन्तर्गत विभिन्न योजना संचालन गर्ने कार्य वापत यो वर्ष रु ६०९००००।०० खर्च भएकोमा अषाढ महिनामा मात्र ७८.३१ प्रतिशत आर्थात रु ४७६९०००।०० खर्च भएको छ। यसरी वर्षको अन्तमा मात्र ठुलो रकम खर्च हुदा वित्तिय जोखिम बढेको अवस्था छ। </td>
<td></td>
</tr>
<tr>
<td>१२७</td>
<td>१६२</td>
<td>२०७९-३-२१</td>
<td> वर्षको अन्तमा खर्च
वर्षको अन्तमा रकम फ्रिज नगराउने उद्देश्यले निकासा र खर्च गर्न मिल्दैन। पालिकाले वडा न १ तिरुमा निर्माणाधिन तिरु आधारभुत विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे पक्की भवन निर्माणको लागि रु १७१००००।०० को भवनको लागत अनुमानको आधारमा निकासा गरेको छ। उक्त स्थान भुकम्प अति प्रभावित स्थान रहेको र अन्य संघसंस्थाले समेत उक्त स्थानमा निर्माण कार्यका लागि खर्च गरेको बुझिन आएको छ। निकासा गरेको रकमको कार्य सम्पन्न भएको प्रमाण पेश नभएकोले अन्य संघसंस्थाबाट वा सरकारका अन्य निकायले समेत उक्त विद्यालयको भवन निर्माण गर्न रकम दिए </td>
<td>१,७१०,००० </td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | नदिएको एकिन गरी निर्माण सम्पन्न भएको प्रमाण पेश नभएमा असुल गर्नुपर्ने रु | |
| १२८ | | | **दोस्रो त्रैमासिक**<br><br>निकासा दिँदा आवश्यक प्रमाण सहित निकासा दिनुपर्नेमा देहायका विद्यालयहरुमा छुट रकम भनी हिसाव एकिन नगरी प्रमाण बेगर निकासा दिएको देहायको रकम एकिन गर्नुपर्ने देखिएको छ। | |
| १२९ | १५९ | २०७९-३-१९ | **सामुदायिक सिकाइ केन्द्र संचालन**<br><br>यस पालिका भित्र डाँडागाउँ सामुदायिक केन्द्र, नवविजयी सामुदायिक सिकाई केन्द्र र भूमे देवि सामुदायिक सिकाई केन्द्र गरी ३ वटा सामुदायिक सिकाई केन्द्र संचालनामा रहेकोमा सामुदायिक शिक्षा केन्द्र सहयोगी वास्तविक रुपमा संचालन नभई सम्वन्धित विद्यालयहरुमा सहयोगी रुपमा कार्यरत रहेको पाइयो । | २००,००० |

Table (१२८):

| विद्यालयको नाम | छुट निकासा रकम |
|---|---|
| करुमन्याङ आ.वि. करुमन्याङ | ३०००० |
| गणेश प्रा.वि. सिरुचेत | २७५०० |
| भुमेदेवी मा.वि. ठूलोगाउँ | २२५०० |
| शिवालय नि.मा.वि. | १२५०० |
| नवविजय मा.वि. | २२५०० |
| जम्मात | ११५००० |

Table (१२९):

| सिकाई केन्द्र | सहजकर्ता | विद्यालयको नाम | कार्य | रकम |
|---|---|---|---|---|
| डाँडागाउँ सामुदायिक केन्द्र, | श्रीमायाँ गुरुङ | डाँडागाउँ मावि | शिशु कक्षा | ० |
| नवविजयी सामुदायिक सिकाई केन्द्र | लक्ष्मी आचार्य | नव विजय मावि | शिशु कक्षा | १००००० |
| भूमे देवि सामुदायिक सिकाई केन्द्र | आर्या गुरुङ | भुमेदेवि मावि | शिशु कक्षा | १००००० |

सामुदायिक सिकाइ केन्द्र संचालनमा नरहेका कारण नवजीवन सामुदायिक विकास केन्द्रका सहजकर्ता लक्ष्मी आचार्यले नवजीवन मा.वि.मा, भुमेदेवी सामुदायिक केन्द्रका सहजकर्ता आर्या गुरुङले भूमेदेवी मा.वि.मा कार्यरत रहेको अवस्थामा प्रस्तावको आधारमा रु. १००००० का दरले २ सामुदायिक विद्यालयमा निकासा दिएकोले त्यसरी निकासा दिन सिफारिस गर्ने र यथार्थ अवस्थाको जानकारी नलिई वर्षको अन्त्यमा रकम फ्रिज नगराउने उद्देश्यले निकासा स्वीकृत गर्ने व्यक्तिलाई जिम्मेवार बनाइ असुल गर्नुपर्ने रु.

<table>
<tr><td>१३०</td><td>६५</td><td>२०७८-१०-२३</td><td>जुगेपानी बनुवा पछार सिमखेल कृषि सडक निर्माण<br><br>जुगेपानी बनुवा पुछार सिमखेत कृषि सडक निर्माण उपभोक्ता समितिलाई रु.५३८०००/- भुक्तानी गर्दा मुल्यांकनमा ९८.५ घनमिटर ढुंगाको जाली भर्ने कार्य सम्पन्न देखाएकोमा उपभोक्ताले वागमती ग्याविन वक्सको विल नं ३६९ मिति २०७८।१०।५ मा २*१*१को २६ थान र १.५*१*१ को जाली २७ थान मात्र खरिद गरेकोले जम्मा ९२.५ घन मिटर ढुंगा भरेको देखिएकोले प्रति घन मिटर मुल्यांकन दर रु. ५३३७.९३ दरले ४ घनमिटरको रु.३२०२७/- असुल गर्नुपर्ने देखिएको रु.</td><td>३२,०२७</td></tr>
<tr><td>१३१</td><td></td><td></td><td>वर्षको अन्त्यमा खर्च</td><td></td></tr>
<tr><td>१३१.१</td><td>१४२</td><td>२०७९-३-१४</td><td>वर्षको अन्त्यमा रकम फ्रिज नगराउने उद्देश्यले रकम खर्च गर्न र निकासा दिन हुदैन। कार्यालयले वर्षको अन्त्यमा नयाँ प्राविधिक धारका विद्यालय संचालनको लागि शिक्षण सहयोग अनुदान तथा ल्याव व्यवस्थापन अनुदान एक प्राविधिक धार संचालन भएको विद्यालय ल्याव सुदृढिकरण तथा स्तरोन्नतिका लागि अनुदान र विद्यालयमा आइटी ल्याव स्थापना सुदृढिकरण एवं Digital Library स्थापनाका लागि अनुदान भनि देहायको विद्यालयमा देहाय अनुसारको निकासा दिएको छ।<br><br>
<table>
<tr><td>विद्यालयको नाम</td><td>अनुदान शिर्षक</td><td>रकम</td></tr>
<tr><td>निलकण्ठ मा वि</td><td>ल्याव सुदृढिकरण</td><td>१००००००</td></tr>
<tr><td>डाँडागाउँ माध्यामिक वि</td><td>ICT ल्याव</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६५००००</td></tr>
</table>
<br>उत्तरगया गाउँपालिका वाट प्रकाशिन शैक्षिक वुलेटिन २०७७।७८ मा उल्लेख भए अनुसार भुकम्प पछि वन्द भएका ३ विद्यालय घटाउदा १९ विद्यालय मध्ये १५ विद्यालयमा ICT ल्याव व्यवस्थापन भएको भनि भएको वुलेटिनमा दुङ्ग्रे आधारभुत विद्यालय लहरेपौवामा ICT तथा कम्प्युटर व्यवस्थापन भएको भनि उल्लेख भएको छ। तर कार्यालयले सोही विद्यालयलाई यो वर्ष ICT व्यवस्थापनका लागि रकम निकासा गरेकोले यसरी निकासा मात्र गर्ने मनसायले वर्षको अन्त्यमा निकासा गर्न सिफारिस गर्ने अधिकारी एवं स्विकृत गर्ने व्यक्तिलाई जिम्मेवार वनाई उक्त निकासाक रकमबाट तोकिएको उद्धेश्य पूरा भएको प्रमाण पेश नभए असुल गर्नुपर्ने देखिएको रु</td><td>६५०,०००</td></tr>
<tr><td>१३१.२</td><td></td><td></td><td>त्यसैगरी बर्षको अन्तमा निकासा मात्र दिने मनसनायले विज्ञान प्रयोगशालाको लागि भनि निलकण्ठ मा. वि. लाई रु १००००००।- रकम निकासा गरेकोमा विज्ञान प्रयोगशाला स्थापना भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>१,०००,०००</td></tr>
<tr><td>१३२</td><td></td><td></td><td>निशुल्क पाठ्यपुस्तक<br><br>विद्यार्थिको संख्याको आधारमा निशुल्क पाठ्य पुस्तकको रकम निकासा गर्नुपर्नेमा कार्यालयले देहायका विद्यार्थिको लागि निम्नानुसार निकासा गरेकोमा रु७२१९८१।०० कुल निकासा गर्नुपर्नेमा रु ७७२०२७।०० निकासा गरेकोले वढि रकम असुल हुनुपर्ने रु.</td><td>५०,०४६</td></tr>
</table>

| भौ नं. मिति | निकासा रकम |
|---|---|
| १६०।७९।३।२१ | १९९८०५९ |
| १०२।७९।१।२६ | ५७३९६८ |
| | ७७२०२७ |

१३३

**तथ्याङ्कको सत्यापन र अनुगमन नभएको**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ मा प्रत्येक सामुदायिक विद्यालयहरुको प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा १२ सम्मका वालवालिकाको तथ्याङ्क लिई सत्यापन गर्ने र IEMIS मा प्रविष्ट तथ्यांकलाई स्थानीय तह अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि १२ विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सो का आधारमा निकासा दिनुपर्नेमा कार्यालयले Integrated Education Management Information System (IEMIS) तथ्याङ्कको आधारमा मात्र देहाय अनुसार निकासा दिएको छ। पालिकाले दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामाग्री खरिद, कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता जस्ता क्रियाकलापमा निकासा दिंदा तथ्याङ्कको आधारमा दिने गरेको छ। यसरी प्रविष्टि गरेको तथ्याङ्कको सत्यापन नगरी निकासा दिंदा खर्च विश्वसनिय हुन सकेको देखिदैन। तथ्याङ्कको यथार्थता यकिन नगरी निकासा दिने कार्य वन्द हुनुपर्दछ। साथै अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| १२२-०७९।२।२६ | बुक कर्नर स्थापना | २३८००० |
| १४२-०७९।३।१४ | शैक्षिक गुणस्तर सुधार एवं कार्य सम्पादनमा आधारित अनुदान | २००००० |
| ४७-०७८।११।२४ | SIP निर्माण | ३०५००० |
| ४७-०७८।११।२४ | सामाजिक परीक्षण | २१०००० |
| ४७-०७८।११।२४ | इन्टरनेट संचलन खर्च | २२८००० |
| ४७-०७८।११।२४ | प्राविधिक धार ल्याव सामग्री | २००००० |
| ४७-०७८।११।२४ | MGML | १५०००० |
| १०२-०७९।१।२६ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान | ५७३९६८ |
| १०३-०७९।१।२६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति | २०९६०० |

<table>
<tr><td>१३४</td><td>६३</td><td>२०७८-११-२६</td><td>

**कोभिड १९का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरण**

यस कार्यक्रम अन्तर्गत रु. ९९०००।०० खर्च भएको भनि शिक्षा अधिकृत पवित्रा शर्माको नाममा पेश्की फछ्यौंट गरेकोमा देहायका सामान वुझिएको भनि वुझिलिनेको नाम र विद्यालयको छाप वेगरको भर्पाइ संलग्न गरेको छ। तर सम्वन्धित विद्यालयको जिन्सी खातामा आम्दानी वाँधेको प्रमाण पेश हुनुपर्ने र सो प्रमाण पेश नभएमा असुल गर्नुपर्ने रु

<table>
<tr><td>विवरण</td><td>परिमाण</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>सावुन डिटोल</td><td>११५१</td><td>१४।८०</td><td>१७०३४</td></tr>
<tr><td>मास्क वेवी</td><td>१२०</td><td>१६०</td><td>१९२००</td></tr>
<tr><td>पेपर मास्क</td><td>१८७</td><td>१५४</td><td>२८७९८</td></tr>
<tr><td>सेनिटाइजर</td><td>१७</td><td>१३१२८</td><td>२२५७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>भ्याट सहित</td><td>९९०००</td></tr>
</table>

</td><td>९९,०००</td></tr>
<tr><td>१३५</td><td>१७८</td><td>२०७८-११-१</td><td>

**स्वागत गेट निर्माणमा दोहोरो भूक्तानि**

पालिकाको वडा नं २ मा स्वागत गेट निर्माण कार्य भनि रु.२६९०००/- भुक्तानी भएकोमा MS realing work भनि ३१४.७० किलो फलामको जडान समेतको रु.१६१.६३ का दरले मुल्यांकन गर्दा रु. ५०८६४।९६ भुक्तानी भएको छ। मूल्याँकनको सि नं २ मा ब्ल्याक पाइप भनि ५०५.७१ किलो फलामको छुट्टै मुल्यांकन गरेकोमा सोही स्थानमा प्रयोजन प्रष्ट नगरी दोहोरो पर्ने गरी भक्तानी दिएकोले रु.५०८६४/- असुल हुनुपर्ने रु.

</td><td>५०,८६४</td></tr>
<tr><td>१३६</td><td></td><td></td><td>

**आईसिटी व्यवस्थापन**

पालिकाले तयार गरेको शिक्षाको प्रगति विवरणमा २०७७।७८ सम्म १५ विद्यालयमा कम्प्युटर तथा ICT व्यवस्थापन भएको उल्लेख छ। पालिकाका ४ विद्यालयका लागि तिरु आ वि, बाराही प्रा वि, भिमसेनस्थान प्रा वि, अमरज्योती प्रा वि र मालिका प्रा विका लागि देहायअनुसारका ल्यापटप, प्रिन्टर र टिभी २०७९ असारमा किरण कम्प्यूटर सप्लायर्ससंग खरिद गरेको छ। तर कार्यालयले ८ थान ल्यापटप, ५ थान प्रिन्टर, ४ थान स्मार्ट टिभि (४३ इन्च) र इन्टरनेट खरिद गरे वापत किरण कम्प्युटर सप्लार्यसलाई रु. ७९९५००।- सोझै भुक्तानी गरेको छ। वार्षिक कार्यक्रम अनुसार समयमा खरिद नगरी वर्षान्तमा बजेट शून्य बनाउने गरी खरिद गरेको उचित देखिएन। सो को हस्तान्तरण फाराम रहेता पनि विद्यालयको दाखिला पेश हुनुपर्ने तथा सम्झौतामा Internet Connection With १ year Subscription समेत रहेकोले ईन्टरनेट जडान सम्बन्धमा पुष्ट्याई समेत पेश हुनुपर्ने रु

<table>
<tr><td>खरिद विवरण</td><td>परिमाण</td><td>रकम रु</td></tr>
<tr><td>Asus Celeron Laptop ४ GB RAM १२८ GB SSD १४"size</td><td>८</td><td>३१८५८४</td></tr>
<tr><td>Canon MF३०१० ३ in १ Printer</td><td>४</td><td>१४३८०५</td></tr>
</table>

</td><td>७०,७९६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>Wega ४३" Smart TV</td><td>४</td><td>१७४१५९</td></tr><tr><td>Internet Connection With १ year Subscription</td><td>४</td><td>७०७९६</td></tr><tr><td></td><td></td><td>७०७३४४</td></tr></table> | |
| १३७ | ९९ | २०७८-११-६ | **सहकारीको भवन निर्माण**<br><br>व्यक्तिगत फाइदा हुने वा नाफा मुलक संस्थाको लागि सार्वजनिक लगानी गर्नु हुदैन। पालिकाले यो वर्ष श्री देवि महिला सहकारी भवन निर्माण भनि इट्टाको गारो लगाउने, ढुंगा फिलिङ गर्ने, झ्याल ढोका वनाउने, पेन्टिङ गर्ने आदि कामको लागि आंशिक लागत अनुमान र कार्य सम्पन्न देखाएको छ। उक्त भवन वनेको जग्गा सार्वजनिक भएको प्रमाण पेश भएन। साथै उक्त जग्गा सहकारी संस्थाको नाममा भएमा सार्वजनिक लगानी वाट सर्वसाधारणलाई हुने फाइदाको वाँडफाँड एकिन नगरी नाफा मुलक एवं वचत तथा ऋण परिचालन गर्ने संस्थामा गरेको लगानी उपयुक्त नदेखिएकोले असुल गर्नुपर्ने रु. | ४४८,००० |
| १३८ | १०४ | २०७८-११-६ | **क्रिष्टियन धर्मावलम्वीको प्राथना घर**<br><br>क्रिष्टियन धर्मावलम्वीको प्राथना घर निर्माण भनी कन्टिन्जेन्सी वाहेक लागत अनुमान रु.६६५०७३.२ रहेकोमा रु.६६५०००/- भुक्तानी भएको छ। उक्त धर्मावलम्वीका लागि जग खन्ने, पिसिसि गर्ने, झ्याल ढोकाको चौकट राख्ने कार्य वापत रकम भुक्तानी गरेकोमा उक्त संरचना वनेको जग्गा सार्वजनिक हो होइन भनि खुलाएको पाइएन। तसर्थ उक्त संरचना वनेको जग्गा सार्वजनिक भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ६६५,००० |
| १३९ | | | **एउटै स्थानमा दुईवटा उपभोक्ता समिति मार्फत निर्माण कार्य**<br><br>पालिकाले तयार गरेको उपभोक्ता समिति परिचालन सम्वन्धि निर्देशिका र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिको गठन सम्वन्धी व्यवस्था अनुसार एउटै प्रकृतिको कार्य र एक स्थानका लागि एक भन्दा वढी उपभोक्ता समिति गठन गर्न मिल्दैन। कार्यालयले देहायको निर्माण कार्य एउटै स्थानमा गराउदा दुई वटा उपभोक्ता समिति गठन गरी निर्माण कार्य गराएको उपयुक्त देखिएन।<br><br><table><tr><td>भौ नं/मिति</td><td>योजना</td><td>उ.स. अध्यक्ष</td><td>भुक्तानी</td></tr><tr><td>१०९-७८/११/९</td><td>पञ्चलिङ्गे विद्यालय खेल मैदान</td><td>विर वहादुर लामा</td><td>६२२०००</td></tr><tr><td>९७-७८/११/६</td><td>पञ्चलिङ्गे आ वि घेरावार</td><td>हिर बहादुर तामाङ</td><td>३१४०००</td></tr></table> | |
| १४० | | | **फर्निचर खरिद**<br><br>शाखावाट फर्निचर खरिद वापत एन एस स्टील फर्निचर सेन्टरलाई रु.१४९६४०/- भुक्तानी दिएको छ। सो सामान हस्तानतरण नगरेको र भण्डारमा समेत देखिएन। उक्त फर्निचर विभिन्न विद्यालयमा वितरण गर्ने उद्देश्यले खरिद गरेकोमा अफिस दराज ३ थान, टेवुल २ थान, कुर्सी ५ थान, प्लास्टिक कुर्सी १५ थान रहेको छ। तसर्थ सो सामान विद्यालयहरुमा वितरण गरेको तथा विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | १४९,६४० |

| | | | | |
|---|---|---|---|---|
| १४१ | ९ | २०७८-१२-२८ | **तल्लो विमिरे सडक ढलान निर्माण**<br><br>कार्यालयले तल्लो घिमिरे सडक ढलान गरी निर्माणका लागि उपभोक्ता समितिलाई रु.१८३७०००/- भुक्तानी दिदा ढुंगा मिसिंएको माटो खनेको भनि प्रति घनमिटर रु.६३६.१३ का दरले ९९.२५ घनमिटरको रु.६३१३५/- भुक्तानी गरेको अवस्थामा Earth work filling भनि लागत अनुमान अनुसार १०१.२५ घनमिटर फीलिङ गरेको भनि रु.१४००/- का दरले रु.१४१७५०/- मुल्यांकन भएको छ । यस्तो अवस्थामा Back Filling को दरले मुल्यांकन गर्नुपर्नेमा चेनेज नखुलाई Earth work filling रकम भुक्तानी दिएकोले मानिस वाट व्याक फिलिङ गरेको प्रतिघनमिटरमा ०.२५ मानिस दिनको दरले जिल्ला दररेट रु.७७२/- का दरले हुन आउने रु.१९३/- का दरले १०१.२५ घनमिटरको रु.१९५४१/- मात्र भुक्तानी दिनुपर्नेमा वढि रु.१२२२०९/- भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | १२२,२०९ |
| १४२ | २९९ | २०७९-३-२४ | **गोरखकाली ढाड चिप्ले ढुंगा सडक निर्माण**<br><br>गोरखकाली ढाड चिप्ले ढुंगा सडक निर्माण कार्य वापत उपभोक्ता समितिलाई रु.१७६०००/- भुक्तानी गरेकोमा चेनेज खुलेको विवरण र नापि किताव नराखेकोले निर्माण कार्यको विश्वसनियता देखिएन । | |
| १४३ | ९ | २०७९-३-२१ | **निलकण्ठ माविको खेलमैदान तथा पुर्वाधार निर्माण**<br><br>प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनस्थापना साझेदारी कार्यक्रमवाट निलकण्ठ माध्यामिक विद्यालयको खेल मैदान तथा पुर्वाधार निर्माण भनि रकम विनियोजन भएकोमा कार्यालयले सिलिङमा प्लाइउड राख्ने, पेन्टिङ र सिलिङको पाइप, पहिलेको फल्स सिलिङ मर्मत वत्ति मर्मत, कक्षाकोठाको नाम लेख्ने कार्य वापत रु ४५९०००।०० खर्च लेखेको छ । यसरी पुर्वाधार निर्माण गर्नुपर्नेमा मर्मत र रङरोगनको कार्य गरेको उपयुक्त नदेखिएकोले उक्त कार्य नियन्त्रण हुनुपर्दछ। | |
| १४४ | २९८ | २०७९-३-२४ | **जिन्सी दाखिला नभएको**<br><br>श्रेष्ठ फर्निचर ट्रेडर्सलाई रु. ४९२११५।- को फर्निचर सामाग्री खरिद वापत भुक्तानी दिएकोमा सो सामान निलकण्ठ मा.वि., नवविजयी मा.वि., डाँडागाउँ मा.वि.को लागि खरिद गरेकोमा सम्बन्धित विद्यालयमा हस्तान्तरण गरेको र विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश नभएकोले हस्तान्तरण गरी सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | ४९२,११५ |
| १४५ | | | **अपुर्ण लागत अनुमान** | |
| १४५.१ | ११ | २०७९-३-२३ | पालिकाले संरचना निर्माण गर्दा पुरा संरचनाको लागत अनुमान तयार गरी एक वर्षिय एवं वहुवर्षिय रुपमा योजना प्राथमिकिकरण गरी संचालन गर्नुपर्नेमा भुमेदेवि पुस्तकालय भवन निर्माण भनि भवनको १ तला ढलान मात्र गरी अरु महत्वपुर्ण भाग जस्तै झ्यालढोका निर्माण, ढोकाहरु छुट्याउने र गाह्रो लगाउने इलेक्ट्रीफिकेशन स्यानिटरी लगाएतको कार्य छुट्याई रु.२०००१८२/-लागत अनुमान गरी रु.१९९८१००/- को सम्पन्न लेखी रु.१८३८१००/- उपभोक्तालाई भुक्तानी दिएको छ । निर्माण कार्य गर्दा वहुवर्षिय योजनाको रुपमा संचालन हुने योजनाको लागि छुट्टै एकमुष्ट लागत अनुमान र परिमार्जन समेत गरी गर्न सकिनेमा कार्यालयले महत्वपुर्ण भाग छुट्याई लागत अनुमान गर्ने र साविककव संरचना नखुलाउने अवस्था नियन्त्रण हुनुपर्दछ । | |
| १४५.२ | | | योजना संचालन गर्दा उपभोक्तालाई सामान खरिद गर्नुपर्ने परिमाणको बारेमा जानकारी दिने, निर्माणको क्रममा प्रयोग भएको सामानको परिमाण सम्वन्धमा चेक लिस्ट दिई दैनिक प्रयोग भएको परिमाण यकिन गरेको छैन । यस्तो अवस्थामा गुणस्तर नियन्त्रण कार्य कमजोर हुन पुग्दछ । तसर्थ कार्य मुल्यांकन भएको सामानको परिमाण र उपभोक्ताले ल्याएको सामानको परिमाण समान हुने अवस्था हुनुपर्दछ । तर यस निर्माण कार्यमा कार्यालयले ३८८ बोरा सिमेन्ट लाग्ने गरी सिमेन्टकव मुल्यांकन गरेकोमा उपभोक्ताले जम्मा २७० बोरा मात्र खरिद गरेको विल पेश गरेकोले घटी ११८ बोरा सिमेन्टको मुल्यांकन दर रु१०२०/- का दरले हुने रु.१२०३६०/- असुल हुनुपर्ने रु | १२०,३६० |
| १४६ | | | **आयुर्वेद औषधि खरिद** | |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) गर्न सकिने व्यवस्था छ । । पालिकाले यस वर्ष बोलपत्र र कोटशन मार्फत रु...१९५७९०३।०० को औषधि खरिद गरेको छ । औषधी सामाग्रीको अभिलेख पेश नभएकोमा लेखापरीक्षणको क्रममा फाँटवारीबाट देखिएका औषधि सामाग्री खरिद देहायअनुसार रहेका छन् । आयुर्वेद औषिध खरिद कार्य गर्दा प्याकेजिंग गरी खरिद गर्नु पर्दछ ।

| | भौ नै | विवरण | आपूर्तिकर्ता | खर्च रु | ओषिध प्रकार | |
|---|---|---|---|---|---|---|
| सशर्त | ४३।०७८।१०।९ | आयुर्वेद औषधि खरिद | कान्तिपुर आयुर्वेद सप्लायर्स | ४७६६६० | ३० औषधिक | ४ वटा विल |
| सशर्त | ६४।०७८।११।२६ | आयुर्वेद शिविर संचालन | कुल राज आयुर्वेद | ३४८३२५ | ३८ प्रकारको औषधि | ११।२८ शिविर संचालन खर्च ६९।७८।११।३० १५०००० |
| सशर्त | ७६।०७८।१२।६ | आयुर्वेद औषधि खरिद | गौतम आयुर्वेद फर्मा | ३९३१८७ | ६ प्रकारका | चैत्र ११ देखि १५<br>९१।७८।१२।३०रोग प्रतिरोधी औषधि वितरण |
| सशर्त | १२६।०७९।३।२ | आयुर्वेद औषधि खरिद | प्राकृतिक हर्बास्युटिकल्स प्रा. लि. | ४९३१२५ | २३ प्रकारका | |
| गापा | ५४५।०७९।३।२० | आयुर्वेद औषधि खरिद | गौतम आयुर्वेद फर्मा | ४६८५० | | आयुर्वेद औषधि शिविर |
| गापा | ४८३।०७९।३।९ | आयुर्वेद औषधि खरिद | कुल राज आयुर्वेद | ९९९४५ | | गाउँघर क्लिनिक |
| गापा | ५४६।०७९।३।२ | आयुर्वेद औषधि खरिद | कुल राज आयुर्वेद | ४९८७५ | | कोभिड १९ को महामारी नियन्त्रण तथा रोकथामको लागि प्रतिरोधात्मक बृद्धी गर्ने जनचेतनामुलक तथा औषधी |
| गापा | १२५।०७८।११।१२ | | ओशोपथ आयुर्वेद फर्मा देव सर्जिट्रेड कन्सर्न | ४९९३६ | | प्राथमिक उपचार तथा सर्जिकल उपकरण खरिद |
| गापा | | | | १९५७९०३ | | |

**आयुर्वेद औषधि मौज्दात** औषधि वितरणको औषधि अनुसार अभिलेख नराखेको तथा शिविर सञ्चालनमा समेत खर्च गरेको एकिन अभिलेख नराखेकोले औषिध विवरण व्यवस्थित गरेर मात्र खर्च जनाउनु पर्दछ । औषिध वितरण गर्दा विरामीको विवरण तथा पहिचान खुल्ने गरेर मात्र औषधि वितरण गर्नु पर्दछ । आयुर्वेद शाखाबाट यस वर्ष रु १९ लाख ५८ हजारको औषधि खरिद भएकोमा वर्ष भरिमा विरामी संख्या तथा चेकअप गरेको संख्या खुलेने गरि अभिलेख राखेको देखिएन । उक्त प्रमाणहरु वेगर खरिद गरेका औषधि वितरण मात्र देखाएको उचित देखिएन । आयुर्वेद औषधि खरिद तथा वितरण तर्फ पालिकाले आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

<table>
<tr><td></td><td></td><td></td><td>खरिद भएका सबै औषिधहरु वितरण भएको जनाई देहाय अनुसार मात्र औषिध बाँकी रहेको देखाएकोले नियन्त्रण, खरिद र वितरण विश्वस्नीय देखिएन।
<table>
<tr><td>२०७९ असार मसान्तमा बाँकी</td><td>परिमाण</td></tr>
<tr><td>महायोगराज गुगुल १०० ग्राम</td><td>२</td></tr>
<tr><td>योगराज गुगुल १०० ग्राम</td><td>५</td></tr>
<tr><td>अभिपतिकर चूर्ण ५ ग्रामको</td><td>२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४७</td><td></td><td></td><td>सेनिटरी प्याड वित्तरण र मेशिन<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९। १२।२३ को निर्णयबाट रु. ५७५२५०।- सम्परीक्षण गरिएको।)</td><td>०</td></tr>
<tr><td>१४८</td><td>६९</td><td>२०७८-१०-२३</td><td>दियालेकुना सडक निर्माण<br><br>लागत अनुमान तयार गर्दा वास्तविक लागत परिमाणको आधारमा अनुमान तयार गर्नुपर्दछ। कार्यालयले दियालेकुना सडक निर्माण गर्दा कुल २०० मिटर सडक निर्माण गर्दा कुल परिमाण १४३५ घनमिटर खनेकोमा BMS १४३.५० घनमिटर मात्र राखी कडा चट्टान ५४.१६, मध्यम चट्टान १२३७.३४ घनमिटर दिएकोले चट्टानको मात्रा ८७.१६ प्रतिशत रहेको छ। संलग्न फोटोको अवस्था हेर्दा उक्त स्थानमा सो परिमाणको ढुंगा रहेको देखिदैन। तसर्थ सम्पुर्ण कार्यको पुनः निरिक्षण र अनुगमन गरी प्राविधिक प्रतिवेदन वाट उक्त परिमाण कार्य भएको पुष्टी हुने प्रमाण पेश हुनुपर्ने रु</td><td>६२८,०००</td></tr>
<tr><td>१४९</td><td></td><td></td><td>औषधी खरिद<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष रु ४९९५६२८।०० का औषधि सोझै खरिद गरेको छ। औषधी सामाग्रीको अभिलेख पेश नभएकोमा लेखापरीक्षणको क्रममा फाँटवारीबाट देखिएका औषधि सामाग्री खरिद देहायअनुसार रहेका छन्। पालिकाले खरिद नियमावली बमोजिम प्रतिस्पर्धि रुपले खरिद कार्य गर्नु पर्दछ।
<table>
<tr><td>शिर्षक</td><td>भौ नं</td><td>कार्यक्रम</td><td>आपूर्तिकर्ता</td><td>रकम रु</td></tr>
<tr><td></td><td>४९।७८।१०।२५</td><td>पिएन सी होम भिजिट औषधि खरिद</td><td>त्रिशुली साईन्टिफिक कन्सर्न प्रा लि</td><td>२८९२०</td></tr>
<tr><td>सशर्त चालु</td><td>२७।०७८।९९</td><td>अत्यावश्यक औषधि खरिद</td><td>क्याण्डेला मेडि कन्सर्न</td><td>१२२४८७०</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश चालु | २७।७९।३।२३ | एक विद्यालय एक नर्स कार्यक्रम संचालन निरन्तरता | गोसाईकुण्ड मेडिसिन सप्लायर्स | २३७४२८ | |
| | | | गापा चालु | ५६९।०७९।३।१२ | अत्यावश्यक औषधि खरिद | मेडिगोल्ड इन्टरनेशनल प्रा.लि | १९९९१४८ | |
| | | | सशर्त चालु | १३७।०७९।३।१२ | मातृ तथा नवशिशु कार्यक्रम | सेतीदेवी मेडिसिन सप्लायर्स | १६६०० | |
| | | | सशर्त चालु | | न्यानो झोला खरिद | गोसाईकुण्ड मेडिसिन सप्लायर्स | ९९८९२ | |
| | | | गापा पूजि | २७९।०७९।३।२१ | पोर्टेबल यु एस जि मेसिन खरिद | आर एन ट्रेड कन्सर्न | ४९६०७० | |
| | | | गापा पूजि | २७१।०७९।३।२२ | आँखा केन्द्र स्थापना संचालन औजार उपकरण खरिद | गोसाईकुण्ड मेडिसिन सप्लायर्स | ८९२७०० | |
| | | | | जम्मा | | | ४९९५६२८ | |

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः • आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधिको गुणस्तर सम्बन्धमा उल्लेख नभएको

• बाह्य संस्थाबाट सामाग्रीहरु प्राप्त हुने गरेकोमा सोको दाखिला तथा अभिलेख राखेको पाईएन।

• बाह्य संस्था तथा संघीय र प्रदेश कार्यालयहरुबाट म्याद सकिन लागेका औषिधहरु बुझ्ने गरेकोले १८ महिना म्याद सहितको औषिध मात्र लिनु पर्ने र सोको अभिलेख व्यवस्थित राख्नु पर्दछ।

• स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन।

• औषधि निकासा गर्दा FIFO Method प्रणाली अपनाएको देखिएन।

• असारमा बढी औषधि खरिद गर्ने गरेको पाईयो।

• पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ। स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ। पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| | | | | |
|---|---|---|---|---|
| १५० | २९५ | २०७९-३- | **मिनिटिलर अनुदान** | ० |

| | | | | |
|---|---|---|---|---|
| | | २३ | ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९। १२।२३ को निर्णयबाट रु.७८७५०० ।- सम्परीक्षण गरिएको ।) | |
| १५१ | | | **लागत सहभागिता**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेकोमा कतिपय आयोजनामा ५ प्रतिशत मात्र लागत सहभागिता गरेको खेखियो। यस जिल्लाका कतिपय पालिकामा २० प्रतिशत सम्म लागत सहभागिता रहेकोमा यस पालकामा न्यून हूंदा सार्वजनिक निर्माणको लागत बढेकोले लागत सहभागिता बढि रहेका आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |
| १५२ | | | **प्राविधिक बिल र कार्य सम्पन्न**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार खुलाउनुपर्ने तथ्य उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल कार्य सम्पन्न प्रतिवेदन बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। | |
| १५३ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| भौ नं।मिति | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ७।७९।३।१९ | काल्सुङ कोदोखर्क करुमर्याङ सडक निर्माण | २२९९००० | सिपोन कन्स्ट्रक्सन ले ५३४ घण्टा जेसिवि प्रयोग गरेको विल संलग्न तर उपभोक्ताले डोर हाजिर समेत पेश गरेको |

| | | | |
|---|---|---|---|
| १५।७९।२।३१ | ढुङ्गे खेल मैदान निर्माण | १८३२००० | रसुवागढी कन्स्ट्रक्सन ०२३।७९।२।१८ (६०६७१८४४८) को विल प्रयोग |
| १४९।७८।१२।२ | डाँडागाउँ खेलमैदान निर्माण उस | ८६२७ | जेसिवि प्रयोग |
| १६९।७८।१२।२४ | करुमर्याङ सडक मर्मत उपभोक्ता समिति | १४९०७५ | नमोबुद्द निर्माण सेवाको ०२५।७८।१२।८ विल |
| १७५।७८।१२।२४ | चुच्चे ढुंगा मोड उस | १३३००० | नव जानुकादेवि कन्स्ट्रकसन एण्ड सप्लायर्स |
| १८७।७८।१२।२५ | काम्लुङ कृषि सडक निर्माण उ स | ६४५००० | पिएलएस कन्स्ट्रक्सन ६०३४२५२३५ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ।

१५४ **खानेपानी योजना**

खानेपानी संरचना निर्माणका लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नुवाकोटले यस जिल्लाका समेत विभिन्न स्थानमा खानेपानी संरचना निर्माण गरी स्वच्छ खानेपानी उपलब्ध गराउन विभिन्न आयोजना संचालन गर्ने गरेको छ। तर यस पालिकाले सो कार्यालयसँग कुनै समन्वय नगरी एकै स्थानमा दोहोरो योजना संचालन हुन सक्ने नसक्ने यकिन नगरी देहायका योजनामा खानेपानी योजना भनी उपभोक्ता समितिबाट काम गराई भुक्तानी गरेको, खानेपानी योजनाको मुहानदेखि वितरण लाइनसम्मको चेनेज स्पष्ट नलेखेको लगायतबाट खानेपानी सम्बन्धी योजनाहरुको निर्माण उपयुक्त छ भन्न सक्ने अवस्था देखिएन।उदाहरणका लागि देहायका योजना रहेका छन्:

| | | | |
|---|---|---|---|
| ३।०७९।०३।०२ | लाकुरीबोट खानेपानी निर्माण | ४५६००० | प्रदेश पूर्वाधार |
| ११।०७९।०३।२१ | तल्लोछाप खानेपानी योजना | ४५८००० | प्रदेश पूर्वाधार |
| ७२।०७८।१०।२४ | नौविसे नयाँवस्ती खानेपानी योजना | ७१८००० | पालिका पूँजिगत |

१५५ **सिंचाइ योजना**

सिंचाइ योजना निर्माणका लागि खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय, रसुवाले यस जिल्लाका समेत विभिन्न स्थानमा सिंचाई तथा तटबन्ध संरचना निर्माण गरी सिंचाइ आयोजना संचालन गर्ने

<table>
<tr><td></td><td></td><td></td><td>गरेको छ। तर यस पालिकाले सो कार्यालयसँग कुनै समन्वय नगरी एकै स्थानमा दोहोरो योजना संचालन हुन सक्ने नसक्ने यकिन नगरी देहायका योजनामा सिंचाइ योजना भनी उपभोक्ता समितिबाट काम गराई भुक्तानी गरेको, सिचाइ योजनाको शुरु विन्दु देखि अन्त्य सम्मको चेनेज स्पष्ट नलेखेको लगायतबाट सिंचाइ सम्बन्धी योजनाहरुको निर्माण उपयुक्त छ भन्न सक्ने अवस्था देखिएन।उदाहरणका लागि देहायका योजना रहेका छन्:
<table>
<tr><td>गो.भौ नं.मिति</td><td>योजनाको नाम</td><td>खर्च रकम</td><td>कैफियत</td></tr>
<tr><td>९।०७९।०३।१९</td><td>जमरीछाप सिंचाइ आयोजनामा कुलो निर्माण</td><td>९१७०००</td><td>प्रदेश पूर्वाधार</td></tr>
<tr><td>४५।०७८।१०।५</td><td>काभ्रे खोलादेखि सिंचाइ निर्माण</td><td>१७८०००</td><td>पालिका पूँजिगत</td></tr>
<tr><td>४७।०७८।१०।५</td><td>काभ्रे खोलादेखि चौतारा सम्म सिंचाइ कूलो निर्माण</td><td>१७८०००</td><td>पालिका पूँजिगत</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५६</td><td></td><td></td><td>प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनस्थापना साझेदारी कार्यक्रम<br><br>प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनस्थापना साझेदारी कार्यक्रमका लागि रु. ८२०९५००।- खर्च भएकोमा वर्षको अन्त अर्थात आषाढ महिनामा भएको छ । यसरी कार्ययोजना बनाई समयमा खर्च गर्नुपर्नेमा वर्षको अन्तमा मात्र खर्च गरेको उपयुक्त देखिएन।</td><td></td></tr>
<tr><td>१५७</td><td></td><td></td><td>पेश्की वाँकी<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्र्यौट भई पेश भएको आधारमा मिति २०७९। १२।२३ को निर्णयबाट रु. २१२०००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१५८</td><td></td><td></td><td>राजस्व दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ को उपदफा २ बमोजिम दाखिला हुन ढिलो भएको अवस्थामा १० प्रतिशत जरिवाना सहित असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा तालमेल भए नभएको सम्बन्धमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५९</td><td></td><td></td><td>राजस्व अभिलेख<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १६० | | | **राजस्व दाखिला नभएको**<br><br>यस गाउँपालिकाको वडा नं ५ को राजस्व असुली गरी रु २६९१३।०० दाखिला हुन वाँकी देखिएकोले उक्त रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ को उपदफा २ बमोजिम दाखिला हुन ढिलो भएको अवस्थामा १० प्रतिशत जरिवाना सहित असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेकोले सो अनुसार १० प्रतिशत जरिवाना थप गरी रु२९६०४।०० असुल हुनुपर्ने रु | २९,६०४ |
| १६१ | | | **सामाजिक सुरक्षा भत्ता वितरण**<br><br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्दछ। सामाजिक सुरक्षामा यस वर्ष रु. ४३०१६७८५।-निकासा भएकोमा रु ४३०११९९६।०० खर्च भई रु ४७८८।०० मात्र फिर्ता भएको जनाएको छ । यसरी जति व्यक्ति MIS प्रणालीमा भएका सवैले रकम वुझ्न सक्ने अवस्था मृत्य तथा वसाईसराइको कारणले नहुन सक्छ ।व्यक्तिगत घटना दर्ताको प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन नसकेकोले यस वारे यकिन हुन सकिएन । सामिजक सुरक्षा भत्ता वितरण वारेमा देखिएका व्यहोराहरु निम्नानुसार छन्। • सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची ३ बमोजिम लक्षित समूह अनुसार छुट्टा छुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत ५ वडा रहेकोमा फोटो सहित रजिस्टरमा अभिलेख अद्यावधिक गरी राखेको छैन ।<br><br>o त्यसै गरी बैकबाट भत्ता वित्तरण भई फिर्ता भएको व्यक्तिको नामावलीको कैफियत अनुसार चेक जाँच गरी लगत कट्टा गरी अद्यावधिक नामावली बैकमा पठाउनु पर्नेमा सो नगरी बैंकमा पठाउने गरेको देखिएकोले नियमावलीले तोके बमोजिमको लाभग्राहीको लगत कट्टा गरी लगतमा रहेका लाभग्राहीको अभिलेख फोटो तथा नागरिकता सहित अद्यावधिक गरी राख्नु पर्दछ।<br><br>o सामाजिक सुरक्षा भत्ता वित्तरण सम्बन्धमा पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ को परिच्छेद ७ बमोजिम देहायमा उल्लेख गरे अनुसार गर्नुपर्ने मा सो अनुसार नगरेकोले कार्यविधिमा तोकिए अनुसार दफा ३१ बमोजिम सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यक्रममा भएको निकासा तथा खर्चको चौमासिक रुपमा समिक्षा गर्नुपर्ने मा गरेको छैन ।<br><br>o गाउँपालिकाको भत्ता वितरणमा लाभग्राहीहरुको व्यक्तिगत घटना दर्ता संग MIS प्रणालीमा स्वतह अन्तरसम्वन्ध नहुने हुनाले तथा कार्यालयको लेखापरीक्षणको क्रममा घटना दर्ताको विवरण प्राप्त नभएकोले वास्तविक सामाजिक सुरइ भत्ता पाउने व्यक्तिहरुको वारेमा यकिन हुन सकिएन ।<br><br>o दफा ३४ बमोजिम पालिका तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने मा सार्वजनिक सुनुवाई भएको पाइएन । | |
| १६२ | | | **विपद् व्यवस्थापन कोष**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.८१०१६३।०० आम्दानी भई खर्च नभइ गरी बाँकी रु. ८१०१६३।०० देखिन्छ । | |
| १६३ | | | सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्ष लेखापरीक्षणको क्रममा रु १४९०१२०।२२ सम्परीक्षण गरीएको छ । | |

| आ व | दफा | व्यहोरा | रकम | व्यहोरा |
|---|---|---|---|---|
| २०७४।७५ | ३९ | जनक आचार्यको पारिश्रमिक कर रु १०५००।०० वेरुजु शिर्षक १५१११ मा दाखिला | १०५०० | बैंक दाखिला |
| २०७६।७७ | ३९ | बहाल कर आन्तरिक राजश्व खातामा जम्मा गरेकोमा केन्द्रीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने मा सोही बहाल कर शिर्षक ११६३१ मा दाखिला गरेको | ३४१२४७ | बैंक दाखिला |
| | | बजेट खर्च लेखि उक्त शिर्षकमा बैंक दाखिला गरेको | | |
| २०७६।७७ | ४० | जनश्रमदान वापत कट्टा गरेको रकम संघिय संचित कोषमा फिर्ता नगरेको वेरुजु १५१११ मा दाखिला | ११२१२४५।०६ | बैंक दाखिला |
| २०७६।७७ | ५५ | एस के ईन्जिनियरिंगको हर्जाना रु १७१२८।१६ वेरुजु शिर्षक १५१११ मा दाखिला | १७१२८।१६ | बैंक दाखिला |
| | | | १४९०१२०।२२ | |